महिलामाथि हुने हिंसाको यथार्थता

# अन्वेषी

२०७८

# अन्वेषी

## महिलामाथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन

## सारांश प्रतिवेदन

२०७८

ओरेक

बालकुमारी, ललितपुर

अन्वेषी
२०७८

# अन्वेषी

**महिलामाथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन सारांश प्रतिवेदन, २०७८**

**© महिला पुनर्स्थापना केन्द्र (ओरेक), २०७८**

यस प्रतिवेदनमा समावेश भएका विषयवस्तुहरु महिला हिंसाविरुद्धका लागि गरिने कुनै पनि अभियान तथा पैरवीमूलक प्रयोजको निम्ति स्रोत खुलाई प्रयोग गर्न सकिने छ ।

सम्पादन : दुर्गा कार्की
लेखन तथा विश्लेषण : निर्मला के.सी. ⁄ लुभराज न्यौपाने
संयोजन : निर्मला के.सी.
तथ्याङ्क प्रशोधन : दुर्गा सिजापति
आर्थिक सहयोग : MISEREOR IHR HILFSWERK

**प्रकाशन**
महिला पुनर्स्थापना केन्द्र (ओरेक)
पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल
Email : ics@worecnepal.org
Website : www.worecnepal.org
ISBN : 978-9937-0-9881-6

**साजसज्जा**
पेन्टाग्राम प्रा. लि.
+९७७ १ ५५४८१८०
business.pentagram@gmail.com

# विषय-सूची


**परिच्छेद १: परिचय** १
१.१ नेपाली समाजमा महिलाविरुद्धको हिंसा १
१.२ अन्वेषी : महिलामाथि हुने हिंसाको यथार्थ ४
१.३ घटना संकलन अवधि र क्षेत्र ५
१.४ अध्ययनको सीमा ५
१.५ अध्ययन विधि ६

**परिच्छेद २: कार्यगत परिभाषा र कार्यकारी सारांश** ८
२.१ कार्यगत परिभाषा ८
क) हिंसाका प्रकार ८
ख) प्रभावित/पीडकको वैवाहिक स्थिति १०
ग) प्रभावित/पीडकका समूहहरू १०
घ) प्रभावित/पीडकका पेशाहरू ११
ङ) प्रभावितलाई परेका असरहरू ११
च) प्रभावित/पीडकको उमेर ११
२.२ कार्यकारी सारांश अध्ययनबाट प्राप्त नतिजा सङ्क्षेपमा १२
२.१.१ भौगोलिक क्षेत्र अनुसार महिलामाथि भएको हिंसाको स्थिती १२
२.१.२ हिंसाका प्रकारको विश्लेषण १२
२.१.३ उमेर समूह र महिलामाथि हुने हिंसा १५
२.१.४ शिक्षा र महिलामाथि हुने हिंसा १६
२.१.५ वैवाहिक अवस्था र महिलामाथि हुने हिंसा १६
२.१.६ पेशा र महिलामाथि हुने हिंसा १६
२.१.७ महिलामाथि हुने हिंसाका असरहरू १७
२.१.८ जातीयताका आधारमा महिलामाथि हुने हिंसा १७
२.१.९ पीडक र प्रभावितको सम्बन्ध १७

**परिच्छेद ३: महिलामाथि हुने हिंसा अन्त्यका लागि भएका प्रयास तथा प्रावधानहरु** १८

**परिच्छेद ४: महिलामाथि भएको हिंसाका प्राप्त परिणाम र विश्लेषण** २३
४.१. महिलामाथि भएको हिंसाको अवस्था र विश्लेषण २३
४.१.१ भौगोलिक क्षेत्र अनुसार महिलामाथि भएको हिंसाको स्थिति २३
४.१.२ महिला हिंसाका प्रकार २४
४.१.३ महिलामाथि हुने हिंसा र उमेर २६
४.१.४ महिला हिंसा र शिक्षा २८

४.१.५ वैवाहिक स्थिति र महिलामाथि हुने हिंसा ३०
४.१.६ प्रभावितको जातीयता ३२
४.१.७ प्रभावित र पीडकबीचमा रहेको सम्बन्ध ३३
४.१.८ महिलामाथि हुने हिंसा र पेशा/व्यवसाय ३४
४.१.९. महिलामाथि हुने हिंसाका कारण महिलामा परेका असरहरू ३६

परिच्छेद ५: घरेलु हिंसा ३८
५.१ महिला र घरेलु हिंसा ३८
५.२ घरेलु हिंसाभित्रका स्वरूपहरू ३९
५.३ घरेलु हिंसाका प्रकारहरू ४०
५.४ घरेलु हिंसाका पीडकसंगको सम्बन्ध ४१
५.५ प्रभावितको वैवाहिक अवस्था ४२
५.६ प्रभावितको उमेर र घरेलु हिंसा ४२
५.७ प्रभावितको शिक्षाको स्तर र घरेलु हिंसा ४३
५.८ प्रभावितको जात/जातीयता र घरेलु हिंसा ४५
५.९ प्रभावितको पेशा र घरेलु हिंसा ४५
५.१० प्रभावितलाई परेको असर ४६
घटना नं १ (शारीरिक हिंसा) ४९
घटना नं २. (वैवाहिक वलात्कार) ५१

परिच्छेद ६: सामाजिक हिंसा ५२
६.१ महिला र सामाजिक हिंसा ५२
६.२ सामाजिक हिंसाका परिणाम र विश्लेषण ५३
६.३ सामाजिक हिंसाका पीडकका प्रकार ५४
६.४ प्रभावितको वैवाहिक अवस्था ५४
६.५ प्रभावितको उमेर र सामाजिक हिंसा ५५
६.६ प्रभावितको शिक्षाको स्तर र सामाजिक हिंसा ५६
६.७ प्रभावितको जात/जातीयता र सामाजिक हिंसा ५६
६.८ प्रभावितको पेशा र सामाजिक हिंसा ५७
६.९ सामाजिक हिंसाका कारण प्रभावितमा परेको असर ५८
घटना नं ३. (बोक्सीको आरोपमा कुटपिट ६०
घटना नं ४ (बालविवाह) ६२

परिच्छेद ७: बलात्कार ६४
७.१ बलात्कार ६४
७.२ बलात्कार आरोपितसँगको सम्बन्ध ६६
७.३ बलात्कार प्रभावितको उमेर ६७
७.४ बलात्कार प्रभावितको शैक्षिक अवस्था ६८

| | |
|---|---|
| ७.५ प्रभावितको जात/जातीयता | ६८ |
| ७.६ प्रभावितको पेशा | ६९ |
| ७.७ बलात्कार र आरोपितको उमेर | ७० |
| घटना नं ५ (सामुहिक बलात्कार) | ७२ |
| घटना नं ६ (बलात्कार) | ७४ |
| **परिच्छेद ८: यौनिक हिंसा** | **७५** |
| ८.१ यौनिक हिंसा | ७५ |
| ८.२ प्रभावितको उमेर र यौनिक हिंसा | ७६ |
| ८.३ यौनिक हिंसाका पीडकका प्रकार | ७७ |
| ८.४ प्रभावितको शैक्षिक योग्यता | ७८ |
| ८.५ प्रभावितको जात/जातीयता | ७९ |
| ८.६ प्रभावितको पेशा | ७९ |
| ८.७ प्रभावितलाई परेको असर | ८० |
| घटना नं ७ (यौनिक हिंसा) | ८२ |
| घटना नं ८ (यौन हिंसा) | ८३ |
| **परिच्छेद ९: हत्या** | **८४** |
| ९.१ हत्या | ८४ |
| ९.२ प्रभावितको उमेर र हत्या | ८५ |
| ९.३ हत्या र पीडकको प्रकार | ८६ |
| ९.४ प्रभावितको शैक्षिकस्तर र हत्या | ८७ |
| ९.५ प्रभावितको जात/जातीयता र हत्या | ८८ |
| ९.६ प्रभावितको वैवाहिक अवस्था र हत्या | ८९ |
| ९.७ प्रभावितको हत्या र पेशागत अवस्था | ८९ |
| घटना नं ९ (हत्या) | ९१ |
| **परिच्छेद १०: बेचबिखन तथा ओसारपसार** | **९२** |
| १०.१ बेचबिखन तथा ओसारपसार | ९२ |
| १०.२ बेचबिखनको अवस्था | ९३ |
| १०.३ बेचबिखन र उमेर | ९४ |
| १०.४ बेचबिखन र पीडकसँगको सम्बन्ध | ९४ |
| १०.५ बेचविखन र प्रभावितको वैवाहिक अवस्था | ९५ |
| घटना नं १० (मानव बेचविखन तथा ओसारपोसार) | ९७ |
| **परिच्छेद ११: आत्महत्या** | **९९** |
| ११.१ आत्महत्याको अवस्था | ९९ |
| ११.२ आत्महत्या र उमेर | ९९ |

११.३ आत्महत्या र वैवाहिक अवस्था १००
११.४ आत्महत्या र शैक्षिक अवस्था १०१
११.५ आत्महत्या र पेशागत अवस्था १०२
घटना नं ११ (आत्महत्या) १०४

परिच्छेद १२: आरोपित १०५
१२.१ महिला हिंसा र आरोपितको लैङ्गिक विवरण १०५
१२.२ महिला हिंसा र आरोपितको उमेर समूह १०६
१२.३ महिला हिंसा र आरोपितको वैवाहिक अवस्था १०७
१२.४ महिला हिंसा र आरोपितको पेशा १०८
१२.५ महिला हिंसा र आरोपितको जात/जातीयता विवरण १०९

परिच्छेद १३: मानवीय संकट र महिलामाथि हुने हिंसा (कोभिड १९) १११
१३.१. हिंसाको प्रकार ११३
१३.२. हिंसा प्रभावित र उमेर ११४
१३.३. आरोपित र प्रभावितसंगको सम्बन्ध ११५
१३.४. आरोपित व्यक्ति र उमेर ११६

परिच्छेद १४: सञ्चार अनुगमन ११८
१४.१ पत्रपत्रिकामा प्रकाशन भएका महिला हिंसाका घटनाको मासिक विवरण ११८
१४.२ मासिक विवरण ११९
१४.३ पत्रपत्रिकामा प्रकाशित भएका महिला हिंसाको प्रदेश अनुसारको स्थिति १२०

परिच्छेद १५: ओरेकले प्रभावितलाई गरेको सहयोगको विवरण १२१
१५.१ ओरेकले प्रभावितलाई गरेको सहयोगको विवरण १२१
१५.२ ओरेकको हटलाइन सेवामार्फत सम्पर्कमा आएका महिला हिंसाका घटनाहरू १२३

परिच्छेद १६: सार्वजनिक स्थानमा हुने महिला हिंसा १२५
१६.१ हिंसा भएका सार्वजनिक स्थान १२६
१६.२ सार्वजनिक स्थानमा हिंसा गर्ने आरोपित १२७
१६.३ हिंसा भएको समय १२८
१६.४ प्रभावितको प्रतिक्रिया १२९
१६.५ सहनु वा चुप लाग्नुको कारण १३०
१६.६ घटना भएको थाहा भएपछि परिवारको प्रतिक्रिया १३१
घटना नं १२ सार्वजनिक स्थान (बाटो) मा भएको हिंसा १३४
घटना नं १३ सार्वजनिक यातायातमा भएको दुर्व्यवहार १३५

निष्कर्ष र सुझावहरू १३६

राष्ट्रिय महिला आयोग
National Women Commission
भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:-
च.नं.:-

मिति: २०६८/०७/२८

शुभकामना मन्तव्य

महिलामाथि हुने हिंसा विश्वव्यापी जटिल समस्याको रुपमा विद्यमान छ । समाजमा सदियौंदेखि कायम रहेको मूलतः लैङ्गिक विभेद, पितृसत्तात्मक संरचनागत मूल्य मान्यता र परम्परागत सोचका कारणले महिलामाथिको हिंसाले निरन्तरता पाउँदै आएको देखिन्छ । यस्तो हिंसा सबै वर्ग,तह, भौगोलिक सीमा, संस्कृतिहरूमा कुनै न कुनै रुपमा रहेको छ । आम महिलाले कुनै न कुनै रुपमा र स्वरुपमा भोग्दै आएका हिंसाको अन्त्य नभएसम्म महिला शसक्तीकरण,समानता, दिगो विकास र शान्तिको परिकल्पना गर्न सकिँदैन । हिंसाका कारण महिलाहरू आधारभूत मानव अधिकार जस्तै: बाँच्न पाउने अधिकार, समानताको अधिकार, स्वतन्त्र, सुरक्षित र यातनामुक्त रुपमा आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने अधिकारबाट समेत वञ्चित छन् । साथै हिंसाका कारण शारीरिक, मानसिक, आर्थिक रुपमा नकारात्मक प्रभाव परी महिलाको समग्र व्यक्तित्व विकासमा प्रत्यक्ष असर पर्नुका साथै यसबाट बालबालिका र परिवारमा तथा समाज र राज्यलाई समेत नकारात्मक प्रभाव परिरहेको छ ।

महिलाले भोगिरहेको हिंसाको यथार्थ र वास्तविकता जबसम्म बाहिर आउँदैन तबसम्म यसको समाधानको बाटो पहिल्याउन सकिँदैन । विगतदेखि नै ओरेकले महिला हिंसाविरुद्ध वर्ष पुस्तकको रुपमा वर्षभरी देशमा भएका महिला हिंसाको तथ्याङ्क र घटना समेटर प्रकाशित हुने 'अन्वेषी' ले महिलामाथि हुने हिंसाका घटनाको यथार्थ विवरणलाई प्रस्तुत गर्न महत्वपूर्ण भूमिका खेलेको छ ।

लैङ्गिक विभेदकारी पितसत्तात्मक मूल्य मान्यताका कारण हाम्रो समाजमा आफूमाथि भएका हिंसाविरुद्ध बोल्न र उजुरी गर्न अझैपनि महिलालाई त्यति सहज छैन । यस्तो अवस्थामा पनि विभिन्न सामाजिक बाधा र अवरोधका बावजुद जोखिम मोलेर आफूले भोगेको हिंसा अन्य महिलाले भोग्नु नपरोस् भन्ने उद्देश्यले आफूमाथि भएका हिंसाविरुद्ध आवाज उठाई न्यायका लागि पहल गर्नुहुने सम्पूर्ण महिलाप्रति राष्ट्रिय महिला आयोगको तर्फबाट म धन्यवाद ज्ञापन गर्न चाहन्छु । आफूमाथि भएका अन्यायपूर्ण व्यवहार सहन हुन्न भनेर बोल्ने र बाहिर आउने तपाईहरूको सहासले परिवार र समाजमा हिंसा सहेर बसिरहेका हजारौं महिलालाई आफूमाथि भएको अत्याचार विरुद्ध बोल्न उत्प्रेरणा दिन सक्छ ।

महिलामाथि भएका हिंसाको विभिन्न पक्षको विश्लेषणसहित यो पुस्तक तयार गरी सबै सरोकारवाला निकायलाई थप जिम्मेवार, जवाफदेही र उत्तरदायी बन्नका लागि प्रेरित गरेकोमा ओरेकलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस संस्थाले सञ्चालन गर्दै आएका कार्यले महिलाको मानव अधिकारको संरक्षण र सामाजिक न्याय सुनिश्चितगर्न महत्वपूर्ण योगदान गर्नेछ भन्ने आशा छ । महिलामाथि हुने हिंसा अन्त्यको पहलमा सकारात्मक कदम चाल्न यस पुस्तकको निरन्तरता र गुणस्तर कायमै रहने अपेक्षासहित पुस्तकमा उठाइएका विषयवस्तुको सम्बोधनका लागि शुभकामना व्यक्त गर्दछु ।

पराजुली

कमला कुमारी पराजुली

अध्यक्ष

# प्रकाशकीय

महिलामाथि भएका हिसांका घटनालाई समटेर तयार पारिएको वर्ष पुस्तक 'अन्वेषी' ले महिलामाथि भएका हिसांको यथार्थ जानकारी दिन महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास हामीले लिएका छौं । तथ्य, तथ्याङ्क र यसको विश्लेषणसहितको यस पुस्तकले  सरकार, सम्बन्धित सरोकारवाला, अनसुन्धानकर्ता बौद्धिक वर्ग, अभियन्ता, पत्रकारलगायत महिला हिसां अन्त्यका लागि काम गनर्हेरूलाई थप झकझक्याउने र यसको अन्त्यका लागि गनर्पुर्ने काम, बनाउनपुर्ने नीति नियमका लागि दिशानिर्देश गर्ने छ भन्नेमा पनि हामी विश्वस्त छौं ।

महिलामाथि भइरहेको हिसांले महिलाको स्वतन्त्रता, मर्यादित र समाजमा आत्मसम्मानपूर्ण जीवन बाच्न पाउने अधिकार, समानताको अधिकार, यातना र भयमुक्त  भइ जिउन पाउने अधिकार जस्ता आधारभूत अधिकारहरू कुण्ठित गरेको छ। घरदेखि सावर्जनिक र कायर्स्थलमा समेत दिनानुदिन बढिरहेका हिसां सम्बन्धि घटनाका तथ्याङ्कले महिलाको शारीरिक, मानसिक स्वास्थ्यका साथै आत्मसम्मान, परिवार र अन्तत समाजमा प्रत्यक्ष असर पारेको छ भने देशको विकास, उत्पादकत्व र हाम्रा सन्ततिहरूमा समेत प्रत्यक्षरुपमा नकारात्मक प्रभाव पारेको छ ।

बिगत २ बर्षयता बिश्वब्यापीरुपमा फैलिएको कोभिडको जटिलतासँगै महिलामाथि हुने हिंसा बृद्धि भएको छ र यसको प्रकृतिमा  समेत परिवर्तन भएको छ । यो चुनौतीलाई मध्येनजर गर्दै राज्यलगायत यस क्षेत्रमा काम गर्ने नागरिक समाज र सरोकारवालाहरूले महिलामाथि भइरहेका  हिंसा अन्त्यका लागि ल्याइएका नीति नियम, गरिरहेका परम्परागत कामलाई हिंसाको परिवर्तित प्रकृतिअनुसार परिवर्तन गर्दै थप अभियानहरू सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

देशको आधाभन्दा बढी जनसख्यांलाई विकासका गतिविधिमा साझेदार नमान्दासम्म देश समृद्ध र नागरिक सुखी हुन सक्दैनन् । त्यसैले देशमा दिगो शान्ति स्थापना गर्नु, लोकतन्त्रलाई बलियो बनाई संस्थागत गर्न, मानवअधिकारको सम्मान र दिगो विकासको सपनालाई साकार पार्न, महिलामाथि हुने सबै प्रकारको विभेद, पुर्वाग्रही दृष्टिकोण र हिंसा अन्त्य हुनु आवश्यक छ ।

अज्ञानता, सामाजिक असहयोग, डर धम्की, इज्जत र प्रतिष्ठाको नाममा मौनता, अपराधमा राजनीतिकरण, अपराधीलाई संरक्षण, गैरकानुनी मेलमिलाप आदिका कारण समाजमा भइरहेका महिलामाथिका हिंसाका सबै घटना अझै बाहिर आउन सकेका छैनन् । बाहिर आएका कतिपय घटनामा पनि अनुसन्धानको अभाव, सामाजिक असहयोग, पीडितको असुरक्षा, आर्थिक तथा राजनीतिक चलखेलका कारण पीडितहरू न्यायालयको ढोकासम्म पुग्नै सकेका छैनन् । पुगेपनि न्याय पाउन महिलाका लागि सहज छैन । जुन यो पुस्तकमा समावेश गरिएका घटना, विवरण र विश्लेषणले पनि देखाएका छन् । त्यसैले यस पुस्तकले यो सवालमा उजागर गरेका तथ्य  तथ्याङ्क र विश्लेषणप्रति गम्भीर हुन सम्बन्धित निकाय र सरोकारवालालाई हामी अनुरोध गर्दछौं । देशको सम्पूर्ण अवस्था यो पुस्तकमा  समेट्न नसकिए पनि महिलामाथि भइरहेको हिंसाको प्रकृति र प्रवृत्ति केलाउन यो पुस्तकले अवश्य सघाउनेछ । त्यसैले अघिल्ला वर्षझैं यसवर्ष पनि ओरेकमा वर्षभरी अभिलेख भएका महिलामाथि हुने हिंसाको तथ्य र तथ्याङ्कलाई विश्लेषण गरी संस्थाले यो पुस्तक प्रकाशनमा ल्याएको  छ । यस सन्दर्भमा यस पुस्तकको लेखन, सम्पादन गरी पुस्तकको प्रकाशनका लागि महत्वपूर्ण भुमिका निर्वाह गर्नुहुने ओरेक परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस पुस्तक तयारीका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सहयोग गर्नुहुने सम्पूर्ण व्यक्तित्वहरूलाई ओरेक नेपाल धन्यवाद दिदैं हार्दिक आभार प्रकट गर्न चाहन्छु ।



रामबति चौधरी थारु
अध्यक्ष
महिला पुनर्स्थापना केन्द्र (ओरेक)

# प्राक्कथन

यस महिला पुन:र्स्थापना केन्द्र (ओरेक) नेपालले बिगत ३१ वर्षदेखि निरन्तररुपमा महिला अधिकारप्रति समर्पित रही सामाजिक न्यायका निम्ति तथ्यमा आधारित पैरवी गर्दै महिला हिंसाविरुद्धको अभियान सञ्चालन र नेतृत्व गर्दै आएको छ। ओरेकले महिलामाथि भइरहेको हिंसाका तथ्याङ्कलाई वाहिर ल्याइ यसमा आधारित पैरवीलाई अझै बलियो बनाउने उद्देश्यले देशमा बर्षभरी महिलामाथि भएको हिंसाका घटनालाई समेटेर तयार पारिएको महिला हिंसाविरुद्धको वर्ष पुस्तक 'अन्वेषी' प्रकाशन गर्दै आएको छ। महिलामाथि हुने हिंसाका घटनाहरुको यथार्थतालाई प्रस्तुत गर्ने यो एक महत्वपूर्ण कार्य हो। यस पुस्तकले महिलामाथि हुने हिंसाका घटनाहरूको बहुआयामिक तवरले बिश्लेषण गर्ने, सरोकारवाला एवं सम्बन्धित जिम्मेवार निकायसमक्ष महिला हिंसाका वास्तविकता प्रस्तुत गरी आवश्यक कदम चाल्न पैरवी गर्ने उद्देश्यले अन्वेषी प्रकाशन एवं वितरण कार्यलाई सन् २००८ देखि प्राथमिकताका साथ निरन्तरता दिँदै आइएको छ।

नेपालमा प्रजातन्त्र या पछि लोकतन्त्रको लडाइसँगै समाजमा बिध्यमान विभेदकारी मूल्यमान्यता र हानिकारक परम्परागत अभ्यासलाई न्युनिकरण गर्न बिभिन्न सचेतनामूलक गतिबिधिहरु अगाडी बढे, नीगिगत सूधार तथा नयाँ ब्यवस्थाका बिभिन्न प्रयासहरु भए, संबिधान मै महिला अधिकार, लैंगिक समानता र लैंगिक बिभेदमा आधारीत हिंसाविरुद्ध राज्यले निर्वाह गर्नुपर्ने कर्तब्य र खेल्नु पर्ने भूमिकाका विषयमा आवश्यक व्यवस्था भयो, त्यस अन्तर्गत बिभिन्न ऐन, नियमावली तथा नीतिहरु तर्जुमा भए, तरपनि समाजमा बिध्यमान बिभेदकारी पितृसत्तात्मक संरचना, सोही अनुरुपमा विभेदकारी सामाजिक मूल्यमान्यता रहेको हाम्रो समाजमा हिंसाका घटना झन बढ्दै गएको अभिलेखीकरण भएका छन्, परिवार, समाज र राज्यमा स्थापित पितृसत्तात्मक सोँचका कारण हुने हिंसा महिलाले भोग्नैपर्ने नियती जस्तै बनेको छ। आफुमाथि भएका हिंसाको विरुद्धमा बोल्न अझैपनि महिलाहरुलाई त्यति सहज छैन। महिलामाथि हुने अनेक प्रकारका हिंसाहरू सार्वजनिक रुपमा बाहिर आउन सकेका छैनन्। यद्यपि आफुले भोगेका हिंसाका घटनाहरु अन्य महिलाले भोग्नु नपरोस् भन्ने हेतुले आफुमाथि भएका हिंसाको जानकारी गराउने साहस बटुल्नुहुने सम्पूर्ण महिलाहरुप्रति ओरेक विशेष कृतज्ञता प्रकट गर्दछ। साथै समुदायस्तरमा क्रियाशील महिला मानव अधिकार रक्षकहरुले आफुमाथि आइपर्ने चुनौती र जोखिमको प्रवाह नगरी घर, परिवार, गाउँ, समुदाय तथा जिल्लामा घटेका महिला हिंसाका घटनाहरुलाई वाहिर ल्याउन गर्नुभएको साहस, धैर्यता र कामको उच्च सम्मान गर्दै आफुले अभिलेखन गरेका घटनाहरु ओरेकको तथ्याङ्क शाखामा पठाउनुहुने सम्पूर्ण महिला मानव अधिकार रक्षकहरुप्रति ओरेक विशेष आभार प्रकट गर्दछ।

बिगत २ बर्षयता बिश्वब्यापीरुपमा फैलिएको कोभिडको कारणले समाजमा सृजित आर्थिक तथा सामाजिक समस्यासँगै महिलामाथि हुने हिंसा झन् बृद्धि भएको छ र हाल बढ्दै गएको अनलाईन माध्यामहरुमा भएका महिलामाथि हुने हिंसाले यसको प्रकृतिमा समेत परिवर्तन भएको देखिएको छ। सार्बजनिक स्थलमा हुने हिंसा त्यत्तिकै मात्रामा बढेको अबस्था छ। त्यसैले अन्वेषीको यो अंकले यस्ता प्रकृतिका हिंसाहरुको र हिंसा

भोगेका तर कानूनी प्रक्रियामा जान नसकेका वा नगएका र त्यसको अनेक प्रभावहरूसँग जुध्दै आइरहेका घटनाहरूको दस्तावेजीकरण गरेको छ । यस वर्ष ओरेक नेपालमा दस्तावेजीकरण भएका हिंसाका कूल एक हजार ७७२ महिला हिंसाका घटना मध्ये घरेलु हिंसा सबैभन्दा बढी (६३%) रहेका छन् । यसले समग्र नेपाली महिलाको अवस्था  चित्रण गरेको छ । घर परिवार जहाँ महिलाले सबैभन्दा बढी सुरक्षा र माया पाउनु पर्ने हो । त्यस ठाउँ नै सबैभन्दा बढी असुरक्षित देखिएको छ । त्यसैले महिला हिंसा अन्त्यका लागि परिवारभित्र रहेको महिला र पुरुषविचको असमान शक्ति सम्बन्धलाई परिवर्तन गर्नु अनिवार्य छ ।

यस अङ्कमा महिला हिंसाका घटनाहरूलाई गोप्य र संवेदनशील तरिकाले दस्तावेजीकरण गर्न सघाउ पुऱ्याउनु हुने ओरेकका सम्पूर्ण शाखा कार्यालयका तथ्याङ्क व्यवस्थापन शाखामा रहेर काम गर्ने सहकर्मी मित्रहरूलाई धन्यवाद दिन चाहन्छु । साथै महिला हिंसाको घटनाहरू अभिलेखीकरण तथा प्रभावितका न्यायका लागि सक्रिय भूमिका निर्वाह गरिरहनु भएको सम्पूर्ण जिल्लाका संयोजकहरू, कार्यक्रम अधिकृतहरू, सामाजिक परिचालकहरू, मनोविमर्शकर्ताहरूप्रति संस्था विशेष आभार प्रकट गर्दछ । ओरेकको तथ्याङ्क व्यवस्थापन शाखामा रहेर महिला हिंसाका घटनालाई गोपनीयता र संवेदनशील तरिकाले दस्तावेजीकरण गर्न सघाउनुहुने ओरेकका सम्पूर्ण शाखा कार्यालयका : लक्ष्मी निरौला (मोरङ्ग), अनिता चौधरी (सिराहा), राघीनी देवी मिश्र (धनुषा), विन्दु शर्मा (दाङ्ग), जयकला चौधरी (कैलाली), मेनका क्षेत्री (उदयपुर), दिपा धिताल (रुकुम), लिला दियाली (महोत्तरी), दुर्गा थापा (सर्लाही), रमा श्रेष्ठ (दैलेख), लक्ष्मी कार्की (जुम्ला) र बिमला घिमिरे (सुनसरी) लाई धन्यवाद दिन चाहन्छु ।  यस पुस्तकमा तथ्याङ्क प्रशोधनमा विशेष भूमिका निर्वाह गर्नुहुने ओरेक केन्द्रीय कार्यालयका दुर्गा सिजापति र तथ्याङ्क संकलनमा सहयोग गर्नुहुने सविना रिमाल र पुष्पा सापकोटालाई संस्था धन्यवाद ज्ञापन गर्दछ । यस पुस्तक तयारीका लागि लेखन र संयोजनको भूमिका निर्वाह गर्नुहुने संस्थाका कर्मचारी निर्मला के.सी.लाई विशेष धन्यवाद दिन चाहन्छु । यस पुस्तकको सम्पादन गरी महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने संस्थाका कार्य समितिका सदस्य दुर्गा कार्कीप्रति ओरेक परिवार हार्दिक कृतज्ञता व्यक्त गर्दछ । यस पुस्तक प्रकाशनमा ल्याउने क्रममा महत्वपूर्ण मार्गदर्शन र सल्लाहसुझावका लागि सल्लाहकार, कार्यसमितिका अध्यक्षलगायत पदाधिकारीप्रति हार्दिक आभार ब्यक्त गर्न चाहन्छु ।

माथि उल्लेख गरिएका व्यक्तिहरूबाहेक पनि अन्य थुप्रै व्यक्तित्वहरूको सहयोग र सहकार्यका कारण यो पुस्तक तयार भएको हो । यसर्थ यस पुस्तक तयारीका लागि प्रत्यक्ष र अप्रत्यक्ष रूपले सहयोग गर्नुहुने सम्पूर्ण व्यक्तिहरूलाई ओरेक धन्यवाद दिँदै हार्दिक आभार प्रकट गर्दछ ।



.........................

लुभराज न्यौपाने
कार्यकारी निर्देशक
ओरेक

# परिच्छेद १

## परिचय

**सबै नागरिक जन्मजात स्वतन्त्र र मर्यादा तथा अधिकारमा समान हुन्छन् ।**
(मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा एक)

### १.१ नेपाली समाजमा महिलाविरुद्धको हिंसा

महिलामाथि हुने हिंसा सार्वजनिक वा निजी जीवनमा लिङ्गका आधारमा हुने विभेदपूर्ण कार्य हो, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ, वा पुऱ्याउने सम्भावना हुन्छ । यस अन्तर्गत त्यस्तो कार्य गर्ने, धम्की, दबाब र स्वेच्छाचारी रुपमा महिलाको स्वन्त्रतामा बन्देज लगाउने कार्य समेत पर्दछ ।[१]

महिला हिंसा समाजको त्यो कुरुप तस्विर हो जसले महिलालाई मानवका रुपमा सामान्य अधिकार हरूको उपभोगबाट वञ्चित गराइरहेको हुन्छ । त्यसैले यो एउटा जघन्य अपराध हो । हाम्रो समाजमा अहिलेपनि महिलामाथि चरम र निकृष्ट खालका हिंसा भइरहेका छन् । महिलामाथिको हिंसाको प्रकृति र प्रवृत्ति पनि झन झन नौलो र जटिल हुँदै गइरहेको छ । महिलाविरुद्ध हिंसा विश्वभर व्याप्त समस्या हो । विश्व स्वास्थ्य संगठनका अनुसार प्रत्येक तीन मध्ये एकजना महिलाले आफ्नो जीवनमा कुनै न कुनै प्रकारको हिंसा भोग्ने गरेका छन् । यो तथ्याङ्क अनुसार विश्वभरी नै महिलाहरू हिंसाको उच्च जोखिममा छन् । महिलामाथिका हिंसा उक्त देशको सामाजिक, आर्थिक अवस्था र सांस्कृतिक प्रचलनअनुसार फरक छ । यसको कारण सदियौँदेखि चलनचल्तीमा रहेको पितृसत्तात्मक सामाजिक संरचना, सोही अनुसारको सामाजिक व्यवस्था, विभेदपूर्ण मूल्यमान्यता तथा परम्परा नै हो, जसको आधारमा घर, परिवार, समुदाय, समाज र राज्य सबै तहमा महिलामाथिको हिंसा संस्थागत भएको छ । यस्तो सामाजिक संरचना जहाँ पुरुषले जन्मजात विशेषाधिकार पाइरहेको समाजमा महिलाहरूले आफूमाथि भएको हिंसाविरुद्ध बोल्न ठूलै जोखिम उठाउनुपर्दछ ।

[१] संयुक्त राष्ट्र संघ (सन् १९९३)को 'महिलाविरुद्धको हिंसा उन्मूल गर्ने सम्बन्धी घोषणापत्र

हिंसारहित सुरक्षित वातावरणमा आत्मसम्मानपूर्वक जीवन जिउन पाउने प्रत्येक नागरिकको नैसर्गिक अधिकार संवैधानिक रुपमै व्यवस्था हुँदाहुँदै पनि यथार्थमा महिलामाथि विभिन्न स्वरुपमा हिंसा भइरहेको छ । हिंसात्मक घटना तीव्र रुपमा बढ्नु र मानवसभ्यतालाई नै कलंकित वनाउने यस्ता घटना दैनिक रुपमा सार्वजनिक भइरहनु समाज र देशका लागि अत्यन्तै लज्जास्पद हो । नागरिकको हिंसारहित वातावरणमा  जिउन पाउने अधिकार सुनिश्चित गर्नु राज्यको प्रमुख दायित्व हो । राज्यद्वारा यी दायित्व पूरा गर्ने कदम नचालिएका पनि होइनन्, स्थानीय निकाय मै महिलाकै नेतृत्वमा न्यायिक समिति जस्तो अत्यन्त महत्वपूर्ण संरचना स्थापित छ, तरपनि महिलामाथि हिंसा गर्ने प्रवृत्ति किन निरुत्साहित भएको छैन ? महिला दिनहुं किन हिंसाबाट प्रताडित छन् वा हिंसापूर्ण जीवन जिउन बाध्य छन् ? महिलाले न्याय पाउने वातावारण किन दिनहुँ चुनौतीपूर्ण बन्दै गइरहेको छ ? यसको कारण र समाधान खोज्नु अत्यावश्यक भैसकेको छ । महिलामाथिको हिंसालाई अति नै सामान्यीकरण गर्नु, घटनालाई राजनीतिकरण गरेर पीडकलाई संरक्षण दिनु, सहयोगी संयन्त्रहरू पीडितमैत्री नहुनु, पीडित घटनाविरुद्ध उजुरी दिन जाँदा हतोत्साहित हुनुपर्ने, न्यायिक निकायहरूले पीडितलाई नै दोषी जस्तो बनाउने, चरित्रहत्या गर्ने, मेलमिलाप गराउनेलगायतका क्रियाकलापले निरन्तरता पाइरहनु जस्ता यथार्थ महिला हिंसा सम्बोधनका लागि चालिएका कदमका अवरोध हुन भनी बुझ्नु जरुरी छ । महिलामाथि हुने हिंसावाट प्रत्यक्ष रुपमा महिलामात्र प्रभावित भएको देखिएतापनि यसले पुरै परिवार, समग्र समाज र अन्तत राज्यलाई नै प्रभाव पार्दछ ।

महिलामाथि हुने हिंसाको अन्त्यविना देशमा सामाजिक न्याय र दिगो शान्ति स्थापना हुन सक्दैन । देशको आधा भन्दा बढी जनसंख्यालाई सम्पूर्ण अधिकारबाट वञ्चित राखी हिंसा र विभेदपूर्ण वातावारणमा बाँच्न बाध्य बनाएर दिगो विकास लक्ष्य पूरा गर्ने प्रतिवद्धतामा राज्य सफल हुन सक्दैन । दिगो विकास लक्ष्यको लक्ष्य पाँचको लैङ्गिक समानता हासिल गर्न राज्यले सन् २०३० सम्ममा सार्वजनिक क्षेत्रमा महिलाको सहभागिता ११ प्रतिशतबाट ३३ पुऱ्याउने, लैङ्गिक असमानताको हालको सूचकाङ्क ०.४९ वाट घटाएर ०.०५ मा झार्ने र लैङ्गिक सशक्तिकरण मापनलाई ०.५७ बाट बढाएर ०.६९ पुऱ्याउने लक्ष्य तोकेको छ ।



यी लक्ष्य हासिल गर्न राज्यले सन् २०३० सम्ममा महिला र किशोरीविरुद्ध जुनसुकै क्षेत्रमा र स्थानमा हुने सवै प्रकारका विभेद अन्त्य गरी बेचबिखन, यौन र अरु प्रकारका शोषणलगायत सार्वजनिक र नीजि क्षेत्रमा हुने सबै प्रकारका हिंसा अन्त्य गर्नुपर्नेछ । बालविवाह, कम उमेरको

विवाह, जर्वजस्ती विवाह र महिला जनेन्द्रिय अङ्गभङ्ग गर्नेजस्ता सवै घातक हानिकारक व्यवहार र अभ्यास अन्त्य गर्न काम गर्नुपर्नेछ। पारिश्रमिक बेगर हेरचाह गर्ने, घरायसी कामलाई कदर गर्ने र महत्व दिने, राजनीतिक  आर्थिक र सार्वजनिक जीवनका नीति निर्णयका सबै तहको नेतृत्वमा महिलाको पूर्ण तथा प्रभावकारी सहभागिता र समान अवसरको सुनिश्चित गर्नुपर्ने तथा यौन तथा प्रजनन स्वास्थ्य र अधिकारमा विश्वव्यापी पहुँच विस्तार गर्ने काम सम्पन्न गरेमामात्र माथिका लक्ष्य हासिल हुनेछन् । तर सरकारको काम गर्ने  गति यस्तै हो भने यी लक्ष्य हासिल गर्न कठीनमात्रै हैन असम्भव हुनेछ ।

महिलामाथि हुने हिंसा र तिनका स्वरुप तथा परिमाण फरक फरक भएतापनि नेपालमा यो समस्या समुदाय तहदेखि नै अत्यन्त भयानक छ। महिलामाथि घरभित्रदेखि सार्वजनिक स्थान र राज्यका संरचनासम्म विभिन्न प्रकारले हिंसा हुँदै आएको छ। यसको स्वरुप समाजमा जसरी व्यक्त भएपनि वा सार्वजनिक भएपनि मुलकारण भने महिलालाई हेर्ने पुर्वाग्रही दृष्टिकोण र यही दृष्टिकोणद्वारा निर्मित र संरक्षित सामाजिक नियम अनि मुल्यमान्यता नै देखिन्छन् । महिला भएकै कारण हुने र गर्ने गरिएको विभेदको परिणामस्वरुप उनीहरूमाथिको हिंसाले निरन्तरता पाउँदै आएको छ। यसको नियन्त्रण र अन्त्य गर्न राज्यका माथिदेखि तलसम्मका निकाय बोलीमा गम्भीर देखिएपनि काममा रुपान्तरण हुन सकेको छैन । महिलामाथिको हिंसालाई तथ्यगत रुपमा राख्न वा तथ्याङ्कलाई प्रक्रियागत रुपले अभिलेखीकरण गर्ने काम राज्यबाट हुन सकेको छैन। यसबारे न त प्राज्ञिक क्षेत्रबाट गहिरो अध्ययन अनुसन्धान भएको छ न त राज्य तह वा सामाजिक वा नागरिक समाजको  तहबाट। अहिलेपनि महिलामाथि हुने गरेका र भैरहेका सबैखाले हिंसा सार्वजनिक हुँदैनन्, त्यसैले हिंसा कति, कहाँ, किन र कसरी हुने गरेको छ भन्ने यथार्थ विवरण र तथ्याङ्क आउन सकेको छैन  ।

जवसम्म महिलामाथि हुने हिंसाको यथार्थ कारण, विवरण र वास्तविकता वाहिर आउन सक्दैन, तवसम्म समाधानका लागि नीति, योजना तथा कार्यक्रमहरू निर्माण गर्न कठिन हुन्छ र बनेपनि कार्यान्वयनमा कठिनाइ आउँछ। नेपालमा कानुन कार्यान्वयन फितलो हुनुको कारण मध्ये यो यथार्थ प्रमुख हो। त्यसकारण यस्ता आधारभूत जानकारीको अभावमा महिलामाथि हुने हिंसा रोक्न, प्रभावितलाई सहयोग गर्न, समस्या अनुरुपको आवश्यक नीति, नियम, कानुन र योजना तर्जुमा गर्न तथा यस सम्बन्धी जुनसुकै काम गर्न असहज भएको छ। व्यवस्थित आँकडाले पुष्टी गर्न,

गराउन सक्दा नै विशेषतः सम्वन्धित निकायहरू र नीति निर्माणकर्तालाई समस्याको गाम्भीर्य र आयातन बुझी समाधानका लागि पहल गर्न तथा समस्याका बारेमा ध्यानाकर्षण गराउन सकिन्छ । यतिमात्र हैन तथ्य र तथ्याङ्कले अपराध अनुसारको वास्तविक र कार्यान्वयन गर्न सकिने कानुन बनाउन र पीडक वा अपराधीलाई उसले गरेको अपराधको भार अनुसारको कानुनी कार्वाही गर्न पनि सहयोग पुऱ्याउँछ । यही अवस्थालाई मध्येनजर गर्दै महिलामाथि भएको हिंसाको यथार्थ अवस्थालाई प्रस्तुत गर्ने मुख्य उद्देश्यले महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले सन् २००८ देखि हरेक वर्ष महिला हिंसाविरुद्धको वर्ष पुस्तक 'अन्वेषी' प्रकाशनलाई  निरन्तरता दिँदै आएको छ ।

## १.२ अन्वेषीः महिलामाथि हुने हिंसाको यथार्थ

अन्वेषी नेपालका महिलामाथि वर्षभरि भएका हिंसाका घटनाहरू संकलित, अंकित एवं विश्लेषणसहितको एक महत्वपूर्ण वर्ष पुस्तक हो । सर्वेक्षणमा आधारित यो पुस्तक ओरेकले सन् २००८ बाट वर्षेनी प्रकाशन गर्दै आएको छ । महिलामाथि हुने हिंसाका घटनाहरूको नक्साङ्कन गर्ने, सरोकारवाला एवं सम्बन्धित जिम्मेवार निकायसमक्ष महिला हिंसाका वास्तविकता प्रस्तुत गरी आवश्यक कदम चाल्न दबाब सृजना गर्ने उद्देश्यले ओरेकले अन्वेषी प्रकाशन, वितरण एवं प्रचारप्रसार कार्यलाई प्राथमिकताका साथ निरन्तरता दिँदै आएको छ । अन्वेषीले विभिन्न भू-भागमा बसोबास गर्ने भिन्न-भिन्न सामाजिक समूह र समुदायका महिलाहरूमाथि भइरहेको हिंसा, तिनको स्वरुप र त्यसका प्रभावहरूबारे जानकारी दिन्छ ।

महिलामाथि हुने अनेक प्रकारका हिंसाहरू सार्वजनिक रुपमा बाहिर आउन सकेका छैनन् । नेपालको प्रहरी प्रशासन र न्याय प्रणालीले पीडितहरूलाई पूर्णतः न्याय दिन्छ भन्ने कुराको विश्वसनीयता आर्जन गर्न सकेका छैनन् । त्यसैले पनि धेरै पीडितहरू न्यायिक प्रक्रियामा जान हिच्किचाउने गरेका छन् । हिंसाबाट मुक्त हुनका लागि प्रभावित पुग्ने पहिलो थलो न्यायिक निकाय हुन सकेको छैन । हिंसा भोगेका तर कानूनी प्रक्रियामा जान नसकेका वा नगएका र त्यसका अनेक प्रभावहरूसँग जुध्दै आइरहेका घटनाहरूको दस्तावेजीकरणमा अन्वेषीले विशेष भूमिका खेल्दै आएको छ । ओरेक र अन्वेषीले सोही भूमिकाको निरन्तरता यसपाली पनि कायम राखेको छ । पुस्तकमा प्रस्तुत हिंसाका तथ्य-तथ्याङ्कहरूले हाम्रो जटिल सामाजिक संरचनाभित्रका सबै पाटाहरू केलाउने पर्याप्त आधार नदिएपनि महिला हिंसाका मूल स्वरुप, प्रवृत्ति र त्यसका  प्रभावहरूबारे एक तहको सूचना प्रवाह गर्न सक्षम छ भन्ने कुरामा ओरेक विश्वस्त छ । साथै महिला हिंसा

रोकथाम र समाधानका निमित्त चालिनुपर्ने कदमहरू पहिल्याउनका लागि अन्वेषी एक उपयोगी दस्तावेज हुनेछ भन्ने विश्वास लिएको छ ।

## १.३ घटना संकलन अवधि र क्षेत्र

पुस्तकमा समावेश गरिएका तथ्याङ्क साउन २०७७ देखि असार २०७८ सम्मको समय अवधिमा संकलन गरिएको हो । यसभित्र महिलामाथि भएका १ हजार ७ सय ७२ वटा हिंसाका घटना समाविष्ट छन् । पुस्तकमा तथ्याङ्कको विश्लेषणसमेत प्रस्तुत गरिएको छ । ओरेकले संकलन गरेको ताजा तथ्याङ्कबाहेक यसभित्र विभिन्न राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित घटनालाई समेत समेटिएको छ । राष्ट्रियस्तरमा प्रकाशित पत्रपत्रिकाहरूबाट जम्मा ६ सय ४१ वटा घटना संकलन गरिएको छ । साथै रुपन्देहीको कदम नेपालबाट ६८ र बाँकेको नेपाल मुस्लिम समाज विकास चेतना केन्द्रबाट ३१ वटा घटना पनि यसमा समावेश गरिएको छ । महिलाका निम्ति महिला मञ्चले एक वर्षमा अनौपचारिक तथा मनोरञ्जन क्षेत्रमा काम गर्ने १८ जना महिलामाथिको हिंसाको घटनाको अभिलेखीकरण गरेको छ जुन तथ्याङ्क हाम्रो विश्लेषणमा समावेश छैन ।

साथै यस पुस्तकमा बन्दाबन्दीको समयमा हिंसा पीडित महिलालाई ओरेकले  गरेको सहयोगको विवरण  समेत संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यसैगरी संकलित घटना मध्येबाट सार्वजनिक स्थानमा भएका हिंसाका घटनालाई पनि छुट्टै विश्लेषण गरिएको छ ।

## १.४ अध्ययनको सीमा

यो सर्वेक्षण मूलतः ओरेक र महिला मानवअधिकार रक्षक सञ्जालको कार्यक्षेत्र, पहुँच र जानकारीमा आधारित रहेको छ । विभिन्न जिल्लामा समुदायस्तरमा कार्यरत महिला मानवअधिकार रक्षकहरूको अभिलेखीकरण, स्थलगत अनुसन्धान, संस्थाले उपलब्ध गराएको सुरक्षित आवास, कानूनी परामर्श तथा सहयोग, स्वास्थ्य उपचारलगायतका सेवाहरूमार्फत् तथ्याङ्क संकलन गरिएको छ । विस्तृत तथ्याङ्कका लागि  पत्रपत्रिकामा प्रकाशित घटनालाई पनि समावेश गरिएको छ । पुस्तकमा नेपालका सातवटै प्रदेशमा भएका महिला हिंसाका घटनालाई समेट्ने प्रयत्न गरिएको भएपनि यसले समग्र नेपालका महिलाहरूमाथि भएको हिंसाको तथ्य र प्रवृत्तिलाई समेट्न सक्दैन । यद्यपि नेपालका महिलामाथि हुने हिंसाको अवस्था, स्तर र स्वरुपको वास्तविक चित्रण भने गर्दछ ।

यहाँ प्रस्तुत तथ्याङ्कले नेपालका हरेक समुदाय र समूहका महिलामाथि हिंसा हुने तथ्य उजागर गरेको छ । साथै त्यस्ता हिंसा हुनुको कारक तत्वहरू समुदाय र समूहहरूको बसोबासको क्षेत्र, सामाजिक-सांस्कृतिक प्रचलन र मूल्य-मान्यता, लैंङ्गिक सम्बन्ध, आर्थिक, शैक्षिक, राजनीतिकस्तर आदिद्वारा निर्धारित हुन्छन् भन्ने कुरासँग पनि ओरेक सहमत छ । तथापि सीमित स्रोतसाधन र प्राविधिक कारणवस ती पक्षहरूको विश्लेषण गर्न सकिनेसम्मको अवस्था सृजना गर्न असमर्थ छौं । आगामी सर्वेक्षणका क्रममा यी पक्षहरूसमेतलाई समेटेर लानु आवश्यक रहेको कुरामा हामी सहमत छौं । जसले गर्दा महिलामाथि हुने हिंसाका घटनाका अनेक आयामहरूसमेत बाहिर ल्याउन सकिनेछ भन्ने विश्वास लिएका छौं ।

## १.५ अध्ययन विधि

यो मूलतः ओरेकको स्रोत-साधन र जनशक्तिद्वारा सम्पन्न एक सर्वेक्षण हो । सूचना संकलनका लागि ‘लैङ्गिक विभेदमा आधारित महिला हिंसा घटना संकलन फारम’ को प्रयोग गरिएको छ ।

**सूचना सङ्कलनमा एकरुपता**

घटना अभिलेखीकरणमा एकरुपताका लागि लैङ्गिक विभेदमा आधारित महिला हिंसा घटना संकलन फारमको आधारमा सूचनाहरू संकलन गर्ने गरिएको छ । फारममा महिला हिंसासम्बन्धी घटनाको जानकारी, हिंसाका असरहरूलाई संख्यात्मक र विवरणात्मक ढाँचामा संकलन गरिएको हो । सबै महिलाहरूका लागि सोही फारमको प्रयोग गरिएको भएपनि सूचना संकलनका बेला आएका थप सूचनाहरूलाई समेत आवश्यकतानुसार समावेश गरिएको छ । त्यसो भएपनि संकलित सूचनाहरूको एकरुपता कायम राखिएको छ ।

**सूचना सङ्कलन**

ओरेकले तयार पारेको लैङ्गिक विभेदमा आधारित महिला हिंसा घटना संकलन फारमको प्रयोगद्वारा संकलित सूचनाहरू ओरेक र महिला मानवअधिकार रक्षक सञ्जालका दक्ष जनशक्तिबाट अभिलेखीकरण गरिएको छ । संकलित सूचनाहरू पीडित स्वयं तथा घटना बाहिर ल्याउन सहयोग गर्ने पीडितको परिवारका सदस्यहरूबाट लिइएको हो । ओरेकका विभिन्न शाखाहरूले सम्बन्धित क्षेत्रको तथ्याङ्क संकलन गरेपछि काठमाडौंस्थित केन्द्रीय कार्यालयमा ती सबैतिरका तथ्याङ्कहरूलाई एकीकृत गरिन्छ ।

### तथ्याङ्क प्रशोधन र विश्लेषण

अभिलेख गरिएका घटनाको गोपनीयता कायम राख्दै प्रत्येक घटनाको कोड नम्बर राखी एसपीएसएस (SPSS) नामक सफ्टवेयरको १७.० भर्सनमा तथ्याङ्कलाई संगठित, एकीकृत र व्यवस्थित गरिन्छ । उक्त सफ्टवेयरकै आधारमा व्यवस्थित र एकीकृत घटना/तथ्याङ्कको विश्लेषण गरी यो पुस्तक तयार पारिएको हो ।

### आचारसंहिताको पालना

महिला हिंसाका घटना आफैमा ज्यादै संवेदनशील प्रकृतिका हुने गर्छन् । यस्ता घटना सार्वजनिक र संकलन कार्य दुवै नै पीडितको हकमा निकै जोखिमयुक्त र प्रतिकूल पनि हुनेगर्छ । त्यही संवेदनशील तथ्यलाई मध्यनजर गर्दै सूचना संकलनका क्रममा निम्न नैतिक जिम्मेवारीको निर्वाह गरिएको थियो ।

- घटना अभिलेख गर्नुपूर्व सूचनादाता/प्रभावित वा प्रभावितको तर्फबाट जानकारी दिने पूर्ण जानकार व्यक्तिलाई संकलन गरिदैं गरेको सूचनाको गोपनीयता कायम राखिने, सूचना संकलनको उद्देश्य र उपादेयताबारे जानकारी प्रदान गरिएको थियो ।
- सूचनादाताको मौखिक सहमति र स्वीकृति अनिवार्य रुपमा लिइएको थियो । नावालकको हकमा अभिभावक वा परिवारका निकटतम हकवाला वयस्क सदस्य वा नातेदारबाट अनुमति लिइएको थियो ।
- प्रभावितलाई प्रतिकूल असर पार्ने वा कुनैपनि हानी नोक्सानी गर्ने गरी संकलित सूचनाको प्रयोग नगरिने कुरा स्पष्टसँग बताइएको थियो । साथै प्राप्त सूचनालाई महिला हिंसाविरुद्धको पैरवीका लागि विश्लेषण गरी प्रयोग गरिने जानकारी दिइएको थियो ।
- सूचना संकलन र अभिलेख राख्ने क्रममा प्रभावितलाई असर पर्ने खालका कुनैपनि भाषा र व्यवहारहरूको प्रदर्शन गरिएको थिएन ।
- तालिम प्राप्त अभिलेखनकर्ताहरू मार्फत् सूचना संकलन तथा अभिलेखीकरण गरिएको थियो । साथै प्रभावितद्वारा सूचना प्राप्त गर्नका लागि व्यक्तिगत लाभ हुनेगरी कुनैपनि वस्तु वा सहयोग प्रदान गरिएको थिएन । तर, प्रभावितहरूको जोखिम तथा नाजुक मनोसामाजिक अवस्थाको आधारमा अभिलेखनकर्ताको सिफारिसबमोजिम मनोसामाजिक परामर्श र सुरक्षित आवास गृहको व्यवस्था भने गरिएको थियो । त्यस्ता प्रभावितहरूसँग सुरक्षित आवास गृहमा मनोसामाजिक परामर्श सेवा प्रदान गरेपछि सूचना लिइएको थियो ।
- घटना अभिलेखीकरणको सम्पूर्ण प्रकियामा गोपनीयताको पूर्णतः पालना गरिएको थियो ।

# परिच्छेद २

## कार्यगत परिभाषा र कार्यकारी सारांश

### २.१ कार्यगत परिभाषा

महिलामाथि हुने गरेका हिंसाका स्वरूपहरू बहुआयामिक छन् र समय अनुसार हिंसाका स्वरुप थप जटिल बन्दैछन् । महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW), मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू, राष्ट्रिय नीति, नियम, कानूनहरू एवं महिला हिंसाविरुद्ध तथा मानवअधिकार सम्बन्धी घोषणापत्रहरूले औंल्याएका विभेद सम्बन्धी परिभाषाहरूलाई आधार मानेर यो अध्ययनमा हिंसाका स्वरूपलाई ७ भागमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

### क) हिंसाका प्रकार

**घरेलु हिंसा**

घरभित्र परिवारका एक सदस्यबाट अन्य सदस्यमाथि भएका हिंसालाई घरेलु हिंसाभित्र समावेश गरिएको छ । श्रीमान् तथा परिवारका अन्य सदस्यहरूबाट भएको कुटपिट, बहुविवाह गरी स्रोत-साधनबाट वञ्चित गरिएका, घरनिकाला, गालीगलौज, भावनात्मक चोट पुऱ्याउने कार्य तथा विभिन्न डर, त्रास देखाई गरिने मानसिक हिंसा, खानलाउन नदिने, स्वास्थ्य सेवाबाट वन्चित गर्ने वा स्वास्थ्य प्रति बेवास्ता गर्ने तथा वैवाहिक बलात्कारका घटनालाई समावेश गरिएको छ । साथै घरको काममा सघाउन राखिएको कामदारमाथि हुने शोषण र हिंसा पनि घरेलु हिंसाभित्र समेटिएको छ ।

**सामाजिक हिंसा**

समाज वा समुदायबाट भएका हिंसाका घटनालाई सामाजिक हिंसाभित्र समावेश गरिएको छ । सामाजिक हिंसाभित्र विशेषगरी बोक्सीको आरोपमा महिलामाथि भएका हिंसा, छुवाछूत, कम उमेरमा हुने विवाह, जवरजस्ती विवाह, महिलामाथि समाजले लगाउने विभिन्न लाञ्छानालगायत समाजबाट सामाजिक र मानसिक असर परेका घटनाहरूलाई समावेश गरिएको छ ।

## यौन हिंसा

महिलाको इच्छा विपरीत जबरजस्ती यौन अङ्गहरू तथा संवेदनशील अङ्गहरूमा छुने, सुम्सुम्याउने, अश्लील शब्दहरूको प्रयोग गर्ने, अश्लील शारिरीक हाउभाउद्वारा जिस्काउने, संकेत गर्ने, अश्लील सन्देशहरू, तस्विर वा भिडियो पठाउने, त्यस्तै चित्र, दृश्य वा फिल्महरू देखाउने जस्ता क्रियाकलापलाई यस प्रतिवेदनमा यौन हिंसाभित्र राखिएको छ ।

## बलात्कार

बलात्कार, सामूहिक बलात्कार र बलात्कारको प्रयासलाई बलात्कारको परिभाषाभित्र समावेश गरिएको छ । यसमा महिलालाई ललाइफकाइ वा जबरजस्ती शक्ति प्रयोग गरी भएका बलात्कारका घटनाहरूलाई समावेश गरिएको छ । साथै सहमति मै भएपनि १८ वर्षमुनिका बालिकासँग भएको यौन सम्बन्धलाई पनि बलात्कारका रुपमा परिभाषित गरिएको छ ।

## मानव बेचबिखन र ओसारपसार

दासता, बाध्यात्मक श्रम (बँधुवा मजदुरी वा ऋणी बनाइएका व्यक्तिहरूको श्रमलगायत) र दासतापूर्ण व्यवहार, यौनजन्य कामका लागि कुनैपनि व्यक्तिलाई डर, धाक देखाई, जालझेल गरी वा शक्ति र पदको दुरुपयोग गरी काममा लगाउनु, ओसारपसार गर्नु, एक ठाउँबाट अर्को ठाउँमा लैजानु वा लैजानका लागि सहयोग गर्नुलाई मानव बेचबिखन र ओसारपसारमा समावेश गरिएको छ । साथै आश्रय दिनु वा अरुद्वारा त्यस्तो कामको निम्ति सहयोग प्राप्त गर्नुपनि बेचबिखन हो । बेचबिखन र ओसारपसार तथा बेचबिखन र ओसारपसारको प्रयास भएका घटनालाई यसमा समावेश गरिएको छ ।

## हत्या

हत्याभित्र महिलालाई मनसायपूर्वक विभिन्न तवरबाट मारिएका तथा मार्ने प्रयास गरिएका घटनाहरूलाई समेटिएको छ ।

## आत्महत्या

महिलामाथि हुने विभेद तथा उनीहरूमाथि भएको चरम हिंसाका कारण महिलाहरू मानसिक रुपमा विक्षिप्त भइ आफ्नै ज्यान लिन बाध्य हुने वा बनाइने अवस्था हामीकहाँ छ । हिंसाका कारण प्रभावित वा प्रभावितका परिवारले आत्महत्या गरेका र आत्महत्या गर्न प्रयास गरेका घटनाहरूलाई पनि यसमा समावेश गरिएको छ ।

**अन्य**

अपहरण/वेपत्ता, अनलाइनमा भएका लैंगिक विभेदमा आधारित हिंसाका घटनाहरूलाई यसमा राखिएको छ ।

## ख) प्रभावित/पीडकको वैवाहिक स्थिति

यस अन्तर्गत विवाहित, अविवाहित, एकल, विवाहित तर पारिवारिक मनमुटावका कारण अलग अलग बस्दै आएका, कानूनी एवं सामाजिक रीतिरिवाजअनुसार विवाह नगरेका तर विवाहित जोडीसरह सँगै बसेका र सम्बन्ध विच्छेदलाई समेटिएको छ ।

## ग) प्रभावित/पीडकका समूहहरू

यिनलाई निम्नलिखित समूहहरूमा बाँडिएको छ –

**पहाडे जनजाति :** गुरुङ, मगर, राई, लिम्बु, किराँत, थामी, छन्त्याल, तामाङ, शेर्पा, लामा, भोटे, नेवार, जिरेल, थकाली, चेपाङ, राउटे, कुसुण्डा, दनुवार आदि ।

**तराई जनजाति :** थारु, राजवंशी, ताजपुरिया, गन्गाई, सिंह, धानुक, धिमाल, सन्थाल, मुन्डा, सतार, झाँगड, दनुवार, किसान, कुसवधिया र कुचवधिया, मेचे आदि ।

**तराई दलित :** चमार, हरिजन, राम, मुसहर, दुसाध, पासवान, पासी, तत्मा, खत्वे, धोबी, सरदार, चिमिदार, डोम, हल्खोर, कलर, खातिक, कोइरी आदि ।

**पहाडे दलित :** दमाई, कामी, सार्की, ढोली, गाइने, बादी आदि ।

**तराई गैरदलित :** यादव, तेली, गुप्ता, कामत, मलाहा, महतो, साह, ठाकुर, राजभर, माली, कुर्मी, हलवाई, केवत, नुनिया, कहर, धेडियार, धनिया, लोधा, हजाम, आदि ।

**मुस्लिम**
**ब्राह्मण**
**क्षेत्री**

### घ) प्रभावित/पीडकको पेसाहरू

सरकारी सेवा

गैरसरकारी सेवा

कृषि तथा पशुपालन

घरायसी काम

निजी क्षेत्र

दैनिक ज्यालादारी

व्यापार व्यवसाय

विद्यार्थी

रोजगारको खोजीमा रहेका

वैदेशिक रोजगार

### ङ) प्रभावितलाई परेका असरहरू

शारीरिक असर

मानसिक असर

आर्थिक असर

सामाजिक असर

सबै असर

### च) प्रभावित/पीडकको उमेर

१६ वर्षभन्दा मुनि

१७ देखि २५ वर्षसम्म

२६ देखि ३५ वर्षसम्म

३६ देखि ४५ वर्षसम्म

४६ देखि ५५ वर्षसम्म

५६ वर्षभन्दा माथि

## २.२ कार्यकारी सारांश

## अध्ययनबाट प्राप्त नतिजा सङ्क्षेपमा

### २.२.१. भौगोलिक क्षेत्र अनुसार महिलामाथि भएको हिंसाको स्थिति

संस्थाले अभिलेख गरेका घटनाको विश्लेषण गर्दा प्रदेश नं १ बाट सबैभन्दा बढी महिला हिंसाका घटना अभिलेखीकरण भएका छन् । प्रदेश नं. १ मा ३३ प्रतिशत (५८२  जना), प्रदेश नं. २ मा २९ प्रतिशत (५१५ जना),  वाग्मती प्रदेशमा ७ प्रतिशत (११९ जना), लुम्बिनी प्रदेशमा १२ प्रतिशत (२०९ जना), कर्णाली  प्रदेशमा १२ प्रतिशत (२१३ जना), सुदूरपश्चिम प्रदेशमा ७ प्रतिशत (१३० जना) र गण्डकी प्रदेशबाट जम्मा ०.२ प्रतिशत (४ जना) महिलामाथि भएका विभिन्न प्रकारका हिंसाका घटना अभिलेख गरिएको छ ।

### २.२.२. हिंसाका प्रकारको विश्लेषण

**क) घरेलु हिंसा**

ओरेकले यसवर्ष जम्मा १ हजार ७ सय ७२ वटा घटना अभिलेख गरेको छ । यी घटना मध्ये सबैभन्दा बढी महिला घरेलु हिंसाबाट प्रभावित भएको पाइएको छ । प्राप्त तथ्याङ्कका आधारमा यसवर्ष सबैभन्दा बढी ६३ प्रतिशत ( एक हजार ११६ जना) महिलामाथि आफ्नै घरभित्र हिंसा भएको छ र हिंसा गर्नेहरूमध्ये सबैभन्दा बढी आफ्नै श्रीमान् र घरपरिवारका सदस्यहरू छन् । कुल १ हजार ११० घरेलु हिंसा मध्ये ७७ प्रतिशत (८६० जना) महिला श्रीमान्बाट र २३ प्रतिशत (२५०) महिला घरपरिवारका सदस्यबाट हिंसामा परेका छन् । यसरी घरेलु हिंसा सहन बाध्य महिलामध्ये सबैभन्दा बढी २६ देखि ३५  वर्ष उमेर समूहका ४२ प्रतिशत (४६४ जना) र १७ देखि २५ वर्ष उमेर समूहका ३३ प्रतिशत (३७१ जना) रहेका छन् भने ८३ प्रतिशत (७४७ जना) साक्षर महिला  हिंसाबाट प्रभावित रहेको तथ्याङ्कले देखाएको छ । यो तथ्याङ्कले सक्रियरुपमा प्रजनन उमेरमा रहेका र सचेत महिलामाथि धेरै हिंसा भएको देखाएको छ ।

नेपाल प्रहरीमा  आर्थिक वर्ष २०७७/७८ मा आएका उजुरी मध्ये सबैभन्दा धेरै घरेलु हिंसा नै रहेको छ । यसवर्ष १४ हजार २ सय ३२ वटा उजुरी प्रहरीमा आएका छन् । यो तथ्याङ्कले हिंसा सहन हुन्न भन्ने चेतना महिलामा बढेको देखिन्छ । तर घरभित्र भएका धेरैजसो हिंसाका घटना अझैपनि प्रहरीकहाँ पुग्न सकेका छैनन् । हिंसाको चरम अवस्थामा पुगेपछिमात्र पीडित प्रहरीकहाँ पुग्ने गरेको पाइन्छ ।

### ख) सामाजिक हिंसा

महिलाहरूमाथि घरेलु हिंसापछि सबैभन्दा बढी सामाजिक हिंसा भएको पाइएको छ। यसवर्ष संकलन गरिएको तथ्याङ्क हेर्दा १५ प्रतिशत (२६५ जना) महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ। त्यसमा ६६ प्रतिशत (१७४ जना) छिमेकीबाट, २० प्रतिशत (५३ जना) महिलाले आत्मीय र नजिक ठानेका साथीबाट, ५ प्रतिशत (१३ जना) साथीबाट हिंसामा परेका छन्। यसैगरि २ प्रतिशत (६ जना) परिवारका सदस्यबाट, २ प्रतिशत (५ जना) अविवाहित तर सँगै बसेका व्यक्तिबाट, ४ प्रतिशत (११ जना) सेवा प्रदायक संस्थाका अधिकारीबाट, ०.४ प्रतिशत (१ जना) शिक्षकबाट र १ प्रतिशत (२ जना) महिलामाथि कुनैपनि सम्बन्ध नभएको अपरिचित व्यक्तिबाट सामाजिक हिंसा भएको पाइएको छ। नेपाल प्रहरीको यसवर्षको तथ्याङ्क अनुसार ८४ वटा उजुरी बालविवाहविरुद्धमा परेका छन्। त्यस्तै बोक्सीको आरोपमा महिलालाई यातना दिइएका ६१ वटा उजुरी प्रहरीमा आए। बालविवाह र बोक्सीको आरोपमा यातना दिएका दुवैथरीका उजुरी अघिल्ला वर्षहरूमा भन्दा क्रमशः बढ्दै गएको पाइएको छ। यसवर्ष ८ सय ५२ वटा बहुविवाहका उजुरी प्रहरीमा दर्ता भएका छन्।

### ग) बलात्कार

प्राप्त तथ्याङ्कअनुसार यसवर्ष ११ प्रतिशत (१८७ जना) महिलामाथि बलात्कार र २ प्रतिशत (३६ जना) महिलामाथि बलात्कारको प्रयास भएको पाइएको छ। ५६ प्रतिशत (१०४ जना) महिलामाथि छिमेकीबाट, १५ प्रतिशत (२८ जना) परिवारका सदस्यबाट, १७ प्रतिशत (३१ जना) महिला आफूले आत्मीय ठानेका साथीबाट बलात्कार भएको छ। यसैगरि ५ प्रतिशत (९ जना) साथीबाट, ३ प्रतिशत (५ जना) सेवा प्रदायक संस्थाका अधिकारीबाट, २ प्रतिशत (४ जना) अविवाहित तर सँगै बसेका साथीबाट, ३ प्रतिशत (६ जना) महिला अपरिचित व्यक्तिवाट बलात्कार भएको तथ्याङ्कले देखाएको छ। प्रभावित महिलामध्ये सबैभन्दा बढी ४५ प्रतिशत (८४ जना) बलात्कारका घटना १६ वर्षमुनिका बालिकामाथि भएको तथ्याङ्कमा उल्लेख छ। तथ्याङ्कले बालिकाहरू बलात्कारको जोखिममा धेरै रहेको औंल्याएको छ। आर्थिक वर्ष २०७७/७८ मा नेपाल प्रहरीमा जबरजस्ती करणीका दुईहजार ५३४ वटा उजुरी दर्ता भएका छन्। जसमा नौ प्रतिशत आरोपित हाडनाता सम्बन्धका र ३० प्रतिशत छिमेकी रहेका छन्। प्रभावितको उमेर हेर्दा ११ प्रतिशत १० वर्ष मुनिका र ५३ प्रतिशत ११ देखि १८ वर्ष उमेर समूहका छन्। प्रहरीको यो तथ्याङ्कले पनि बालिका र किशोरीहरू धेरै बलात्कृत हुने जोखिममा रहेको र आफन्त र चिनेजानेकै व्यक्तिहरूबाट उनीहरू असुरक्षित छन् भन्ने पुष्टि गरेको छ। कतिपय घटनामा बलात्कारपछि अपराध खुल्ने डरले हत्या

समेत गर्ने गरिएको छ । यी त प्रहरीकहाँ दर्ता भएका र बाहिर आएका घटना हुन् । त्यसबाहेक आफन्त र परिवारले आफ्नो इज्जत र प्रतिष्ठाका कारण यस्ता घटनालाई लुकाउने वा समाज मै चुपचाप मेलमिलाप गराउने परम्परा छ । जसका कारण बलात्कारको यथार्थ संख्या यति नै हो भनेर किटान गर्न सकिने अवस्था छैन ।

**घ) यौन हिंसा**

यसवर्ष ४ प्रतिशत (६८ जना) महिलामाथि यौन हिंसा भएको पाइएको छ, जसमध्ये सबैभन्दा बढी ३८ प्रतिशत (२६ जना) यौन हिंसा महिलाले आत्मीय ठानेका साथीबाट भएको पाइएको छ । त्यसैगरी २५ प्रतिशत (१७ जना) छिमेकीबाट, १८ प्रतिशत (१२ जना) परिवारका सदस्यवाट, सात प्रतिशत (५ जना) अविवाहित तर सँगै बसेका साथीबाट यौन हिंसामा परेका छन् । यसैगरि एक प्रतिशत (१ जना) साथीबाट, एक प्रतिशत (१ जना) सेवा प्रदायक संस्थाका सदस्यबाट, एक प्रतिशत (१ जना) शिक्षकबाट र तीन प्रतिशत (२ जना) महिलामाथि अपरिचित व्यक्तिवाट यौन हिंसा भएको पाइएको छ । घटनालाई हेर्दा साक्षर महिलाहरूमाथि ८२ प्रतिशत (५६ जना) र १७-२५ वर्ष उमेर समूहका ५६ प्रतिशत (३८ जना) महिलामाथि यौन हिंसा धेरै भएको पाइएको छ ।

**ङ) हत्या**

यसवर्ष संकलन गरिएको तथ्याङ्क अनुसार ०.८ प्रतिशत (१५ जना) महिलाको हत्या भएको छ भने ०.५ प्रतिशत (९ जना) महिलामाथि हत्याको प्रयास भएको पाइएको छ । हत्याका घटनामध्ये ४६ प्रतिशत (११ जना) श्रीमानवाट, ३३ प्रतिशत (८ जना) परिवारका सदस्यवाट, चार प्रतिशत (१ जना) महिलाको आफूले आत्मीय ठानेको साथीबाट र १७ प्रतिशत (४ जना) को छिमेकीबाट हत्या भएको पाइएको छ । यसैगरि हत्या हुने मध्ये ६२.५ प्रतिशत (१५ जना) साक्षर महिला रहेका छन् भने, १७-२५ उमेर समूहका ३८ प्रतिशत (९ जना) र चार प्रतिशत (१ जना) १६ वर्षभन्दा कम उमेरका बालिका, ३३ प्रतिशत (८ जना) २६ देखि ३५ वर्ष उमेर समूहका र २५ प्रतिशत (६ जना) ३६ वर्ष माथि उमेरका महिलाको हत्या भएको पाइएको छ ।

**च) बेचबिखन**

एक प्रतिशत (२० जना) महिला यसवर्ष बेचबिखनमा परेको तथ्याङ्क छ । सबैभन्दा बढी ७० प्रतिशत (१४ जना) छिमेकीबाट र १५ प्रतिशत (३ जना) सेवा प्रदायकबाट, पाँच प्रतिशत (१ जना) साथीबाट र १० प्रतिशत (२ जना) अन्यबाट महिला तथा बालिका बेचबिखन भएको पाइएको छ । यी मध्ये ९० प्रतिशत (१८ जना) साक्षर महिला बेचबिखनमा परेका छन् । १७ देखि २५ वर्ष

उमेरका ४५ प्रतिशत (९ जना) र १६ वर्षभन्दा कम उमेरका ५० प्रतिशत (१० जना) बालिका तथा महिला बेचबिखनमा परेको पाइएको छ। यसवर्ष नेपाल प्रहरीमा मानव बेचबिखनका १२२ वटा उजुरी दर्ता भएका छन्। प्रहरीका अनुसार महिला तथा बालबालिकालाई यौन तथा घरेलु कामदारको रुपमा भारतदेखि युरोपसम्म पुऱ्याउने गरेको देखिन्छ।

**छ) आत्महत्या**

यसवर्ष महिलाको चरित्रहत्या गरिएका कारण, दाइजो कम ल्याएको भन्दै दैनिक रुपमा यातना, जवरजस्ती विवाह गरी आत्महत्या गर्न बाध्य बनाइएका कारणले ०.७ प्रतिशत (१२ जना) महिलाले आत्महत्या गरेका र ०.२ प्रतिशत (४ जना) महिलाले आत्महत्याको प्रयास गरेका घटना अभिलेखीकरण भएको छ। आत्महत्या गरेका मध्ये विवाहित ८३ प्रतिशत (१० जना) रहेका छन्।

**ज) साइवर अपराध**

महिलामाथि अनलाइन तथा सामाजिक सञ्जालमार्फत भएका हिंसालाई साइवर अपराधका घटनाभित्र समेटिएको छ। यसवर्ष जम्मा हिंसाका घटना मध्ये १ प्रतिशत (९ जना) साइवर अपराधका घटना अभिलेख भएको छ।

**झ) अन्य**

महिलामाथि भएका हिंसा तर थोरै संख्यामा अभिलेख भएका घटनाहरूलाई अन्य समूहमा राखी विश्लेषण गरिएको छ। यस समूहका घटनाहरूमा अपहरणमा परेका, ठगीमा परेका, महिलालाई बेपत्ता बनाइएका तथा अलपत्र पारिएका घटना राखिएको छ। यसवर्ष २ जना महिलालाई बेपत्ता बनाइएको तथा २२ जना महिला अलपत्र अवस्थामा फेला पारिएको, ४ जना अपहरणमा परेका र ३ जना ठगीमा परेका तथ्याङ्क प्राप्त भएको छ।

## २.२.३. उमेर समूह र महिलामाथि हुने हिंसा

यसवर्ष सबैभन्दा बढी १७-२५ वर्ष उमेर समूहका महिला हिंसामा परेको पाइएको छ। कूल हिंसा प्रभावितहरूमध्ये ३४ प्रतिशत (६०७ जना) हिंसा यो उमेर समूहका महिलामाथि हिंसा भएको पाइएको छ। यस्तै गरी २६ देखि ३५ वर्ष उमेर समूहमा ३३ प्रतिशत (५८० जना), ३६ देखि ४५ वर्ष उमेर समूहमा १५ प्रतिशत (२६३ जना), १६ वर्षभन्दा कम उमेरका १२ प्रतिशत (२०६ जना), ४६ देखि ५५ वर्ष उमेर समूहका महिलामा पाँच प्रतिशत (८५ जना) र ५६ वर्षभन्दा बढी उमेर समूहका महिलाहरूमा २ प्रतिशत (३१ जना) मा कुनै न कुनै प्रकारको हिंसा भएको पाइएको छ।

### २.२.४. शिक्षा र महिलामाथि हुने हिंसा

महिलामाथि हुने हिंसा र प्रभावितको शिक्षाको स्तरलाई विश्लेषण गर्दा ७५ प्रतिशत (एकहजार ३२२ जना) साक्षर महिलामाथि सबैभन्दा बढी हिंसा भएको पाइयो । हिंसा प्रभावित महिलामध्ये २५ प्रतिशत निरक्षर (४५० जना) रहेको पाइयो । साक्षरताको अवस्थालाई समेत विश्लेषण गरी हेर्दा ५५ प्रतिशत (७२३ जना) महिलाले आधारभूत शिक्षा (१ देखि ८ कक्षा) सम्म अध्ययन गरेका, ३८ प्रतिशत (४९९ जना) माध्यमिक तहसम्मको अध्ययन गरेका, छ प्रतिशत (७६ जना) स्नातक तहसम्म अध्ययन गरेका, १.२ प्रतिशत (१६ जना) स्नातकोत्तर तथा ०.६ प्रतिशत (८ जना) प्राविधिक शिक्षा अध्ययन गरेका महिलामाथि हिंसा भएको पाइयो । यो तथ्याङ्कले शिक्षित वा साक्षर महिलामा अन्यायविरुद्ध बोल्नुपर्छ भन्ने चेतनाको विकास हुँदै गएको र उनीहरूले आफूमाथि भएको हिंसाविरुद्ध आवाज उठाएको बुझिन्छ ।

### २.२.५. वैवाहिक अवस्था र महिलामाथि हुने हिंसा

महिलामाथि भएको हिंसा र महिलाको वैवाहिक अवस्थालाई विश्लेषण गर्दा सबैभन्दा बढी ७६ प्रतिशत (एकहजार ३३८ जना) विवाहित महिलामाथि हिंसा भएको पाइएको छ । २१ प्रतिशत (३६५ जना) अविवाहित, २ प्रतिशत (३४ जना) एकल, १ प्रतिशत (१८ जना) विवाहित तर पारिवारिक मनमुटावका कारणले अलग बस्दै आएका महिलामाथि हिंसा भएको छ । यसैगरि ०.५ प्रतिशत (८ जना) कानूनी र सामाजिक रीतिरिवाजअनुरुप विवाह नगरेका तर विवाहितसरह बस्दै आएका र ९ जना पारपाचुके गरेर बसेका महिलामाथि हिंसा भएको पाइयो । महिलाहरू बढी घरेलु हिंसाबाट प्रभावित छन् र सबैभन्दा बढी महिलामाथि विवाहपछि श्रीमान्द्वारा हिंसा भएको पाइएकाले पनि विवाहित महिलाहरूमाथि भएको हिंसाको संख्या बढी अभिलेखीकरण भएको हुनसक्छ ।

### २.२.६. पेसा र महिलामाथि हुने हिंसा

कुन पेसामा संलग्न कति महिलामाथि हिंसा भएको छ भनी यसवर्ष प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा आफ्नै घरको काममा संलग्न हुने ४३ प्रतिशत (७५५ जना) महिलामाथि सबैभन्दा बढी हिंसा भएको पाइएको छ । यस्तैगरी हिंसा प्रभावित महिलाहरूमध्ये २० प्रतिशत (३४८ जना) कृषिमा संलग्न रहेका, १६ प्रतिशत (२९१ जना) विद्यार्थी, ११ प्रतिशत (१९० जना) महिला दैनिक ज्यालामजदूरीमा संलग्न रहेको पाइएको छ । यस्तै चार प्रतिशत (७५ जना) व्यापार व्यवसायमा संलग्न, एक प्रतिशत (१४ जना) जागिर खोज्दै गरेका, दुई प्रतिशत (३१ जना) गैरसरकारी क्षेत्रमा

कार्यरत र ०.७ प्रतिशत (१२ जना) जना सरकारी सेवामा कार्यरत महिलामाथि हिंसा भएको तथ्याङ्कले देखाएको छ ।

### २.२.७. महिलामाथि हुने हिंसाका असर

हिंसाका कारण महिलामाथि परेको असरलाई यस पुस्तकमा ५ समूहमा विभाजन गरी विश्लेषण गरिएको छ । महिलाहरूमाथि जुनसुकै प्रकारको हिंसा भएपनि सबैभन्दा बढी ४० प्रतिशत (७०१ जना) लाई हिंसाको कारण शारीरिक असर परेको पाइयो । २६ प्रतिशत (४५३ जना) महिलालाई मानसिक असर, आठ प्रतिशत (१३५ जना) सामाजिक , चार प्रतिशतमा (७१ जना) महिलालाई आर्थिक असर परेको पाइएको छ भने २३ प्रतिशत (४१२ जना) महिलामाथि हिंसाका कारण शारीरिक, मानसिक, आर्थिकलगायत सबैखाले असर परेको तथ्याङ्कले देखाएको छ ।

### २.२.८. जातीयताका आधारमा महिलामाथि हुने हिंसा

महिलामाथि हुने हिंसाका विभिन्न प्रकारहरू र महिलाको जातीयताका आधारमा विश्लेषण गर्दा यसवर्ष सबैभन्दा बढी तराई आदिवासी जनजाति महिलामाथि हिंसा भएको पाइएको छ । हिंसा प्रभावित कूल महिलामध्ये २१ प्रतिशत (३७६ जना) तराई आदिवासी जनजाति, २१ प्रतिशत (३७३ जना) पहाडे ब्राह्मण/क्षेत्री, १६ प्रतिशत (२७९ जना) पहाडे आदिवासी जनजाति, ११ प्रतिशत (१९३ जना) तराई दलित, पाँच प्रतिशत (८० जना) तराई गैरदलित, १३ प्रतिशत (२२३ जना) पहाडे दलित, ६ प्रतिशत (९८ जना) ब्राह्मण/क्षेत्री, तराई र चार प्रतिशत (६७ जना) मुस्लिम महिलामाथि हिंसा भएको तथ्याङ्क अभिलेख भएको छ ।

### २.२.९. पीडक र प्रभावितको सम्बन्ध

महिलाको पीडकसँग रहेको सम्बन्धको आधारमा विश्लेषण गर्दा महिलामाथि सबैभन्दा धेरै हिंसा श्रीमानबाट भएको छ । महिलामाथि हिंसा गर्ने ५१ प्रतिशत (८९७ जना) श्रीमान् रहेको तथ्याङ्कले देखाएको छ । त्यसैगरी १९ प्रतिशत (३३७ जना) महिला आफ्नै परिवारका सदस्यवाट, १८ प्रतिशत (३१३ जना) महिला छिमेकीबाट, सात प्रतिशत (११७ जना) महिला आफूले आत्मीय ठानेका व्यक्तिबाट हिंसामा परेका छन् । यसैगरी एक प्रतिशत (२६ जना) साथीबाट, एक प्रतिशत (२१ जना) सेवा प्रदायक जस्तै प्रहरी, स्वास्थ्यकर्मीबाट, एक प्रतिशत (१५ जना) अविवाहित तर सँगै बसेकाबाट, ०.१ प्रतिशत (२ जना) शिक्षकबाट र दुई प्रतिशत (४४ जना) अपरिचित व्यक्तिबाट महिलामाथि हिंसा भएका पाइएको छ ।

# परिच्छेद ३

## महिलामाथि हुने हिंसा अन्त्यका लागि भएका प्रयास तथा प्रावधानहरू

महिलाले पुरुषसरह अधिकार र स्वतन्त्रताको निर्धक्क उपभोग गर्न नपाउनु महिलामाथि हुने हिंसाको कारण मध्ये एक हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ ले कसैलाई पनि जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक आस्था आदिका आधारमा शोषण, दमन, विभेद र हिंसा गर्न पाइने छैन भन्ने व्यवस्था गरेको छ । यसैगरी महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (सीड) १९७९ अनुसार महिलामाथि गरिने विभिन्न किसिमका शारीरिक, यौनिक, मानसिक एवं हिंसात्मक व्यवहारहरू महिला हिंसा हुन् । यस्ता व्यवहारभित्र महिलामाथि गरिने कुटपिट, घरभित्र बालिकामाथि गरिने यौन शोषण, दाइजोका कारण गरिने दुर्व्यवहार, वैवाहिक जीवनभित्र बलात्कारका साथै विभिन्न किसिमका सामाजिक एवं सांस्कृतिक परम्पराहरू पर्दछन् ।

लैङ्गिक समानता र महिलाविरुद्ध हुने घर भित्रको सवै प्रकारको हिंसा नियन्त्रण गर्नका लागि घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ कार्यान्वयनमा छ। पछिल्लो समयमा लैङ्गिक हिंसा न्यूनिकरणका लागि थुप्रै राष्ट्रिय अन्तर्राष्ट्रिय प्रयास जारी छ।

लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐनले महिलाविरुद्धका भेदभावपूर्ण कानुनको खारेजी र लैंगिक समानताको लागि कानुन संशोधन गरेको छ । महिलामाथि हुने हिंसाको अनेक स्वरूप र प्रकृतिलाई सम्बोधन गर्न नेपालको पुरानो मुलुकी ऐन २०२० लाई २०७५ भदौबाट अन्य ऐनहरूद्वारा प्रतिस्थापन गरिएको छ। जसमा मुलुकी अपराध संहिता, २०७४; मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४; फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४; मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ रहेका छन् ।

यी ऐनहरूमार्फत् सबै प्रकारका हिंसा, भेदभाव, शोषण, सामाजिक सांस्कृतिक कुरीतिजन्य व्यवहार वा अभ्यास, महिलामाथि हुने हानिकारक परम्परागत अभ्यासहरूलाई अपराध कार्यको रूपमा व्याख्या गरेर सजाय तथा क्षतिपूर्तिको व्यवस्था गरिएको छ। यी ऐनहरूले महिलामाथि हुने

हिंसाको प्रकृति र स्वरूपहरूका आधारमा कानूनी सजाय वा क्षतिपूर्तिको व्यवस्था गरेको छ। महिला हिंसालाई सम्बोधन गर्न कानुनी उपचार, समाधान र दण्ड सजायका निमित्त यी ऐन कानुनहरू विशेष छन् ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १६० मा 'उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्थाका आधारमा कुनैपनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्नु हुँदैन' भनिएको छ । त्यस्तो कसूर गर्ने वा गराउनेलाई तीन वर्ष कैद, ३० हजार रुपैयाँ जरिवाना वा दुवै सजाय हुने व्यवस्था पनि उपदफा (२) अन्तर्गत गरिएको छ। मुलुकी अपराध संहिता, २०७४ अन्तर्गत नै 'कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिइ करणी (बलात्कार) गरेमा वा मञ्जुरी लिएर भएपनि १८ वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा ऐन बमोजिम सजाय हुने' व्यवस्था गरेको छ । सोही ऐनले वैवाहिक बलात्कारलाई समेत अपराध मानेर त्यस्तो जबर जस्ती करणीमा पाँच वर्षसम्म कैद सजाय तोकेको छ । त्यस्तै सबै नागरिक कानुनको दृष्टिकोणमा समान हुने र कसैलाई पनि भेदभाव गर्न नपाइने, कानुन विपरीतका प्रथा वा परम्परालाई समेत मुलुकी देवानी संहिता, २०७४ को दफा १५ ले दुरुत्साहन गरेको छ ।

लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न बनेको ऐन, २०७२ ले जुनसुकै थलोमा हुने लैङ्गिक हिंसालाई कानुनी दायरामा ल्याएको छ। त्यस्तै लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कार्य सञ्चालन कार्य विधि, २०६८ ले लैङ्गिकताका आधारमा घरेलु हिंसा, कार्यस्थलमा हुने यौनजन्य हिंसा, दुर्व्यवहार, सामाजिक कुरीतिजन्य विभेदपूर्ण व्यवहारलाई समेत लैङ्गिक हिंसाभित्र समेटेको छ। जसअनुसार कुनैपनि व्यक्तिलाई लिङ्ग भेदको आधारमा गरिएको कुनैपनि खालको पीडा वा हिंसालाई कानुनी रुपमा सजाय हुने व्यवस्था गरिएको छ ।

एसिड प्रहारजस्तो अमानवीय र जघन्य अपराध गरेमा वा कसैलाई घाइते वा शरीरमा क्षति पुऱ्याए २० वर्ष कैद सजाय हुनेगरी तत्कालिन प्रधामन्त्री के पी ओलीको कार्यकालमा मन्त्रिपरिषद्ले अध्यादेश ल्याएको थियो । अहिले उक्त अध्यादेश निष्क्रिय छ तर उक्त अध्यादेशमा एसिडको दुरुपयोग र एसिड आक्रमण गरी कसैको मृत्यु भएमा जन्मकैद र घाइते, अङ्गभङ्ग वा शरीरका कुनै अङ्गमा भएको क्षतिको गम्भीरताअनुसार २० वर्षसम्म कैद र १० लाख रुपैयाँ क्षतिपूर्ति भराउने व्यवस्था गरिएको थियो ।

यसैगरी मुलुकी अपराध संहिता, २०७४ मा पनि एसिड आक्रमणलाई जघन्य अपराधमा राखेर पीडकबाट १ लाखदेखि ३ लाख रुपैयासम्म क्षतिपूर्ति भराउने र क्षतिलाई आँकलन गरेर २० वर्षसम्म कैद गराउन सक्ने प्रावधान रहेको छ ।

यसैगरी राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ ले सबै क्षेत्रमा महिलाको सारभुत र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै आर्थिक र सामाजिक रुपान्तरणद्वारा लैङ्गिक समानता स्थापित गर्ने दीर्घकालिन सोच लिएको छ । जसको उद्देश्य महिला, किशोरी तथा बालिकाको सामाजिक-आर्थिक विकासका लागि नीतिगत र संरचनात्मक व्यवस्था गर्नु, लैङ्गिक भेदभाव, हिंसा र शोषणको अन्त्य गरी समानता र लैङ्गिक मूल्य मान्यतामा आधारित समाज स्थापित गर्नु, लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्नु र महिलाको आर्थिक सशक्तिकरण गर्नु रहेको छ । लैङ्गिक समतामूलक राष्ट्र निर्माणको सोच र लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्नेलगायतका उद्देश्यसहित १५ औं आवधिक योजना पनि कार्यान्वयनमा रहेको छ ।

राष्ट्रिय महिला आयोगले २०७८ साल वैशाखमा संयुक्त राष्ट्रसङ्घीय महिलाविरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने समिति - सीड (CEDAW) बाट नेपालको छैटौं आवधिक प्रतिवेदनमाथि प्राप्त निष्कर्ष र सुझावको कार्यान्वयन अवस्था सम्बन्धि अध्ययन प्रतिवेदन सार्वजनिक गरेको थियो । सीड समितिले दिएका प्रायःजसो सुझाव मध्ये ७१.४ (६० वटा) प्रतिशत कार्यान्वयनको क्रममा रहेको र २३.८ प्रतिशत (२० वटा) कार्यान्वयन हुन नसकेको प्रतिवेदमा उल्लेख छ । समितिले दिएका महत्वपूर्ण सुझावमा १.२ संविधानमा रहेको नागरिकतासम्बन्धी विभेदकारी व्यवस्थाहरू खारेज गर्ने, (निष्कर्ष टिप्पणी, परिच्छेद ९(ख), २.२ महिलाको न्याय प्राप्त गर्ने प्रयासलाई थप भेदभाव निम्त्याउने र लाञ्छना लाग्नेभन्दा पनि वैधानिक र सर्वस्वीकार्य हुने सामाजिक वातावरण प्रवर्द्धन गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद ११ (क), रहेका छन् । यसैगरि २.३ अन्तरवर्गीय र बहुविभेदको सामना गरिरहेका महिलाहरू जस्तैः दलित, जनजाति महिला, मधेशी र थारु महिला, धार्मिक अल्पसंख्यक समुदायका महिला, अपाङ्गता भएका महिला, दुर्गम स्थानमा बसोबास गर्ने महिला, समलिङ्गी महिला, द्विलिङ्गी, परलिङ्गी महिला तथा अन्तरलिङ्गी व्यक्ति र विस्थापित, आप्रवासनमा परेका महिलाहरूलाई लक्षित गरी वित्तीय सहयोग (निष्कर्ष टिप्पणी, परिच्छेद ११ (ख) रहेका छन् ।

३.५ महिला नेतृत्वलाई स्थानीय तहबाटै विकास गराउन स्थानीय तहको क्षमता र अधिकार सुदृढ गर्ने र लक्षित बजेट विनियोजन गर्ने कार्यलाई पुनः लागू गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद १३ (ग), ५.१ सबै प्रकारका परम्परागत हानिकारक अभ्यासहरू उपर प्रतिबन्ध लगाउने कानून चाँडै पारित गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद १९(क)), ६.१ वैदेशिक रोजगारमा जान इच्छुक महिला कामदार हरूमाथि लागू गरिएको प्रतिबन्ध फुकुवा गर्ने (निष्कर्ष टिप्पणी, परिच्छेद २५(क) रहेका छन् ।

अन्तर्राष्ट्रिय संगठित अपराधविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पूरक आलेख, पालेर्मो प्रोटोकल, नेपालले पनि अनुमोदन गरेको छ। नेपाल उक्त आलेख अनुमोदन गर्ने १ सय ७४ औं मुलुक हो । यो आलेख कार्यान्वयन भएमा मानव बेचबिखन तथा ओसारपसार, महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार रोकथाममा मद्दत पुग्ने अपेक्षा राख्न सकिन्छ। तर अनुमोदनपछि कार्यान्वयनका लागि नेपाल सरकारले बाल यौनशोषण तथा बेचबिखनसँग सम्बन्धित कानुनहरू परिमार्जन गर्नुपर्दछ। यसैगरी मानव बेचबिखन प्रभावितहरूलाई सम्बोधन गर्ने 'अन्तरदेशीय उद्धार र स्वदेश फिर्ती' सम्बन्धी नीति र कार्यविधि तत्काल बनाउन आवश्यक छ। यो कार्यविधि बन्न नसकेका कारण बेचबिखन प्रभावित महिला तथा बालबालिकाको स्वदेश फिर्तीमा समस्या हुने गरेको छ ।

महिलामाथि हुने हिंसाविरुद्धका सन्दर्भमा अरु थप ऐन नियमहरू पनि छन् । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४; मानव बेचबिखन तथा ओसारपसार पीडित र प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६४, मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) नियमावली, २०६४; घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६; घरेलु हिंसा (कसुर तथा सजाय) नियमावली, २०६७; कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐनले महिलामाथि हुने हिंसालाई सम्बोधन गर्ने प्रयास गरेका छन् ।

साथै सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५, बोक्सी आरोपविरुद्धको (कसुर र सजाय) ऐन, २०७२; एकल महिला सुरक्षा कोष नियमावली, २०७०; लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७; महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूल गर्ने महासन्धि कार्यान्वयनको लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना २०६० ले पनि महिला अधिकार सुनिश्चित गर्न र उनीहरूमाथि हुँदै आएको हिंसा न्युनिकरण गर्न सघाएका छन् ।

लैङ्गिक समानता तथा महिला सशक्तिकरण राष्ट्रिय कार्ययोजना, २०६१; जेष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२; मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८; छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४; पुनस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८; पुनःस्थापना कोष सञ्चालन निर्देशिका, २०६८; मानव बेचबिखनविरुद्धको अभियानमा संलग्न सरोकारहरूका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका, २०६८; बालबालिका ऐन २०७५ लगायतका ऐन नियम महिला हिंसा अन्त्यका लागि महत्वपूर्ण छन् । सरकारले वर्षेनी लैङ्गिक समानता र समाजिक समावेशीकरणका लागि भनेर निश्चित बजेट पनि छुट्ट्याउने गरेको छ । यसका लागि सरकारले प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका २०७७ समेत बनाएको छ ।

सरकारले महिलामाथि हुने हिंसा अन्त्यका लागि प्रतिवद्ध छ भनेर पटक पटक भनेको छ र त्यसै अनुसारका नीति, नियम र कानुन पनि बनाएको छ । वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र समाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प नेपालको संविधानले गरेको छ। केहीवर्ष यता सरकारीस्तरबाट लैंङ्गिक हिंसा न्यूनीकरणका लागि राष्ट्रिय कार्ययोजना तयार गरी स्थानीय तहदेखि राष्ट्रियस्तरसम्म विभिन्न कार्यक्रमहरू समेत सञ्चालन हुँदै आएका पनि छन् ।


विभिन्न संघसंस्थाहरूले सञ्चालन गरेका सशक्तिकरणका अभियानमार्फत् पनि महिलाहरूलाई आत्मनिर्भर, सशक्त र आर्थिक स्वनिर्भरताको विकास गराउने अभ्यास भईरहेको छ । यसरी नेपालको योजनावद्ध विकासमा लैंगिक हिंसा नियन्त्रण गर्न अन्तर्राष्ट्रिय र राष्ट्रियस्तरमा विविध कानुनी व्यवस्था छन् । नीतिगत व्यवस्थाहरू भएर पनि यसको कार्यान्वयनमा देखिएको कमीकमजोरीका कारण महिलामाथि हुने हिंसा र विभेद नियन्त्रण भने हुन सकेको छैन । महिला हिंसा अन्यका लागि राज्य र समाजको भूमिका महत्वपूर्ण हुन्छ । संविधान र कानुन प्रदत्त हक अधिकारलाई व्यवहारमा लागु गर्नका लागि राज्यको प्रतिवद्धता र सबै सरोकारवालाहरूको ऐक्यवद्धताको आवश्यकता पर्दछ ।

# परिच्छेद ४

## ४.१ महिलामाथि भएको हिंसाको अवस्था र विश्लेषण

### ४.१.१ भौगोलिक क्षेत्र अनुसार महिलामाथि भएको हिंसाको स्थिति

महिलामाथि हुने हिंसा कुनै विशिष्ट भौगोलिक क्षेत्रमामात्र सीमित हुँदैन र छैन। यो हरेक क्षेत्र/स्थानमा हुने गर्दछ। ओरेकको तथ्याङ्कअनुसार पनि मुलुकका सातवटै प्रदेशबाट महिला हिंसाका घटना अभिलेख भएका छन्। यो वर्ष २०२० जुलाईदेखि २०२१ जुनसम्मको समयावधिमा ओरेकले ७ वटै प्रदेशमा जम्मा एकहजार ७७२ महिलामाथि भएका हिंसाका घटनाको अभिलेखीकरण गरेको छ।





**चार्ट नं. १:** प्रदेश अनुसार महिलामाथि भएको हिंसाको स्थिति

यसवर्ष संकलित तथ्याङ्क अनुसार अघिल्लो वर्ष जस्तै, प्रदेश नं. १ बाट सबैभन्दा धेरै हिंसाका घटना अभिलेखीकरण भएका छन् । प्रदेश नं. १ मा ३३ प्रतिशत (५८२ जना), प्रदेश नं. २ मा २९ प्रतिशत (५१५ जना), वाग्मती प्रदेशमा सात प्रतिशत (११९ जना), लुम्बिनी प्रदेशमा १२ प्रतिशत (२०९ जना), कर्णाली प्रदेशमा १२ प्रतिशत (२१३ जना), सुदूरपश्चिम प्रदेशमा सात प्रतिशत (१३० जना) र गण्डकी प्रदेशबाट जम्मा ०.२ प्रतिशत (४ जना) महिलामाथि भएका विभिन्न प्रकारका हिंसाका घटना ओरेकमा अभिलेख गरिएको छ ।

ओरेकको सम्पर्कमा आएका र ओरेकको पहुँचमा रहेका स्थान र क्षेत्रमा घटनाको धेरै अभिलेख भएको छ । यही आधारमा यस्तो वर्गीकृत तथ्याङ्क निकालिएको हुँदा, कर्णाली प्रदेश र गण्डकी प्रदेशमा महिला हिंसा कम हुन्छन् र प्रदेश नं. १ मा बढी हुन्छ भन्ने किटान यसले गर्दैन । प्रदेश नं. १ को मोरङ्ग र उदयपुरमा ओरेकले लामो समयदेखि काम गरिरहेको छ । यसैगरि प्रदेश नं. २ को धनुषा, सुदूरपश्चिम प्रदेशको कैलाली, प्रदेश नं. ५ को दाङ्ग र प्रदेश नं. ३ को काठमाडौंमा सुरक्षित आवास समेत सञ्चालन गरिरहेको छ । यसैले ओरेक सक्रिय रहेका स्थानमा महिलामाथि हुने हिंसाका घटना धेरै अभिलेख हुनु निकै नै सकारात्मक हो । हिंसा हुनु कुनैपनि कोणबाट राम्रो होइन तर हिंसा भएर रिर्पोटिङ हुनु सकारात्मक हो किनकी घटना बाहिर आउनु भनेको न्यायिक प्रकृयामा जानु हो । महिलाका लागि सहयोगी संयन्त्रहरूको विकास, सूचनाको पहुँच र महिलाहरूको सशक्तीकरणको अवस्था राम्रो भएका स्थानमा महिलामाथि हुने हिंसाका घटनाहरू बढी रिर्पोटिङ हुने गरेका छन् । भौगोलिक विकटता, सूचनाको पहुँचको कमी, हिंसा प्रभावित महिलाहरूका लागि सहयोगी संयन्त्रहरूको अभाव र यी संयन्त्रसम्मको पहुँच नभएका ठाउँहरूमा हिंसाका घटनाहरू कमै रिर्पोटिङ रिर्पोटिङ हुने गरेका छन् । फलस्वरुप, कर्णाली प्रदेशबाट हिंसाको रिर्पोटिङ कम भएको हुन सक्दछ भन्ने हाम्रो विश्लेषण रहेको छ ।

### ४.१.२ महिला हिंसाका प्रकार

महिलामाथि हुने हिंसाका स्वरूप तथा प्रकार विभिन्न खालका छन् । यसवर्ष प्राप्त तथ्याङ्कका आधारमा महिलामाथि भएका हिंसालाई (चार्ट नं. २) १३ भागमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।




**चार्ट नं २:** महिलामाथि भएका हिंसाका प्रकारको अवस्था

यसवर्ष अभिलेख गरिएको तथ्याङ्कको विश्लेषण गर्दा सबैभन्दा बढी ६३ प्रतिशत (एकहजार ११६ जना) महिलामाथि घरेलु हिंसा भएको पाइएको छ। त्यस्तै गरी १५ प्रतिशत (२६५ जना) महिला सामाजिक हिंसाबाट, ११ प्रतिशत (१८७ जना) महिलामाथि बलात्कार, चार प्रतिशत (६८ जना) यौन हिंसा, दुई प्रतिशत (३६ जना) माथि बलात्कारको प्रयास भएको पाइएको छ। यसैगरी ०.८ प्रतिशत (१५ जना) महिलाको हत्या, ०.५ प्रतिशत (९ जना) महिलाको हत्या प्रयास गरिएका घटना अभिलेख भएका छन्।

यसरी नै एक/एक प्रतिशत (२० जना) मानव बेचबिखनमा परेका छन् भने ०.७ प्रतिशत (१२ जना) ले आत्महत्या गरेको र ०.२ प्रतिशत (४ जना) आत्महत्या प्रयास गरेको तथ्याङ्कमा उल्लेख छ। ०.५ प्रतिशतमाथि (९ जना) अनलाइन मार्फत भएका (साइबर अपराधका) घटना र ०.५ प्रतिशत (९ जना) अन्य हिंसा भएको पाइएको छ।

तथ्याङ्कअनुसार १.२ प्रतिशत (२२ जना) महिलालाई अलपत्र बनाइएको थियो भने अन्य हिंसा अन्तर्गत चारजना अपहरणमा परेको, तीनजना ठगीमा परेको तथा तीनजनालाई वेपत्ता बनाइएको छ।

अघिल्लो वर्ष जस्तै यसवर्ष पनि सबैभन्दा बढी महिला घरेलु हिंसाबाट नै प्रभावित भएका छन्। प्रत्येक व्यक्तिका लागि घर सुरक्षित हुन्छ र हो भन्ने मान्यतालाई दिन प्रतिदिन बढिरहेको घरभित्र हुने हिंसाको तथ्याङ्कले कमजोर बनाइरहेको छ। घरभित्रै महिला र बालिका अझ बढी असुरक्षित र हिंसाको जोखिममा रहेको अङ्क बढिरहेको हुँदा यसमा राज्य र नागरिक समाज गम्भीर हुनुपर्ने देखिन्छ ।


महिलालाई परम्परागत भूमिका मै देख्न चाहने गलत र हानिकारक सोच मुल्यमान्यता र अन्यायविरुद्धका आवाजलाई दवाइएका र बेवास्ता गरिएका कारण महिलामाथि सदियौंदेखि घरभित्रै हिंसा हुँदै आएको कुरा पछिल्लो समय आएका घटना र तथ्याङ्कले पनि पुष्टि गरेको छ। महिलाको शरीरलाई आफ्नो सम्पति ठान्ने, नियन्त्रणमा राख्ने, कुटपिट गर्ने, गालीगलौज गर्ने कार्यलाई सामान्यीकरण गर्दै यस्ता गतिविधिलाई पुरुषको अधिकारका रुपमा लिएर महिलालाई मानवीय व्यवहारहरूबाट सदियौंदेखि वञ्चित गरिँदै आइएको छ ।

घरेलु हिंसा प्रभावितले नै घर छोड्नुपर्ने, समयमा न्यायिक कार्वाही नहुने, पीडकले पटक-पटक धम्की दिने, पीडक नै शक्तिशाली हुने, सामाजिक रुपमा प्रभावितले लाञ्छना खेप्नुपर्ने, पारिवारिक र सामाजिक सहयोगको कमी हुने, परिवार र समाजबाटै एक्ल्याउने, चारित्रिक आरोप लगाउने र आत्मनिर्भर हुन नसक्दा बालबालिकाको पालनपोषणको बोझ एक्लै बोक्नुपर्ने चुनौतीका कारणले महिलामाथि घरभित्र भइरहेका अझै धेरै घटना बाहिर आउन सकेका छैनन्। यसका लागि सरकारले घरेलु हिंसामा संलग्न व्यक्तिलाई कानुनी कारवाही र आवश्यकता अनुसार सुधार गृहमा राख्ने र प्रभावितलाई घरमा नै सुरक्षित रुपमा बस्न पाउने अधिकारको सुनिश्चित गरी प्रभावितको शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जनका लागि सहयोग गर्नुपर्ने आवश्यकता रहेको छ ।



### ४.१.३ महिलामाथि हुने हिंसा र उमेर

महिलामाथि हुने हिंसा कुनै एक उमेर समूहमा मात्र केन्द्रित छैन। हरेक उमेर समूहका व्यक्तिहरू हिंसाबाट प्रभावित हुने गरेका छन्। यसवर्ष प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा तीन वर्षकी बालिकादेखि ९० वर्षीया बृद्धा समेत हिंसाबाट प्रभावित भएको पाइएको छ ।




**चार्ट नं. ३:** महिला हिंसा र उमेर समूह

यस अध्ययनमा महिलाको उमेरलाई ६ समूहमा विभाजन गरी प्राप्त तथ्याङ्कलाई कुन उमेर समूहका महिलामाथि बढी हिंसा भएको छ भनी विश्लेषण गरिएको छ । प्राप्त तथ्याङ्कको आधारमा यसवर्ष सबैभन्दा बढी ३४ प्रतिशत (६०७ जना) १७ देखि २५ वर्ष उमेर समूहका महिलामाथि हिंसा भएको पाइएको छ । यस्तै गरी २६ देखि ३५ वर्ष उमेर समूहका ३३ प्रतिशत (५८० जना), ३६ देखि ४५ वर्ष उमेर समूहका १५ प्रतिशत (२६३ जना), १६ वर्षभन्दा कम उमेर समूहका बालिका १२ प्रतिशत (२०६ जना), ४६ देखि ५५ वर्ष उमेर समूहका पाँच प्रतिशत (८५ जना) र ५६ वर्षभन्दा माथिका उमेर समूहका दुई प्रतिशत (३१ जना) महिला कुनै न कुनै प्रकारको हिंसामा परेको पाइएको छ । उमेरको हिसाबले १७ देखि २५ वर्ष र २६ देखि ३५ वर्ष उमेर समूहका महिलाहरू बढी हिंसाको जोखिममा रहेको तथ्याङ्कले देखाएको छ । प्राप्त तथ्याङ्कअनुसार प्रजनन र उत्पादनमूलक उमेरका सक्रिय महिला हिंसाको जोखिममा सबैभन्दा धेरै रहेका छन् । यो उमेर समूहका अत्यधिक महिला घरबाहिरको काममा संलग्न हुने हुनाले हिंसाजन्य घटनाबाट धेरै लक्षित भएको हुनसक्छ ।

२० देखि २४ वर्ष उमेर समूहका महिला घरेलु हिंसाको उच्च जोखिममा रहेका हुन्छन् ।[1] नेपालमा यो उमेरका अधिकांश महिलाको विहे भइसकेको हुन्छ । यो तथ्याङ्कलाई आधार मान्दा विवाहपछि


[1]https://asiafoundation.org/resources/pdfs/OPMCMGECUGBVResearchFinal.pdf

महिलामाथि धेरै हिंसा हुने गरेको प्रष्ट हुन्छ । यद्यपि १६ वर्षभन्दा कम उमेरका बालिकाहरूमा पूर्ण रुपमा हिंसाका स्वरुप र आफ्ना अधिकारका बारेमा जानकारी नहुने वा जानकारी भएतापनि आफूमाथि भएको हिंसालाई सार्वजनिक वा उजुरी गरे पीडकले झन पीडा दिने डरले लुकाउने वा परिवारलाई मात्रै जानकारी दिने गरेका छन् । कसैलाई भने वा उजुरी गरे पीडकले आफूलाई मारिदिने, परिवारका सदस्यलाई हानी नोक्सानी पुऱ्याउने डर, धम्की दिने हुनाले यो उमेर समूहका बालिकाहरू हिम्मत बटुलेर घरपरिवारका सदस्यलाई आफूमाथि भएको हिंसाका बारेमा जानकारी गराएपनि परिवारका सदस्य कै दबाबमा घटना लुकाउने गरेका उदाहरण थुप्रै छन् । आफ्नी छोरी वा बहिनीमाथि भएका यस्ता घटना समाजले थाहा पाएमा आफ्नो र छोरीको इज्जत जान्छ र उसको विवाह हुँदैन भन्ने सोच अहिलेसम्म पनि उत्तिकै बलियो रहेका कारण पनि यस्ता घटना कम मात्रामा सार्वजनिक भएका वा न्यायिक प्रक्रियामा नगएका हुन सक्छन् ।


संकलित तथ्याङ्कका आधारमा हेर्दा ४६ वर्षभन्दामाथिका उमेर समूहका महिलामाथि भएका हिंसाका घटनाहरूपनि कमैमात्र अभिलेखीकरण भएका छन् । यसको कारण पीडकले विशेष गरी युवा अवस्थाका महिलालाई लक्षित गरी हिंसा गर्ने वा ४६ वर्षभन्दा माथिका महिला पनि समान रुपमा हिंसाबाट प्रभावित हुने गरेको घटनाहरूले देखाउँछन् । तर आफूमाथि भएका हिंसाका घटनालाई बाहिर ल्याउँदा इज्जत जान्छ भन्ने पुरानै सोच र हिंसालाई कानुनी अपराध भन्दापनि सामान्य रुपमा लिएका कारण घटनाहरू कममात्र रिर्पोटिङ भएको हुन सक्छ भन्ने हाम्रो विश्लेषण रहेको छ । साथै यो उमेरका महिलामा पारिवारिक जिम्मेवारी हुने हुँदा छोराछोरीका लागि पनि हिंसालाई सहेर बस्ने गरेको भेटिन्छ । सार्वजनिक वा उजुरी गर्ने वित्तिकै घर छोड्नुपर्ने, अन्य सहयोगी संयन्त्र नहुँदा जाने ठाउँ नहुने र एक्लिने डरले समेत हिंसालाई आफूमै दवाएर बस्ने गरेका हुन सक्छन् ।

### ४.१.४ महिला हिंसा र शिक्षा

महिलामाथि हुने हिंसा र शिक्षाको स्थिति विश्लेषण गरी चार्ट नं. ४ र ५ मा प्रस्तुत गरिएको छ । हिंसामा परेकामध्ये ७५ प्रतिशत (१३२२ जना) महिला साक्षर रहेका छन् । ती साक्षर महिलामध्ये ५५ प्रतिशत (७२३ जना) महिलाले आधारभूत शिक्षा (कक्षा १ देखि ८) अध्ययन गरेका, ३८ प्रतिशत (४९९ जना) ले माध्यमिक तहसम्म अध्ययन गरेका, ६ प्रतिशत (७६ जना) ले स्नातक तह, १.२ प्रतिशत (१६ जना) ले स्नातकोत्तर तहसम्म तथा ०.६ प्रतिशत (८ जना) जनाले प्राविधिक शिक्षा अध्ययन गरेका छन् । हिंसा प्रभावित महिलाहरूमध्ये २५ प्रतिशत (४५० जना) निरक्षर रहेको पाइयो ।




**चार्ट नं.४ :** महिलाको शैक्षिक अवस्थाका आधारमा हिंसाको परिणाम




**चार्ट नं. ५ :** महिलाको साक्षरताको अवस्थाका आधारमा हिंसाको परिणाम

यसवर्ष प्राप्त तथ्याङ्कका आधारमा हेर्दा निरक्षर महिलाको तुलनामा साक्षर महिलामाथि बढी हिंसा भएको पाइएको छ। निरक्षर महिलाका तुलनामा शिक्षित महिला आफ्ना अधिकारका बारेमा बढी जानकार हुने, अन्याय नसहने, प्रतिवाद गर्ने र आफूमाथि भएको हिंसाविरुद्ध आवाज उठाउनुपर्छ भन्ने कुरामा सचेत छन् भन्ने यहाँ आएको तथ्याङ्कले देखाउँछ। शिक्षित महिलाहरू अन्याय सहँदैनन् र सहन हुन्न भन्ने कुरामा सचेत भएका कारण आफूमाथि भएका हिंसाका बारेमा उजुरी गर्दछन्।

शिक्षामा पहुँच नभएका महिलाहरू अझैपनि आफ्ना अधिकारका बारेमा अनभिज्ञ छन् । उनीहरूले अन्याय वा हिंसा जे भोग्दै आएका छन् त्यो सामान्य हो भनेर बुझेका छन् । बुझेपनि न्यायका लागि कहाँ जाने र कोसँग भन्ने बारेमा जानकारी नभएका कारण चुपचाप अन्याय सहेर बसेको छन् ।


नेपाल सरकारले महिलामाथि हुने हिंसा न्यूनीकरण गरी उनीहरूको अधिकार सुनिश्चित गर्न संविधान मै महिलाको हकलाई मौलिक हकका रुपमा व्यवस्था गरेको छ । साथै त्यसै अनुसार विभिन्न नियम कानुन, नीति, निर्देशिका निर्माण तथा परिमार्जन गरेको छ । यद्यपि  अहिलेपनि धेरै नेपाली महिलाले आफूमाथि भएका हिंसालाई गैरकानुनी वा अपराधका रूपमा नलिई सामान्य रुपमा लिने गरेका छन् ।

प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयले सन् २०१२ मा गरेको एक अध्ययन अनुसार ६० प्रतिशत महिला लैङ्गिक हिंसा सम्बोधनका लागि बनेका कानुनका बारेमा अनभिज्ञ छन् ।[२] सरकारका तर्फबाट गरिएका सकारात्मक प्रयासहरूले महिलालाई आफूमाथि भएका हिंसाको पहिचान गर्न र यसविरुद्ध बोल्न प्रोत्साहन गरेको छ, तर यस्ता कानुनी व्यवस्था र आवश्यक सूचना महिलाहरूसम्म नपुग्नाले यसले महिलाको जीवनमा कुनै सकारात्मक परिवर्तन ल्याउन सकेको छैन । देश संघीयतामा गइसकेपछि महिला हिंसा न्यूनीकरणका लागि राज्यले व्यवस्था गरेको प्रयासलाई स्थानीय तहमार्फत जानकारी दिन र कार्यान्वयन गर्न अहिले सहज भएको छ । केही स्थानीय तहले सक्रियताका साथ महिला सशक्तिकरणका लागि विभिन्न कार्यक्रम गर्ने, कानुनी सचेतना ल्याउने काम गर्दै आएका छन् ।  योसँगै गैरसरकारी क्षेत्रबाट पनि यस्ता प्रयासहरू हुँदै आएका छन् । यद्यपि यस तथ्याङ्कले  सबै वर्ग र स्थानका महिलाको पहुँच हुने गरी सचेतनामूलक कार्यक्रम नपुगेको र अझै व्यापक रूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### ४.१.५ वैवाहिक स्थिति र महिलामाथि हुने हिंसा

महिलाहरूको वैवाहिक स्थिति जस्तोसुकै  भएपनि सबै हैसियतका महिलामाथि हिंसा हुने गरेको तथ्याङ्कले देखाएको छ । यसवर्ष अभिलेखीकरण गरिएका तथ्याङ्कमध्ये सबैभन्दा बढी ७६ प्रतिशत (एकहजार ३३८ जना) विवाहित महिला हिंसामा परेको पाइएको छ । २१ प्रतिशत (३६५ जना) अविवाहित महिला, २ प्रतिशत (३४ जना) एकल, १ प्रतिशत (१८ जना) विवाहित तर पारिवारिक मनमुटावका कारण अलग अलग बस्दै आएका, ०.५ प्रतिशत (९ जना) सम्बन्ध विच्छेद गरेका र ०.५ प्रतिशत (८ जना) कानूनी र सामाजिक रीतिरिवाजअनुरुप विवाह नगरेका तर विवाहितसरह सँगै बस्दै आएका महिलामाथि हिंसा भएको पाइएको छ ।

[२]https://asiafoundation.org/resources/pdfs/OPMCMGECUGBVResearchFinal.pdf




**चार्ट नं. ६:** महिलाको वैवाहिक स्थिति र हिंसाको परिणाम

नेपालको कानुनअनुसार विवाहको न्यूनतम उमेर २० वर्ष भएतापनि ३७ प्रतिशत नेपाली किशोरीको विवाह १८ वर्ष नपुग्दै र १० प्रतिशतको १५ वर्ष नपुग्दै विवाह हुन्छ। युनिसेफको तथ्याङ्क अनुसार नेपालमा बालविवाहको दर बङ्गलादेश र भारतपछि एसियाकै तेस्रो स्थानमा रहेको छ।[३]


पितृसत्तात्मक संरचना, मुल्यमान्यता र संस्कृति रहेको नेपालमा विवाह सामाजिक रुपले मान्यता प्राप्त संस्थाका रुपले स्थापित छ। महिलाले विवाहपछि आफूमाथि जस्तोसुकै अन्याय भएपनि मौन बस्नुपर्छ, परिवारको इज्जत धान्नुपर्दछ, सबै परिवारलाई खुसी राख्न सक्नुपर्छ भन्ने मान्यता अझैपनि व्याप्त छ र त्यस्ता महिलालाई मात्र राम्रो र संस्कारी महिलाको रुपमा लिइन्छ। विशेषगरी विवाहपछि श्रीमानको घरमा जानुपर्ने संस्कारले महिलालाई दोस्रो दर्जाको नागरिकका रुपमा राखेको छ। जसले गर्दा पुरुषहरूले महिलाको तुलनामा आफूलाई शक्तिशाली, स्रोतसम्पन्न वर्गको रुपमा लिएका छन् र महिलामाथि हिंसा गर्नका लागि उनीहरूलाई यसले प्रोत्साहन गरेको छ। सानैदेखि पितृसत्तात्मक सामाजिक संरचनामा हुर्केका पुरुषहरूले श्रीमतीलाई आफ्नो नियन्त्रणमा राख्नुलाई साधारण रूपमा लिन्छन्। किनभने सानैदेखि उनीहरूले आफ्नो बाबुले आमामाथि गरेको नियन्त्रण देखेर नै हुर्केका

[३]https://www.hrw.org/sites/default/files/report_pdf/nepal0916_insert_nepali_web.pdf

हुन्छन् र त्यही कुरा आफूले पनि सिकेको हुन्छन् । जसले गर्दा महिलाहरू बाँचुञ्जेल पारिवारिक बन्धनको पीडाभित्र जीवन गुजार्न बाध्य छन् ।

### ४.१.६ प्रभावितको जात/जातीयता

यसवर्ष संकलन गरिएको तथ्याङ्कले सबैभन्दा बढी तराईका आदिवासी जनजाति समुदायका महिलाहरूमाथि हिंसा भएको देखाएको छ । हिंसा प्रभावित कूल महिलामध्ये २१ प्रतिशत (३७६ जना) तराई आदिवासी जनजाति, २१ प्रतिशत (३७३ जना) पहाडे ब्राह्मण/क्षेत्री, १६ प्रतिशत (२७९ जना) पहाडे आदिवासी जनजाति रहेका छन् । ११ प्रतिशत (१९३ जना) तराई दलित र ५ प्रतिशत (८० जना) तराई गैरदलित, ६ प्रतिशत (९८ जना) तराई ब्राह्मण/क्षेत्री, १३ प्रतिशत (२२३ जना) पहाडे दलित, ४ प्रतिशत मुस्लिम (६७ जना) महिलामाथि हिंसा भएको पाइएको छ ।





**चार्ट नं. ७ :** हिंसा प्रभावित महिलाको जात/जातीयता र हिंसाको परिणाम

संकलन गरिएका तथ्याङ्कको आधारमा विश्लेषण गर्दा जुनसकै जातीय स्थिति भएका महिलामाथि हिंसा भएको पाइयो । नेपालमा बसोबास गर्ने विभिन्न जात जाति र जातीयताअनुसारको फरक फरक चलन, सामाजिक तथा साँस्कृतिक मूल्यमान्यता र सोही अनुरुपको सामाजिकीकरणको प्रक्रियाले पनि महिलामाथि हुने हिंसालाई निर्धारण गर्दछ भन्ने तथ्यमाथिको तथ्याङ्कले प्रस्तुत गरेको छ । जनजाती समूहका महिलाहरू तुलनात्मक रूपमा खुल्ला किसिमको सामाजिक तथा सांस्कृतिक वातावरणमा जन्मे हुर्केका हुन्छन् । यस समूहका महिलाहरू अन्य समूहका महिला भन्दा बढी बोल्न सक्ने र आफ्नो कुरालाई स्पष्ट रूपमा अगाडि राख्न सक्ने कारणले पनि उनीहरूमाथि भएका हिंसाका घटनाहरू तुलनात्मक रूपमा बढी रिपोर्टिङ भएको हुन सक्छ भन्ने हाम्रो विश्लेषण रहेको छ ।

यद्यपि सबै जातजाति र क्षेत्रमा हिंसा विद्यमान छ, तर स्वस्फूर्त रुपमा बाहिर आउने वातावरण अझैपनि बन्न नसकेकाले हिंसाको यथार्थ बाहिर आउन सकेको छैन । तसर्थ हिंसाको परिणाम र जातिगत अवस्थाको यथार्थ जानकारीका लागि अझ थप अध्ययन तथा अनुसन्धान आवश्यक रहेको तथ्याङ्कले देखाउँछ ।

### ४.१.७ प्रभावित र आरोपितसँगको सम्बन्ध

संकलन गरिएका तथ्याङ्कमा सबैभन्दा बढी ५१ प्रतिशत (८९७ जना) महिलामाथि श्रीमान्बाट हिंसा भएको पाइएको छ । त्यसैगरी १९ प्रतिशत (३३७ जना) परिवारका सदस्यवाट, १८ प्रतिशत (३१३ जना) छिमेकीबाट, सात प्रतिशत (११७ जना) महिलाले आत्मीय ठानेका साथी वा प्रेमीवाट महिलामाथि हिंसा भएको छ । एक प्रतिशत (२६ जना) साथीबाट, एक प्रतिशत (२१ जना) सेवा प्रदायक जस्तैः स्थानीय तहका प्रतिनिधि, प्रहरी, स्वास्थ्यकर्मीहरू र मुख्य हेरचाहकर्तावाट हिंसामा परेको पाइयो । यसैगरी दुई प्रतिशत (४४ जना) अपरिचित व्यक्तिवाट, १५ जना अविवाहित तर सँगै वसेका व्यक्तिवाट र दुईजना शिक्षकबाट महिलामाथि हिंसा भएको पाइएको छ ।




**चार्ट नं. ८ :** हिंसा प्रभावित महिलाको आरोपितसँगको सम्बन्ध


यसरी तथ्याङ्कको आधारमा हेर्दा महिलाहरू अन्जानबाट भन्दा घरपरिवार, छिमेक र चिनेजानेका व्यक्तिबाट नै बढी हिंसाको जोखिममा रहेको देखिन्छ। महिलामाथि सबैभन्दा बढी ५१ प्रतिशत श्रीमानबाटै हिंसा भएको तथ्याङ्कले देखाउँछ। अघिल्लो वर्ष झैँ यसवर्षको तथ्याङ्कले महिलाहरू विवाहपछि झन बढी हिंसाको जोखिममा रहेको पुष्टि गरेको छ। संस्थामा संकलन भएका तथ्याङ्कलाई हेर्दा श्रीमानवाट हुने हिंसालाई समाजले स्वभाविक रुपमा लिने, आफूमाथि भएको हिंसालाई बाहिर ल्याउँदा समाजले उसलाई नै दोष वा लाञ्छना लगाउने डर, घरभित्रको हिंसालाई बाहिर ल्याउँदा परिवारबाट अझ बढी यातना पाउने आशङ्का, घरबाट निकालिनुपर्ने डरजस्ता कारणले उनीहरूले हिंसालाई सहज रुपमा बाहिर ल्याउन सक्दैनन्। त्यसैले महिलाहरू आफ्नो ज्यानै खतरामा पर्ने अवस्था नआएसम्म हिंसा सहेर बस्ने गरेको पाइएको छ। फलस्वरुप हिंसा गर्ने व्यक्तिलाई यस्ता कार्य गर्न थप बल पुगेको छ। यसकारण महिलाहरू सबैभन्दा बढी आफ्नै भनिने र सबै भन्दा बढी माया गर्ने भन्ने ठानिएका व्यक्तिहरूबाट नै असुरक्षित रहेको तथ्याङ्कले पुष्टी गरेको छ।



## ४.१.८ महिलामाथि हुने हिंसा र पेसा/व्यवसाय

कुन पेसामा आवद्ध महिलाहरूमाथि बढी हिंसा भएको छ र हिंसा प्रभावित महिलाहरूको आर्थिक तथा आयआर्जनको अवस्था कस्तो छ भनी पहिचान गर्ने उद्देश्यले प्राप्त घटनाको आधारमा पेसागत अवस्थाको विश्लेषण गरिएको छ। यसवर्ष प्राप्त तथ्याङ्कमा सबैभन्दा बढी आफ्नै घरको

काममा संलग्न भएका ४३ प्रतिशत (७५५ जना) महिलामाथि हिंसा भएको पाइएको छ । यस्तैगरी हिंसा प्रभावित महिलाहरूमध्ये २० प्रतिशत (३४८ जना) कृषि पेसामा संलग्न रहेका, १६ प्रतिशत (२९१ जना) विद्यार्थी, ११ प्रतिशत (१९० जना) महिला दैनिक ज्यालामजदुरीमा संलग्न रहेको पाइएको छ । त्यस्तै चार प्रतिशत (७५ जना) व्यापार-व्यवसायमा संलग्न, एक प्रतिशत (१४ जना) जागिर खोज्दै गरेका, दुई प्रतिशत (३१ जना) गैरसरकारी क्षेत्रमा कार्यरत र १२ जना सरकारी सेवामा कार्यरत महिलामाथि हिंसा भएको तथ्याङ्कले देखाएको छ ।





**चार्ट नं. ९ :** महिलामाथि हुने हिंसा र पेसागत अवस्था

तथ्याङ्कको आधारमा हेर्दा घरायसी सेवामूलक निःशुल्क काममा संलग्न महिलाहरूमाथि बढी हिंसा भएको पाइयो । यसले के देखाउँछ भने महिलाहरू दैनिक १८ घण्टा भन्दा बढी घरका सेवामूलक काममा संलग्न रहन्छन् तर महिलाले घरमा गर्ने सेवामूलक कामको मूल्याङ्कन छैन, जसले गर्दा आर्थिक रुपमा श्रीमान तथा परिवारमानै पूर्ण निर्भर बनाइएका छन् । यस्तो स्थितिले उनीहरूमाथि हिंसा हुने वातावरण तयार गरेको छ। आफूमाथि भएको हिंसालाई बाहिर ल्याउँदा असुरक्षित भविष्य, बालबच्चाको पालनपोषण, शिक्षादिक्षा र उनीहरूको भविष्य के हुन्छ भन्ने चिन्तामा रहने र जसले गर्दा हिंसाविरुद्ध बोल्ने आँट नगर्ने गरेको पाइएको छ ।

### ४.१.९ हिंसाका कारण महिलामा परेका असरहरू

हिंसाले प्रभावित महिलालाईमात्रै हैन परिवारलाई समाजलाई र अन्तत देशलाई नै बहुआयामिक प्रभाव पारेको पाइएको छ । यसरी हिंसाका कारण महिलामाथि समग्ररुपमा पर्ने प्रभावलाई ५ भागमा वर्गीकरण गरी विश्लेषण गरिएको छ । यसवर्ष प्राप्त तथ्याङ्कका आधारमा हिंसाका कारण महिलाहरूलाई सबैभन्दा बढी ७०१ जना (४० प्रतिशत) शारीरिक असर परेको पाइयो । यसैगरि २६ प्रतिशत (४५३ जना) महिलालाई मानसिक असर, आठ प्रतिशत (१३५ जना) महिलालाई सामाजिक असर र चार प्रतिशत (७१ जना) महिलालाई आर्थिक असर परेको पाइएको छ भने २३ प्रतिशत (४१२ जना) महिलामाथि एकभन्दा बढी वा यी सबैखालका असर परेको तथ्याङ्कले देखाएको छ ।




**चार्ट नं. १० :** महिलामाथि हुने हिंसाका कारण महिलामा परेको असर

यसवर्ष संकलन भएको तथ्याङ्कलाई हेर्दा प्रभावितहरूमा बढीमात्रामा शारीरिक असर परेको पाइएको छ। यस्तो शारीरिक असर बाहिरबाट हेर्दा प्रत्यक्ष देख्न सकिने र महसुस गर्न सकिने हुँदा त्यसको सहजै आँकलन गर्न सकिएको हो। तर प्रभावितमा परेको मानसिक असरको मापन गर्न कठिन छ। यद्यपि प्रभावितमा प्रत्यक्ष रुपमा जुनसुकै असर परेको देखिएतापनि लामो समयसम्म मानसिक असर पर्ने समेत अध्ययनको क्रममा देखिएको छ।

प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयले २०१२ मा गरेको एक अध्ययनअनुसार हिंसा प्रभावित महिलामध्ये ६९ प्रतिशतलाई हिंसाको कारण मानसिक असर परेको, २९ प्रतिशतमा आत्महत्या गर्ने सोच आएको साथै सात प्रतिशतले आत्महत्याको प्रयास गरेको पाइएको छ।[४] साथै यसवर्षको ओरेक को अभिलेखीकरणले प्रभावितमाथि शारिरीक असरपछि मानसिक असर नै बढी परेको देखाएको छ। सबैभन्दा बढी महिलामाथि हिंसा श्रीमान र परिवारका सदस्यवाट हुने गरेको छ। साथै जो महिलाले आफ्नो जीवनमा हिंसा भोग्नुपर्दछ उही महिला घरवारविहीन हुनपर्ने अवस्था  र न्याय पाउनका लागि लामो संघर्ष गर्नुपरेको  अनुभव रहेको छ। यसले के देखाउँछ भने हिंसा गर्ने व्यक्तिको स्थान समाजमा हिंसा प्रभावित महिलाको भन्दा उच्च रहेको छ। आफूमाथि भएको हिंसाको बारेमा थाहा पाएमा समाज तथा परिवारबाट असहयोग हुने डरले हिंसालाई आफूभित्रै दबाएर राख्दा महिलाहरूमा बढी मानसिक असर परेको र यसले पछि गएर मानसिक रोग कै रुप लिएको देखिएको छ। महिलाहरूमा हिंसापश्चात प्रत्यक्ष रूपमा एउटा समस्या देखिएतापनि त्यसको सम्बन्ध अनेक पक्षहरूसँग हुने गर्दछ। यसरी हिंसाले महिलाको प्रत्यक्ष जीवनमा विभिन्न किसिमका असर पुऱ्याउने गरेको यसवर्षको तथ्याङ्कले देखाएको छ। वास्तवमा शारीरिक असरलाई कम गर्न  हामीकहाँ केही उपायहरू अवलम्बन गर्ने गरिएका छन्। तर मानसिक असरप्रति परिवार, समाज र राज्यको खासै ध्यान पुगेको पाइएको छैन। त्यसैले शारीरिकसँगसँगै मानसिक असरको पहिचान र व्यवस्थापन तथा समाधान गर्नतर्फ ध्यान पुऱ्याउन निकै ढिला भइसकेको छ ।

[४] https://asiafoundation.org/resources/pdfs/OPMCMGECUGBVResearchFinal.pdf

# परिच्छेद ५

## ५.१ महिला र घरेलु हिंसा

घरपरिवारका कुनै एक सदस्यद्वारा अर्को कुनै सदस्यमाथि गरिने शारीरिक, मानसिक, आर्थिक, साँस्कृतिक र यौनजन्य क्रियाकलापहरू घरेलु हिंसा हुन् । घरेलु हिंसा पीडितका रूपमा महिला, बालबालिका, पुरुष एवं यौनिक तथा लैंङ्गिक अल्पसंख्यक र सहयोगीका रुपमा घरको कामका लागि राखिएका कामदार जो कोही पनि हुन सक्छ । विशेष गरी घरेलु हिंसाबाट महिलाहरू नै बढी प्रभावित भइरहेको पाइन्छ । घरेलु हिंसा कुनै राष्ट्र वा क्षेत्र विशेषको मात्र नभएर यो विश्वव्यापी रूपमा सवैभन्दा धेरै हुने महिलामाथिको हिंसा रुपमै रहेको छ । नेपालमा पनि यो प्रमुख चुनौती रहेको छ । विश्वमै हरेक चारजना महिलामध्ये एकजना महिला घरेलु हिंसाबाट प्रभावित हुने गर्दछन् ।[१]

घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६ अनुसार  कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, आर्थिक तथा यौनजन्य यातना नै 'घरेलु हिंसा' हो । यसले व्यक्तिलाई शारीरिक तथा भावनात्मक चोट पुऱ्याउँछ । 'घरेलु सम्बन्ध'भन्नाले वंशज, विवाह, धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरूबीच भएको सम्बन्ध सम्झनुपर्छ । सो शब्दले सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेतलाई जनाउँछ ।[२]

घरेलु हिंसाका घटनाहरू दिनहुँ बढिरहेको तथ्याङ्कहरूले देखाएको छ । नेपाल प्रहरीको तथ्याङ्क अनुसार घरेलु हिंसा दिनप्रतिदिन बढिरहेको छ । आर्थिक वर्ष ०६६/६७ मा नेपाल प्रहरीमा ९८३ वटा घरेलु हिंसाको जाहेरी दर्ता भएका थिए भने ०७७/७८ सम्म आउँदा  १४ गुणा भन्दा बढीले बढेर १४,२३२ पुगेको छ ।[३] त्यस्तै ओरेकमा आर्थिक वर्ष ०७५/७६  मा ८८० वटा घरेलु

[१]https://www.who.int/news-room/fact-sheets/detail/violence-against-women
[२]घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ तथा घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २ ।
[३]नेपाल प्रहरी ।

हिंसाका घटना अभिलेख भएका थिए भने यसवर्ष ०७७/७८ मा एकहजार ११६ वटा घटना अभिलेखीकरण भएका छन् । जुन तथ्याङ्कले पनि घरेलु हिंसाका घटना बढ्दै गएको देखाउँछ । घरेलु हिंसाका स्वरूपहरू समाज, सामाजिक-साँस्कृतिक चालचलन वा परिस्थितिअनुरूप फरक भएतापनि संसारभरि नै बढी हुने गरेको छ ।

## ५.२. घरेलु हिंसाभित्रका स्वरुपहरु

घरेलु हिंसाका स्वरूपहरू व्यापक छन् । यसवर्ष गरिएको अभिलेखीकरणका आधारमा घरेलु हिंसाका निम्न स्वरूपलाई विश्लेषण गरी यस पुस्तकमा समावेश गरिएको छ ।

### शारीरिक हिंसा

श्रीमान् र घरपरिवारका सदस्यले हातहतियार अथवा आफ्नो बलको प्रयोग गरेर जबरजस्ती कुटपिट गर्नु, अङ्गभङ्ग गराउनु, शारीरिक दण्डसजाय दिनु, दाइजोको निहुँमा र चारित्रिक आरोप लगाइ कुटपिट गर्नु आदिलाई शारीरिक हिंसाभित्र समेटिएको छ ।

### मानसिक हिंसा

शारीरिक यातनाको डर देखाउने, गाली गलौज गर्ने, चारित्रिक आरोप लगाउने, अपशब्द प्रयोग गर्ने, उपेक्षा वा बेवास्ता गर्ने, अपशब्द बोल्ने, हेला-तिरस्कार गर्ने, भावनात्मक रूपमा दुर्व्यवहार गर्ने, डर, धम्की देखाउने जस्ता कार्यहरूलाई मानसिक हिंसाभित्र समेटिएको छ ।

### स्रोत साधनको वञ्चितिकरण


खानलगाउन नदिने, घर निकाला गर्ने, सम्पत्तिबाट बेदखल गर्ने, विवाहदर्ता, जन्मदर्ता नगर्ने, नागरिकता नबनाइदिने, शिक्षाबाट वञ्चित गर्ने, बेवास्ता गर्ने जस्ता हिंसाहरूलाई यसभित्र समेटिएको छ ।

### वैवाहिक बलात्कार

विवाह सम्बन्धभित्र हुने बलात्कारको सन्दर्भमा श्रीमान्ले श्रीमतीलाई उसको सहमतिबिना जवर जस्ती यौन सम्पर्क गर्ने वा गर्नका लागि बाध्य बनाइएको घटनालाई यस पुस्तकभित्र समावेश गरिएको छ ।

## ५.३ घरेलु हिंसाका प्रकारहरू


महिलामाथि हुने घरेलु हिंसाभित्र पनि सबैभन्दा बढी शारीरिक हिंसा हुने गरेको छ । महिलाहरूमाथि कुटपिटका घटना धेरै भएको तथ्याङ्कले देखाएको छ । महिलामाथि भएका घरेलु हिंसाका घटनामध्ये ४२ प्रतिशत (४७० जना) महिलामाथि शारीरिक हिंसा भएको पाइएको छ । यसैगरी २१ प्रतिशत (२३४ जना) लाई गालीगलौज तथा १२ प्रतिशत (१३६ जना) महिलालाई चारित्रिक आरोप लगाएर मानसिक हिंसा गरिएको पाइएको छ । साथै २३ प्रतिशत (२५४ जना) महिलालाई आवश्यक स्रोत साधन र सुविधावाट वञ्चित गरिएको र एक प्रतिशत (१६ जना) लाई श्रीमानले जवरजस्ती यौन सम्पर्क गर्न बाध्य पारी वैवाहिक बलात्कार गरेको तथ्याङ्कले देखाएको छ ।




**चार्ट नं. ११ :** महिलामाथि भएका घरेलु हिंसाका प्रकारहरू

## ५.४ घरेलु हिंसा र आरोपितसगको सम्बन्ध


घरेलु हिंसाबाट प्रभावित महिलामध्ये ७७ प्रतिशत (८६० जना) महिला आफ्नै श्रीमान्‌बाट र २३ प्रतिशत (२५० जना) आफ्नै घरपरिवारका सदस्यहरूबाट हिंसामा परेको तथ्याङ्कले देखाएको छ ।




**चार्ट नं. १२ :** घरेलु हिंसा प्रभावित महिला र आरोपितसँगको सम्बन्ध

## ५.५ प्रभावितको वैवाहिक अवस्था


घरेलु हिंसाबाट प्रभावितहरूको वैवाहिक अवस्था विश्लेषण गर्दा विवाहित महिला नै सबै भन्दा बढी हिंसाको जोखिममा रहेको तथ्याङ्कले देखाएको छ । यसवर्ष ९३ प्रतिशत (१ हजार ३४ जना) विवाहित महिला र तीन प्रतिशत (३७ जना) अविवाहित, एक प्रतिशत (१२ जना) एकल महिला, नौजना पारपाचुके गरेर बसेका र चारजना अविवाहित तर सँगै बसेका महिला घरेलु हिंसाबाट प्रभावित भएको पाइयो ।




**चार्ट नं. १३ :** घरेलु हिंसा प्रभावित महिलाको वैवाहिक अवस्था

## ५.६ प्रभावितको उमेर र घरेलु हिंसा


प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा घरेलु हिंसाबाट प्रभावितहरूमध्ये सबैभन्दा बढी २६ देखि ३५ वर्ष उमेरसमूहका महिला हिंसाबाट प्रभावित भएका छन् । यस उमेर समूहका महिला ४२ प्रतिशत (४६४ जना) रहेका छन् । यसैगरी क्रमशः १७ देखि २५ वर्ष उमेर समूहका ३३ प्रतिशत (३७१ जना) महिला यसवर्ष घरेलु हिंसाबाट प्रभावित भएका छन् । ३६ देखि ४५ वर्ष उमेर समूहका १६ प्रतिशत (१७८ जना),४६ देखि ५५ वर्ष उमेर समूहका पाँच प्रतिशत (५८ जना), ५६ वर्षभन्दा माथिका उमेर समूहका महिला दुई प्रतिशत (१९ जना) र १६ वर्ष भन्दा कम उमेर समूहका दुई प्रतिशत (२० जना) महिलामाथि घरेलु हिंसा भएको पाइएको छ ।





**चार्ट नं. १४ :** घरेलु हिंसा प्रभावित महिलाहरूको उमेरको अवस्था

## ५.७ प्रभावितको शिक्षाको स्तर र घरेलु हिंसा

महिलामाथि भएको हिंसा र महिलाको शैक्षिक अवस्थालाई विश्लेषण गर्दा ८३ प्रतिशत (७४७) जना) साक्षर महिलामाथि घरेलु हिंसा भएको पाइयो । यसैगरी साक्षर महिलाभित्र पनि सबैभन्दा बढी आधारभूत शिक्षा (१-८ कक्षासम्म) अध्ययन गरेका ५७ प्रतिशत (४२९ जना) महिला हिंसाबाट बढी प्रभावित भएको पाइएको छ ।





**चार्ट नं. १५ :** घरेलु हिंसा प्रभावित महिलाको शैक्षिक अवस्था र हिंसाको परिणाम




**चार्ट नं. १६ :** घरेलु हिंसा र प्रभावित महिलाको साक्षरताको अवस्था र हिंसाको परिणाम

## ५.८ प्रभावितको जात/जातीयता र घरेलु हिंसा

यसवर्ष प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा घरेलु हिंसा प्रभावित महिलाभित्र पनि सबैभन्दा बढी पहाडे ब्राह्मण/क्षेत्री २५ प्रतिशत (२७८ जना) हिंसामा रहेको पाइएको छ। त्यसपछि तराई आदिवासी जनजाती २० प्रतिशत (२२६ जना), पहाडे आदिवासी जनजाति १७ प्रतिशत (१९१ जना),पहाडे दलित १२ प्रतिशत (१३७ जना), तराई दलित आठ प्रतिशत (९४ जना), ब्राम्हण/क्षेत्री पहाडे पाँच प्रतिशत (५९ जना), तराई गैरदलित चार प्रतिशत (४१ जना) र तीन प्रतिशत (३७ जना) मुस्लिम महिला हिंसामा परेको पाइएको छ।





**चार्ट नं. १७ :** घरेलु हिंसा प्रभावित महिलाहरूको जात/जातिगत अवस्था

## ५.९ प्रभावितको पेशा र घरेलु हिंसा

घरायसी काममा संलग्न महिलाहरू बढी मात्रामा घरेलु हिंसाबाट प्रभावित रहेको यसवर्षको तथ्याङ्कले देखाएको छ। प्राप्त तथ्याङ्कका आधारमा ४९ प्रतिशत (५४२ जना) घरायसी काम, २४ प्रतिशत (२६८ जना) कृषि तथा पशुपालन, १२ प्रतिशत (१३२ जना) दैनिक ज्यालामजदुरीमा संलग्न, पाँच/पाँच प्रतिशत (५५ र ५८ जना) क्रमश: सामान्य व्यापार, व्यवसाय गर्ने र विद्यार्थी, १.४ प्रतिशत ( १५ जना) गैरसरकारी सेवामा संलग्न, १.९ (२१ जना) निजी क्षेत्र, ०.७ प्रतिशत


(८ जना) जागिर खोज्दै गरेका र सातजना सरकारी सेवामा संलग्न रहेका महिलामाथि हिंसा भएको पाइएको छ ।




**चार्ट नं. १८:** घरेलु हिंसा प्रभावित महिलाहरूको पेसा र हिंसाको अवस्था

## ५.१० प्रभावितलाई परेको असर

घरेलु हिंसाका कारण सबैभन्दा बढी महिलामा शारीरिक असर परेको पाइएको छ । प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा घरेलु हिंसाका प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी ३९ प्रतिशत (४४५ जना) महिलामाथि शारीरिक असर परेको पाइएको छ भने ३७ प्रतिशत (४२२ जना) मानसिक असर, २-२ प्रतिशत (२३ र २१ जना) क्रमशः सामाजिक र आर्थिक असर र २० प्रतिशत(२३४ जना) सबैखाले असर परेको पाइएको छ ।




**चार्ट नं. १९:** घरेलु हिंसाबाट प्रभावित महिलाहरूमा परेको असर प्रतिशतमा

यस अध्ययनले महिलामाथि हुने हिंसामध्ये घरेलु हिंसा सबैभन्दा बढी छ भन्ने देखाउँछ। महिला विभिन्न स्वरूपमा घरेलु हिंसा खेप्न बाध्य छन्। घरेलु हिंसाका स्वरूपमध्ये महिलामाथि दाइजो नल्याएको वा कम ल्याएको निहुँमा, धेरै छोरी जन्माएको, विवाह भएको लामो समयसम्म बच्चा नजन्माएको दोष महिलालाई नै लगाउने, गालीगलौज गर्ने, अपशब्द प्रयोग गर्ने तथा चारित्रिक आरोप लगाई श्रीमान् तथा परिवारका सदस्यबाट दैनिक शारीरिक तथा मानसिक यातना दिने गरेको यस अध्ययनले देखाउँछ। साथै हिंसा प्रभावित ३२ जना महिला नागरिकताबाट वञ्चित हुनुपरेको, ४४ जनाले विवाह दर्ता गर्न नपाएको, ३ जनाले बच्चाको जन्मदर्ता गर्न नपाएको, सातजना शिक्षाबाट वञ्चित हुनुपरेको, पाँचजनाले स्वास्थ्य सेवा नपाएको र १६९ जनालाई श्रीमान तथा परिवारले खान लाउन नदिइ घरनिकाला गर्ने जस्ता स्रोतसाधन र सुविधाबाट वञ्चित गराई थप जोखिमयुक्त जीवन गुजार्न बाध्य पारेको पाइएको छ। यसले घरेलु हिंसाबाट प्रभावित महिलाहरू शिक्षा, स्वास्थ्यलगायतका संविधानले व्यवस्था गरेको मौलिक हक अधिकारबाट वञ्चित हुनुपरेको अवस्थालाई समेत तथ्याङ्कले उजागर गरेको छ।

यसैगरी सबैभन्दा बढी महिलामाथि घरेलु हिंसा हुनु त्यसमा पनि ९३ प्रतिशत विवाहित महिलालाई ७७ प्रतिशत श्रीमानबाट र २३ प्रतिशत घरपरिवारका सदस्यबाटै हिंसा हुनुले प्रत्येक व्यक्तिका लागि घर सुरक्षित हुन्छ भन्ने परम्परागत मान्यतालाई गलत सावित गरिदिएको छ। तथ्याङ्कले घरभित्रै महिला

तथा बालिकामाथि हुने हिंसा र त्यसले निम्त्याएको असुरक्षा र जोखिमलाई प्रस्तुत गरेको छ। विवाहित महिला बढी घरेलु हिंसामा जोखिममा पर्नुको कारण हाम्रो समाजमा विद्यमान पित्तृसत्तात्मक सोच र सामाजिक संरचनाले हो। विवाहित महिलाहरू श्रीमान, सासु, ससुरा, देवरलगायतका व्यक्तिहरूबाट विभिन्न कारणहरूले हिंसा सहन बाध्य भइरहेको अवस्था छ।

यसैगरी यसवर्ष १७ देखि ३५ वर्ष उमेर समूहका ६२ प्रतिशत महिला बढी हिंसाको जोखिममा रहेको तथ्याङ्कले देखाउँछ । यो उमेर उत्पादनशील उमेर हो। यस उमेर समूहका महिला सामाजिक तथा जैविक प्रजनन दुबै कार्यमा सक्रिय संलग्न हुन्छन्। यसरी उत्पादनशील उमेरमा हिंसा हुँदा घर परिवार, समाज र राज्यकै उत्पादन र विकासमाथि नकारात्मक असर पर्छ। यसले गर्दा सम्पूर्ण देशकै विकासमा नकारात्मक असर पार्दछ।

महिलामाथि विभिन्न आयाम र स्वरूपमा आफ्नै घरभित्र भइरहेको हिंसाका कारण उनीहरूको सुरक्षित, सम्मानित र हिंसारहित वातावरणमा बाँच्न पाउने अधिकार हनन् भएको छ। महिलाको मानव अधिकारको सम्मान गर्दै घरभित्र वा घरपरिवारसँग जोडिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्ता कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट प्रभावितलाई संरक्षण गरी न्याय प्रदान गर्ने उद्देश्यले नेपाल सरकारले घरेलु हिंसा (कसुर तथा सजाय) ऐन, २०६६ ल्याएको हो। यद्यपि यो ऐनले मेलमिलापलाई जोड दिएपनि यो ऐनलाई आधार मानेर न्यायिक प्रक्रिया अघि बढेका मुद्दाहरू निकै कम रहेका छन्। तर घरभित्र र परिवारका सदस्यबाट हुने हिंसालाई अपराध मानेर दण्डनीय बनाउनु तात्कालिन समयका लागि यो एक कोशेढुङ्गा नै मानिएको थियो। यसलाई समयअनुसार र घरभित्र भइरहेको हिंसाका गम्भीर खालका प्रकृतिको विश्लेषण गरेर संशोधन गर्नु आवश्यक भइसकेको छ।

नियम कानुन जतिसुकै प्रगतीशील भएपनि देशभित्र स्थापित विभेदपूर्ण सामाजिक संरचनाहरूका कारण महिलालाई हेर्ने विभेदपूर्ण दृष्टिकोणमा व्यक्तिगतदेखि नीतिगत तहसम्म परिवर्तन हुन भने सकेको छैन, जसका कारण घरेलु हिंसा तथा महिलामाथि हुने हिंसाले निरन्तरता पाउँदै आएको छ। यसको नियन्त्रणमा अझ धेरै चुनौती थपिँदै गएका छन्।

हाम्रो समाजमा महिला तथा बालिकालाई हेर्ने नकारात्मक दृष्टिकोण, उनीहरूप्रतिको हानिकारक सोचका कारण महिलालाई नियन्त्रणमा राख्ने, कुटपिट गर्ने, गालीगलौज गर्ने कार्यलाई सामान्य र पुरुषको अधिकारका रुपमा लिँदै आइएको छ। साथै घरेलु हिंसा प्रभावितले नै घर छोड्नुपर्ने, समयमा न्याय

नपाउने , पीडकले पटक-पटक धम्की दिने, सामाजिक रुपमा लाञ्छना खेप्नुपर्ने, पारिवारिक र सामाजिक सहयोगको कमी हुने, परिवार समाज र आफन्तहरूबाट एक्लिने, बालबालिकाको पालनपोषणका लागि चुनौतीजस्ता कारणले गर्दा अझ धेरै घटना बाहिर आउन सकेका छैनन् । यसका लागि सरकारले घरेलु हिंसामा संलग्न व्यक्तिलाई कानुनी कार्वाही र आवश्यकता अनुसार सुधार गृहमा राख्ने र प्रभावितलाई घरमा नै सुरक्षित रुपमा रहने वातावरण बनाइ प्रभावितको शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जनका लागि सहयोग गर्नुपर्ने आवश्यकता रहेको छ ।

## घटना नं १ (घरेलु हिंसा)

शिक्षा र चेतनाले महिलालाई आत्मनिर्भर र सहासी बनाउँछ भन्ने कुरा सुनेर र पढेर थाहा पाएकी थिएँ । तर म आफैं शिक्षित भएरपनि यस्तो हिंसाको भुमरीमा पर्छु होला भन्ने कहिल्यै सोचिन जुन मैले अहिले भोगिरहेकी छु । म बीना (नाम परिवर्तन) अहिले ३१ वर्षकी भएँ । २८ वर्षको उमेरमा मेरो विहे दाङ्गमा भएको हो । बिहेअघि सुर्खेत मै मैले बि बि एस पास गरें । मेरो वुवाआमाका तीन सन्तानमा म माइली हुँ । माइतीमा हामीलाई कुनै दुःख भएन । पढ्न राम्रै पाएका थियौं । माइतीमा पाएको यही सुविधाले मलाइ अवसर पनि दिलायो । त्यसैले मैले बिहे अघि नै सहकारी संस्थामा काम गर्न थालेकी थिएँ ।

दाङ्गमा मागी विहे भयो । विहेको दुई महिनासम्म त श्रीमान तथा घरपरिवारले राम्रै व्यवहार गरेका थिए । दुई महिनापछि देखिनै घरपरिवार तथा श्रीमानले मप्रति गर्ने व्यवहारमा परिवर्तन देखिन थाल्यो । श्रीमानको जागिर रोल्पामा थियो, तर कहिलेकाहीँ घरमा आउँदा पनि राम्रोसँग नबोल्ने, मानसिक तनाव दिने, निहुँ खोज्ने गर्न थाले । परिवारले पनि त्यस्तै नजरले हेर्ने र व्यवहार गर्न थाले । खाना पनि सबैले खाएर बच्यो भनेमात्र खान पाएँ । बचेन भने भोकै बस्नुपर्ने अवस्थासम्म भैदियो ।

पछि श्रीमानको दाङ्गमै सरुवा भयो । श्रीमान दाङ्ग मै आएपछि मलाइ आशा थियो मप्रति परिवारले गरिरहेको व्यवहार प्रत्यक्ष देखेपछि श्रीमान परिवर्तन भैदेलान् । तर उल्टै सानातिना कुरा सहेर बस भन्ने, रुखा वचन लगाउने र ममाथि कुटपिटसम्म हुनथाल्यो । घरबाहिर कतैपनि जाने ठाउँ थिएन । यातना सहेर बस्दा बस्दा २०७७ भदौ १ गते मलाइ सबै परिवार मिलेर निलडाम हुने गरी  कुटपिट गरे । त्यहि समयमा ममाथि भएको घटना मामा ससुरालाई खबर गरी सुनाएँ । उहाँले पनि परिवारलाई सम्झाउनुभयो । ठुलो घटना होला भनेर उहाँले आफ्नो घरको एउटा कोठामा मलाइ केही दिनका लागि बस्न दिनुभयो । मेरो श्रीमान राति खाना खान र सुत्नमात्रै आउँथे तर मलाइ केहीपनि सहयोग गरेनन् ।

मलाइ मेरो माइतीले खानेदेखि सबै कुरामा सहयोग गर्दै आएका थिए । मैले विवाह दर्ता गर्ने कुरा गर्दा वास्ता गरेनन् । उल्टै तलाइ विवाह दर्ता किन चाहियो भनेर गाली गर्न थाले । आफ्नो सन्तान बनाउने कुरा हुँदा समेत श्रीमानले आमालाई सोध्नुपर्दछ भनेर जवाफ दिए  । यस्ता हरेक कुरा सहन गाह्रो भइरहेको थियो । घर नजिकैकी छिमेकी पत्रकार दिदीलाई यी सबै कुरा सुनाएँ । उहाँले यति धरै हिंसा सहेर बस्नु राम्रो होइन भन्दै न्यायका लागि ओरेक दाङ्गमा गई सल्लाह लिन सल्लाह दिनुभयो । त्यसपछि म ओरेकमा गएर आफ्ना सबै कुरा राखें ।

ओरेक र जिल्ला प्रहरीले तत्काल मेरो विवाह दर्ता गराईदिने वातावरण मिलाइदिए र अहिले कानुनअनुसारको न्याय पाएकी छु । यसका  लागि ओरेकलाई धन्यवाद । घरमा बस्ने वातावरण नभएपछि म अहिले सुर्खेतस्थित माइतीमा बस्दै आएकी छु ।

## घटना नं २ (वैवाहिक बलात्कार)

घरको आर्थिक अवस्था कमजोर भएकैले कैलाली जिल्लाकी अम्बिका (नाम परिवर्तन) ले पढ्न पाइनन् । २०५३ सालमा जन्मिएकी उनले सानै उमेरमा भागेर विवाह गरिन् । विहे गरेको १/२ वर्षमानै बच्चा पनि जन्मियो । बच्चा जन्मेपछि श्रीमासँग वैवाहिक सम्बन्ध राम्रो भएन । उसले अर्को विहे गऱ्यो । दुवैजना भागेर भारत गएर अम्बिकासँग सम्पर्कविहिन भएर बसे । अम्बिकालाई यता घरपरिवारले पनि वास्ता गरेनन् । न त खान दिए न त लाउन नै । दुई वर्षको बच्चाबाहेक उनको आफ्नो कोही थिएन ।

यहीबेला उनको एक ६५ वर्षीय पुरुषसँग भेट भयो । उनले आफ्नो श्रीमती बितिसकेको भन्दै आफूसँग विवाह गर्न प्रस्ताव गरे । आफूले केही दुःख नदिने पसलमा राख्ने कुरा गरेपछि दुःखको पहाडले थिचिएकी अम्बिकाको मन पग्ल्यो । यसरी दुःख पाएर बस्नुभन्दा उमेर धेरै भएपनि सुख पाउने आसले र बच्चाको भविष्यका कारणले उनी विवाह गर्न राजी भइन् । २७ वर्षको उमेरमा उनले ६५ वर्षिय वृद्धसँग विवाह गरिन् । 'अन्तरजातीय विवाह भएपनि बच्चा र मेरो भविष्यका लागि जे सोचेर विवाह बन्धनमा बाँधिएकी थिएँ मेरो सोच विपरित भैदियो' उनी भन्छिन् । उसले मलाई न त कुनै इज्जत दियो न त विहेअघि गरेको कुनै सुविधा, खान लाउन समेत दिएन अम्बिकाले भनिन् ।

'उसले आफ्नो यौन प्यास मेटाउन मलाइ झुटो आशा देखाएको रहेछ । विहेपछि रातभरि सुत्नै दिएन । मेरो ईच्छा विपरित एकै रातमा ९/१० पटकसम्म शारीरीक सम्बन्ध राख्न बाध्य बनायो । यतिमात्रै हैन उसले शरीर भरी टोक्ने र चिथोर्ने गर्न थाल्यो । न त दिन न त रात आफू पनि नाङगै हुने, मलाइ पनि नाङगै बनाएर जवरजस्ति यौनशोषन गर्न थाल्यो । कति पटक शारिरीक सम्वन्धकै लागि कुटाई खाएर बस्न बाध्य भएँ', अम्बिका भन्छिन् । उनी अगाडी भन्छिन्, 'उसले भनेका बेला सम्वन्ध राख्न नदिँदा शंका गरेर कुटपिट गर्ने घरवाट निकाल्नेसम्म गऱ्यो ।

यस्तो अवस्थामा अव बस्न नसक्ने स्थिति भएपछि २०७८ जेठ २२ गते मैले सहयोगका लागि ओरेकलाई सम्पर्क गरें । आफ्ना सबै समस्या सुनाएँ । मेरो असुरक्षित अवस्था देखेर उहाँहरूले ओरेककै सुरक्षा आवासमा बस्ने सल्लाह दिनुभयो र म अहिले ओरेकमा सुरक्षित भएर बसेकी छु ।' उनको श्रीमानविरुद्ध कानुनी प्रक्रिया अगाडि बढेको छ ।

# परिच्छेद ६

## ६.१ महिला र सामाजिक हिंसा

महिलाप्रति हानिकारक सामाजिक मूल्य-मान्यता, संस्कार, परम्परा तथा संस्कृतिका आडमा हुने हिंसालाई सामाजिक हिंसा भन्ने बुझिन्छ । समाजमा महिला र पुरुषलाई हेर्ने सामाजिक, सांस्कृतिक मूल्यमान्यतामा आधारित असमान र पुर्वाग्रही दृष्टिकोणका कारण महिलालाई होच्याउने, आत्मसम्मानमा चोट पुऱ्याउने, कमजोर देखाउने, महिलाको क्षमतामाथि प्रश्न गर्ने, अविश्वास र अवमूल्यन गर्ने, अवसरबाट वञ्चित गराउने, महिलाको स्वतन्त्रतामाथि प्रश्न उठाउने जस्ता विभेदपूर्ण व्यवहार तथा हिंसा घरभित्रदेखि राज्यतहसम्म विद्यमान छ । यस्ता व्यवहारले महिलाको स्वतन्त्र र आत्मसम्मानपूर्वक  बाँच्न पाउने अधिकारलाई समेत चुनौती दिएको छ ।

यस हिंसा भित्र बोक्सीको आरोपमा गरिने अमानवीय व्यवहार, गालीगलौज, चारित्रिक आरोप लगाउने, एसिड खन्याउने, जवरजस्ती र कम उमेरमा गरिदिने विवाहजस्ता कार्य पर्दछन् । महिलामाथि हुने सामाजिक हिंसाको मुख्यकारण हानिकारक सामाजिक सांस्कृतिक मूल्यमान्यता, यही कारणले महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण, महिलाले सदियौंदेखि निभाउँदै आएका परम्परागत भूमिकामा मात्रै  सिमित देख्न चाहनु यी र यस्तै संकुचित सोच, हानिकारक परम्परागत अभ्यास रहेका छन् । सामाजिक-सांस्कृतिक संरचनाहरूलाई परिवर्तन गर्ने वातावरण तयार गर्न महिलालाई हेर्ने परम्परागत दृष्टिकोण महिलाप्रति गरिने व्यवहार, सामन्ती संस्कारको बाहुल्य भएको समाज तथा धर्म र संस्कृतिको नाममा भइरहेका विभेदको जरैदेखि अन्त्य गर्न जरुरी छ ।

महिलाविरुद्ध हुने हिंसा भनेको ऐतिहासिक रुपमा महिला र पुरुषबिच रहेको असमान शक्ति सम्बन्धको परिणाम हो, जसले महिलामाथि प्रभुत्व कायम गर्न, भेदभाव गर्न र महिलाको पूर्ण प्रगतिलाई रोक्नका लागि नेतृत्व गरेको छ । महिलाविरुद्ध हुने हिंसा सामाजिक संयन्त्रको एक महत्वपूर्ण हिस्सा हो जसद्वारा पुरुषको तुलनामा महिलाहरू तल्लोस्तरमा वा अधीनस्थ स्थितिमा रहन बाध्य हुन्छन् ।[1] यसर्थ महिला र पुरुषबिचमा रहेको असमान शक्ति सम्बन्धको जरा कारणको पहिचान र सम्बोधनबिना महिलामाथि हुने हिंसाको अन्त्य सम्भव छैन ।

[1]Declaration on the Elimination of Violence against Women, Proclaimed by General Assembly resolution 48/104 of 20 December 1993


यसवर्ष महिलामाथि भएका कूल तथ्याङ्कमध्ये १५ प्रतिशत (२६५ जना) महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ ।

## ६.२. सामाजिक हिंसाका परिणाम र विश्लेषण

### महिलामाथि सामाजिक रूपमा भएका हिंसाका स्वरूपहरु

सामाजिक हिंसाका विभिन्न स्वरुपहरू रहेका छन् । यस अध्ययनमा महिलामाथि हुने सामाजिक हिंसाका ५ वटा स्वरुपलाई प्रस्तुत गरिएको छ । यसवर्ष संकलित तथ्याङ्कअनुसार महिलाहरूमाथि सामाजिक रूपमा भएका हिंसामा बढी मात्रामा ३२ प्रतिशत (८६) बालविवाह भएको पाइएको छ । त्यसैगरि २८ प्रतिशतलाई शारीरिक हिंसा भएको पाइएको छ । बिभिन्न बहानामा गालीगलौज गर्नु, चारित्रिक आरोप लगाउनु, श्रोतसाधनबाट वञ्चितिकरण गर्नु, बालविवाह गराइदिनु, शारीरिक हिंसा गर्नुजस्ता हिंसाहरू यसभित्र पर्दछन् ।


यसैगरी यसवर्ष १५ प्रतिशत (४१ जना) लाई चारित्रिक आरोप लगाइ कुटपिट गरी, अङ्गभङ्ग गराएको पाइएको छ । यसैगरी ३२ प्रतिशत (८६ जना) बालविवाह तथा पाँच प्रतिशत (१२ जना) लाई स्रोत साधनबाट वञ्चित गरिएका सामाजिक हिंसाका घटना अभिलेख भएका छन् ।




**चार्ट नं. २०:** महिलामाथि हुने सामाजिक हिंसाका स्वरुप

## ६.३ सामाजिक हिंसा र आरोपितसँगको सम्बन्ध


सामाजिक हिंसाबाट प्रभावित महिला र आरोपितसँगको सम्बन्धबारे विश्लेषण गर्दा महिलामाथि सबैभन्दा बढी छिमेकीबाट हिंसा भएको पाइयो । महिलामाथि भएका कूल सामाजिक हिंसाको ६६ प्रतिशत (१७४ जना) मा छिमेकीबाट हिंसा भएको छ । त्यसैगरी २० प्रतिशत (५३ जना) लाई आत्मीय ठानेका साथीले, पाँच प्रतिशत (१३ जना) साथीबाट, दुई प्रतिशत (६ जना) परिवारका सदस्यबाट, दुई प्रतिशत (५ जना) अविवाहित तर सँगै बसेका व्यक्तिबाट, ४ प्रतिशत (११ जना) सेवाप्रदायक संस्थाका अधिकारीबाट, एकजना शिक्षक र दुईजना अपरिचित व्यक्तिबाट महिलामाथि सामाजिक हिंसा भएको पाइयो ।




**चार्ट नं. २१:** सामाजिक हिंसा प्रभावितहरूको आरोपितसँगको सम्बन्ध

## ६.४ प्रभावितको वैवाहिक अवस्था


सामाजिक हिंसाबाट प्रभावित महिलाहरूको वैवाहिक अवस्थालाई विश्लेषण गर्दा विवाहित महिलामाथि बढी ६२ प्रतिशत (१६४ जना) सामाजिक हिंसा भएको पाइएको छ । त्यसैगरी सामाजिक हिंसाबाट प्रभावितहरूमध्ये ३१ प्रतिशत (८३ जना) अविवाहित, दुई प्रतिशत (५ जना) एकल महिला र दुई प्रतिशत (४ जना) सामाजिक रीतिरिवाज अनुरुप विवाह नगरेका तर विवाहितसरह सँगै बसेका, एक प्रतिशत (२ जना) विवाहित तर सँगै नबसेका र तीन प्रतिशत (७ जना) पारपाचुके गरेका महिला सामाजिक हिंसाबाट प्रभावित भएको पाइयो ।




**चार्ट नं २२:** सामजिक हिंसाका प्रभावितहरूको वैवाहिक स्थिति

## ६.५ प्रभावितको उमेर र सामाजिक हिंसा


सामाजिक हिंसाबाट प्रभावित महिलाहरूमा सबैभन्दा बढी १७ देखि २५ वर्ष उमेर समूहका र २६ देखि  ३५ वर्ष उमेर समूहका  रहेका छन् । १७ देखि २५ वर्ष उमेर समूहका ३० प्रतिशत (८० जना), २६ देखि ३५ वर्ष उमेर समूहका २१ प्रतिशत (५६ जना) महिला सबैभन्दा बढी सामाजिक हिंसामा परेका छन् ।  यसैगरी २०-२० प्रतिशत ३६ देखि ४५ वर्ष उमेर समूहका र १६ वर्षभन्दा कम उमेरका (५२ र ५३ जना), ४६ देखि ५५ वर्ष उमेर समूहका ६ प्रतिशत (१५ जना) र ५६ देखि माथिका ३ प्रतिशत (९ जना) महिला सामाजिक हिंसाबाट प्रभावित भएको यसवर्षको तथ्याङ्कले देखाएको छ ।





**चार्ट नं २३:** उमेरका आधारमा महिलामाथि भएका सामाजिक हिंसाको अवस्था

## ६.६ प्रभावितको शिक्षाको स्तर र सामाजिक हिंसा

सामाजिक हिंसाबाट प्रभावितहरूको शैक्षिकस्तर बारे विश्लेषण गर्दा ६९ प्रतिशत (१८२ जना) साक्षर र ३१ प्रतिशत (८३ जना) निरक्षर महिलामाथि हिंसा भएको पाइएको छ । साक्षर महिलाहरूमा पनि सामान्य आधारभूत शिक्षा अध्ययन गरेका ४७ प्रतिशत (८६ जना), माध्यमिक शिक्षा पुरा गरेका ४३ प्रतिशत (७८ जना), स्नातक तह अध्ययन गरेका, आठ प्रतिशत (१४ जना) र स्नातकोत्तर तह अध्ययन गरेका दुई प्रतिशत (४ जना) महिलामाथि हिंसा भएको पाइएको छ । यसले के देखाउँछ भने बुझेका वा सामान्य लेखपढ गर्न सक्ने महिलाहरू समेत सामाजिक हिंसाबाट प्रभावित छन् । शिक्षाको तह बढ्दै जाँदा हिंसाको दर घटेको देखिन्छ ।





चार्ट नं २४: सामाजिक हिंसा र शैक्षिक अवस्था




चार्ट नं २५: सामाजिक हिंसा र साक्षरताको अवस्था

## ६.७ प्रभावितको जात/जातीयता र सामाजिक हिंसा


सामाजिक हिंसाबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी २६ प्रतिशत (६८ जना) तराई आदिवासी जनजाति महिला रहेको पाइयो । त्यसैगरी दोस्रो सामाजिक हिंसा प्रभावितमा १४-१४ प्रतिशत (३७, ३७ जना) तराई दलित र ब्राह्मण/क्षेत्री पहाडे, १२ प्रतिशत (३२ जना) पहाडे दलित, आठ प्रतिशत (२० जना)ब्राम्हण/क्षेत्री तराई, सात प्रतिशत (१९ जना) तराई गैरदलित, छ प्रतिशत (१७ जना) पहाडे आदिवासी जनजाती साथै पाँच प्रतिशत (१३ जना) मुस्लिम महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ ।




**चार्ट नं.२६:** जात/जातीय आधारमा महिलामाथि भएको सामाजिक हिंसाको अवस्था

## ६.८ प्रभावितको पेसा र सामाजिक हिंसा


सामाजिक हिंसाबाट पनि घरायसी काममा संलग्न महिलाहरू बढी प्रभावित भएको पाइएको छ । सामाजिक हिंसाबाट प्रभावित ३४ प्रतिशत (६५जना) महिला घरायसी काममा संलग्न छन् । त्यसैगरी २४ प्रतिशत (४५ जना) कृषि तथा पशुपालनमा संलग्न, २६ प्रतिशत (४९ जना) विद्यार्थी, ७ प्रतिशत (१४ जना) दैनिक ज्यालामजदुरी गरेर जीवनयापन गरिरहेका महिला र ६ प्रतिशत (१२ जना) साना व्यापारमा संलग्न, २ प्रतिशत (३ जना) सरकारी सेवामा संलग्न, १ प्रतिशत (१ जना) जागिर र जागिर खोज्दै गरेका महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ ।




**चार्ट नं. २७:** सामाजिक हिंसा प्रभावित महिलाहरूको पेसागत अवस्था

## ६.९ सामाजिक हिंसाका कारण प्रभावितमा परेको असर

सामाजिक हिंसाबाट प्रभावितहरूमा सबैभन्दा बढी मानसिक असर परेको पाइएको छ। सबैभन्दा बढी २८ प्रतिशत (७४ जना) महिलामा मानसिक असर, त्यसपछि २६ प्रतिशत (६९ जना) महिलामा शारीरिक असर, १५ प्रतिशत (४१ जना) मा सामाजिक असर, दुई प्रतिशत (६ जना) मा आर्थिक असर परेको छ भने २८ प्रतिशत (७५ जना) महिलामा सामाजिक हिंसाका कारण सबैखाले असर परेको तथ्याङ्कले देखाएको छ। महिलाहरूमा पर्ने असरको प्रतिशतमा केही भिन्नता भएतापनि सामाजिक हिंसाका कारण महिलाको प्रत्यक्ष जीवनमा सबै प्रकारका असर पर्ने गरेको अध्ययनका क्रममा पाइएको छ।




**चार्ट नं. २८:** सामाजिक हिंसाका कारण प्रभावितमा परेका असरहरू

**विश्लेषण**

प्राप्त तथ्याङ्का आधारमा सामाजिक घटनालाई विश्लेषण गर्दा २८ प्रतिशत महिलामाथि शारीरिक हिंसा भएको पाइयो । विशेष गरेर समाजमा विद्यमान छुवाछुत प्रथा, जातीय विभेद, दाइजो तथा वोक्सीको आरोप लगाइ महिलामाथि शारीरिक हिंसा भएको छ । ओरेकले यसवर्ष अभिलेखीकरण (ओरेक र सञ्चारमाध्यममा आएका घटनासमेत) गरेका हिंसाका घटनामध्ये ४५ जना महिलामाथि बोक्सीको आरोपमा निर्घात कुटपिट भएको छ । यसैगरि बञ्चरो प्रहार गरी हत्या प्रयास गरेको, कपाल मुडी कालोमोसो दलेर अपमानित गरी गाउँगाउँ डुलाएको जस्ता अमानवीय र असभ्य प्रकृतिका हिंसा भएको पाइएको छ ।

ओरेकको मात्र अभिलेखीकरणको आधारमा ४० जना महिलामाथि बोक्सीको आरोपमा हिंसा भएको तथ्याङ्क प्राप्त भएको छ । जसमध्ये आठजनालाई बोक्सीको आरोपमा कुटपिट गरिएको, ३१ जनालाई बोक्सीको आरोप लगाएर अपशब्द प्रयोग गरी गालीगलौज गर्ने तथा चारित्रिक आरोप लगाएर मानसिक यातना दिएको र एकजनाको हत्या प्रयास गरिएको पाइएको छ ।

यसैगरी महिलामाथि हुने सामाजिक हिंसामा छिमेकीहरू पीडकको रुपमा संलग्न भएको पाइएको छ । त्यस्तै साथी, आत्मीय व्यक्ति, परिवारका सदस्य तथा सेवा प्रदायकको रुपमा रहेका व्यक्तिहरू समेत सामाजिक हिंसामा संलग्न रहेका छन् । यसरी नै उच्चशिक्षा हाँसिल गरेका महिलाहरूको तुलनामा सामान्य लेखपढ गर्न जानेका  महिलामाथि बढी हिंसा भएको तथ्याङ्कले औंल्याएको छ । शैक्षिकस्तर कम भएका महिलालाई हेप्ने, जसरी पनि हिंसा गर्न सकिने र उनीहरू हिंसाविरुद्ध उजुरी प्रक्रियामा जाँदैनन् भन्ने विश्वासका साथ पीडकबाट यस्ता हिंसा भएको पाइएको छ । घरायसी काम तथा कृषि पेसामा संलग्न र ज्यालामजदुरी गरेर आफ्नो जीविकोपार्जन गरिरहेका महिलामाथि बढी हिंसा भएको पाइयो । समाजमा उच्चवर्ग, आर्थिकस्तर बलियो भएका शक्तिशाली व्यक्तिहरूबाट महिलामाथि सामाजिक हिंसा हुने गरेको पाइयो । पितृसत्तात्मक संरचना र सदियौँदेखि व्यवहारमा रहेको असमान शक्तिसम्बन्धले आर्थिक रुपमा कमजोर बनाइएका, पछाडि पारिएका, मध्यमवर्गका महिलामाथि सामाजिक हिंसा बढी हुने गरेको पाइयो ।

## घटना नं. ३ (बोक्सीको आरोपमा कुटपिट)

२०७७ सालको त्यो भदौको मध्यरात, जुनरात मेरो जीवनमा अकल्पनीय घटना भयो । सुतिरहेको ठाउँबाट गाउँका ठूलाबडा भन्नेहरूले मेरा श्रीमानलाई तानेर लगे त्यसपछि मलाइ घिसारे । सिराहाको शिवमन्दिरमा मध्यरात १२ बजे गाउँका अगुवा, जनप्रतिनिधिसहित ५०/६० जना मानिस भेला भएका थिए । कारण थियो मलाइ तथाकथित बोक्सी साबित गर्नु । सिमावर्ती भारतीय गाउँ तोरियाहिबाट आएका झाँक्रीले मलाइ बोक्सी आरोप लगाए । यसपछि मेराविरुद्ध गाउँभरीका मान्छे भेला भएर पञ्चायती बसे । यतिसम्म की स्थानीय तहका जनप्रतिनिधि समेत त्यो पञ्चायतीका मुख्य मध्येका पात्र बने ।

भदौ २७ गते शनिबारको राति १२ बजे हामी निदाइसकेका थियौं । एक्कासी बाहिरबाट जोड जोडले ढोका ढक्ढक्याएको आवाज आयो । श्रीमान उठेर हेर्न आए । ढोका खोल्ने

बित्तिकै दुईजना गाउँकै युवाले मन्दिरमा बोलाएको भन्दै श्रीमानलाई समातेर लिएर गए । उनले आत्तिएर आफूलाई यहाँ किन ल्याएको भनेर जवाफ मागे । तर उनलाई सबैले चारै तिरबाट घेरा हाली छिमेकीको छोरी बिरामी भएको र तिम्रो श्रीमतीले उसलाई बिरामी बनाएको आरोप पञ्चायतमा सहभागीहरूले मेरो श्रीमानलाई लगाए । उनी आफू घेरिएको कारणले डराउँदै मेरो श्रीमतीले कसैलाई केही नगरेको भन्दै अहिलेको जमानामा बोक्सीमा विश्वास गर्नुहुन्छ भन्दै पञ्चायतीलाई प्रश्न गरे । तर उनको कुरा कसैले सुनेनन् । श्रीमानलाई लगेको एकछिनपछि मलाइ पनि एक समूहले लछारपछार गर्दै घिसार्दै जबरजस्ती पञ्चायतीमा ल्याए । मलाइ बोक्सी भन्दै पुरुषहरूको भीडले निर्घात कुटे । म अर्धचेत अवस्थामा पुगें ।

पछि म बेहोस भएकी रहेछु । मलाइ कुटिरहेको कुरा सुनेर छोरा बचाउनका लागि भिडमा पसेछ । त्यहाँ उपस्थित केहीले नकुट्नु भनेपनि कुट्नु भन्नेको आवाज धेरै आयो । छोरा र श्रीमान मलाइ बचाउन अगाडि बढ्दा उनीहरूलाई उल्टै बाँधेर राखियो । मध्यरातमा निर्घात रुपमा कुटेर बल प्रयोग गरी मलाई मलमुत्र समेत खुवाएर सबै आ–आफ्ना घर गए । तर मेरो अवस्था मर्नु न बाँच्नु थियो । श्रीमान र छोराले एम्बुलेन्स बोलाइ मलाइ लहानस्थित कामना नर्सिङ्ग होम पुर्‍याए । अवस्था गम्भीर भएको भन्दै मलाइ त्यहाँ भर्ना लिएन र धरान लिएर गए ।

घटनाको जानकारीसहित उजुरी दर्ता गर्नका लागि ओरेकको सहयोगमा म इलाका प्रहरी कार्यालय गएँ । उजुरी दिएपछि अहिले प्रहरीले ममाथि दुर्व्यवहार गर्नेहरूलाई पक्राउ गरी धरौटीमा रिहा गरिसकेको छ । मेरो स्वास्थ्य अवस्थामा पनि क्रमशः सुधार भएको छ । मैले ओरेकमा निरन्तर रुपमा मनोविमर्श सेवा लिँदै आएकी पनि छु । तर यो घटनाका कारण मेरो छोराको विवाह हुन सकेको छैन ।

## घटना नम्बर ४. (बालविवाह)

मेरो नाम कोपिला खत्री हो । मेरो जन्म उदयपुर जिल्लामा भएको हो । हाम्रो परिवारमा ममी, बाबा, भाई र म गरी चार जना छौं । हाम्रो आर्थिक अवस्था सामान्य छ, तरपनि बाबाले ज्यालामजदुरी गरेर राम्रै स्कुलमा पढाउनु भएको छ । अहिले म १४ वर्षकी भएँ । कक्षा ८ मा पढ्छु ।

मलाई मेरो बाबाममीले घरबाट बाहिर कतैपनि जान दिनु हुन्थेन । कहिलेकाहीँ स्कुलवाट ढिलो आयो भनेपनि धेरै प्रश्न सोध्ने, छोरी मान्छे भएर यसरी ढिला घर आउनुहुदैन, काम बाहेक घर वाहिर जानुहुँदैन भनेर थुनेर राख्ने र गाली गर्ने गर्नुहुन्थ्यो । म साथीको घरमा समेत जान पाउँदिनथें । कतै बाहिर गएँ भने ममीले मलाइ गाली गर्ने र कुट्ने गर्नुहुन्थ्यो । मलाइ ममीले कुट्दा पनि बाबाचाहिँ नबोली बस्नुहुन्थ्यो । मैले पाँच कक्षा पढ्दा देखिनै मोबाइल चलाउँदै आएकी थिएँ । फेसवुक पनि खोलेकी थिएँ, तैपनि म त्यति मोवाइलमा ध्यान दिँदैनथे । पढाइमा वढी ध्यान थियो ।

गतवर्ष कोभिडको कारणले लकडाउन भयो र अनलाइन पढाइ हुन थालेपछि मोवाइलमा अलि बढी ध्यान जान थाल्यो । यसरी मोवाइल चलाउँदै जाँदा फेसबुकमा गाउँकै केटासँग चिनजान भयो । उसलाई पहिला मैले चिनेको थिइन । उ फुपू दिदीकोमा इन्डियामा वस्दो रहेछ । चिनेपछि निरन्तर उसँग फेसवुकमा कुराकानी हुनथाल्यो । जसले गर्दा मलाइ पनि दिनदिनै उसको माया लाग्न थाल्यो । केटा दलित जातिको भन्ने कुरा पनि मलाइ थाहा थियो । पछि उ दसैंमा घर आयो । तर हाम्रो भेटघाट भएको थिएन । फोनमा नै कुराकानी भइरहेको थियो ।

एकदिन मेरो घरमा सानीआमा आउनु भएको थियो, उहाँले मेरो मोवाइलमा म्यासेज देखेर बाबाममीलाई सुनाइदिनु भएछ । मेरो बाबा ममीलाई पनि थाहा भयो । यसपछि

मलाइ उहाँहरूले कुटपिट गर्न थाल्नुभयो । सँधै गाली गर्ने र त्यहीं दमाईसँग जा भन्न थाले । यी वचन मैले सहन सकिन अनि केटालाई वोलाएर २०७८ असार २० गते राती ८ वजे  हामी भाग्यौं । कता बस्ने के गर्ने केही थाहा थिएन । लकडाउनले  गर्दा गाडी पनि चलेको थिएन,  हामीसँग पैसा पनि थिएन ।

कतै जाने ठाउँ नभेटेपछि हामी त्यहाँवाट जङ्गल तिर हिड्यौं । जङ्गलमा ३ दिनसम्म भोकभोकै बस्यौं । भोक सहन नसकेपछि हामी केटाको घरमा आयौं । यो कुरा मेरो बाबाममीले थाहा पाएर प्रहरीमा उजुरी गर्नुभएछ । तत्कालै जिल्ला प्रहरी कार्यालयबाट आएका  प्रहरीले समातेर हामीलाई छलफलका लागि भनेर लग्यो । तर हामीलाई आ–आफ्नो परिवारको जिम्मा लगायो । म घरमा आएपछि मेरो बाबाममीले त्यो दमाईसँग किन गएकी भन्दै मलाइ फेरी कुटपिट गर्न थाले । अव तँलाई पढाउँदैनौ भन्दै मलाई ढोका थुनेर राखे  ।

पटक-पटकको गालीगलौज, अपमान र कुटपिटले  मलाइ असहय भयो । धेरै नै तनाव हुन थाल्यो ।  म पुन : त्यही केटासँग असार २७ गते राती ८ वजे उसको घरमा नै गएँ । फेरी मेरो बाबा, ममी र अंकल आएर मलाई जबरजस्ती उसँग छुटाएर लानुभयो ।  मलाई विहान १० वजे तिर उसको घरबाट सिधै  जिल्ला प्रहरी कार्यालयमा ल्याउनुभयो । त्यहाँ केही सरसल्लाह गरेर मलाइ फेरी प्रहरीको साथमा मनोविमर्शका लागि ओरेक शाखा कार्यालय उदयपुरमा ल्याउनुभयो ।

मेरो अभिभावक र जिल्ला प्रहरी कार्यालयले मलाई ओरेकको सुरक्षावासमा राख्नुभयो । यहाँ मलाइ मनोविमर्श सेवा निरन्तर दिएको हुनाले अहिले म आफनो भविष्य प्रति सोच्न र गम्भीर हुन थालेकी छु  । मनमा  सकारात्मक कुराहरू आउन थालेको छ ।

# परिच्छेद ७

## ७.१ बलात्कार

बलात्कार सभ्य समाजको कलङ्कको रुपमा रहेको जघन्य र निकृष्ट अपराध हो। पछिल्लो समयमा देशभर बलात्कार र बलात्कारपछिको हत्या भएका घटनाले हाम्रो समाजको कुरूप तस्विर अगाडी आएको छ। महिला तथा किशोरीमाथि हुँदै आएका यस्ता जघन्य अपराधका घटनालाई सरकारले गम्भीर रूपमा नलिँदा र बलात्कारका घटनामा वास्तविक पीडकको पहिचान गरी दोषीलाई कारवाही गर्न नसक्दा प्रभावितले न्याय पाउन सकिरहेका छैनन्। अर्कोतिर यस्तो दण्डहिनताले अपराधीहरूको मनोबल बढ्न गइ यस्ता घटनामा तिब्रता आएको छ।

कोरोना महामारीमा बलात्कारका जघन्य र अति निकृष्ट घटनाहरू सार्वजनिक भए। एउटै व्यक्तिले धेरै किशोरीमाथि बलात्कार गरेको र अन्त्यमा हत्या नै गरिदिएको घटनाले अपराधीको मनोबल दण्डहिनताले कतिसम्म बलियो बनाएको रहेछ भन्ने कहाली लाग्दो अवस्थालाई बाहिर ल्याएको छ। सबै भन्दा भयानक अवस्था बालिकाहरू आफ्नै बाबु, दाजु र नजिकका आफन्तबाट बलात्कृत भइरहेका छन् र ती अपराधीहरूलाई कानुनको दायरामा ल्याउन सकिएको छैन। यसकारण अपराधीहरूको मनोवल बढेको छ, बालिकाहरू अत्यन्तै असुरक्षित वातावरणमा हुर्किरहेका छन्। अर्कोतर्फ बलात्कार जस्तो जघन्य अपराधलाई गाउँ मै मेलमिलाप गराउनु र पीडितलाई केही पैसा दिएर उसको बोली बन्द गराउँदा दण्डहिनता बढेको छ  जसको परिणाम भयानक हुन्छ भन्ने प्रमाण यी यस्ता घटनाले दिएका छन्, तर पनि राज्य महिलामाथि हुने यस्ता जघन्य अपराधप्रति गम्भीर छैन भन्ने कुरा दल तथा सरकारको नेतृत्वतहमा बसेकाहरूले  बेलाबखत दिँदै आएका अभिव्यक्तिले पुष्टि गरेको छ।

नेपाल प्रहरीको तथ्याङ्कअनुसार  गएको १० वर्षमा १७ हजार ७८० महिला तथा बालिका बलात्कृत भएका छन्। यस तथ्याङ्कलाई हेर्दा नेपालमा प्रत्येक वर्ष औसत २० प्रतिशतका दरले बलात्कारका घटना बढेको देखिन्छ। नेपाल प्रहरीको  आर्थिक वर्ष ०७६/०७७ को तथ्याङ्कअनुसार  २ हजार १४४ बलात्कार  र ६८७ बलात्कार प्रयासका घटनाको जाहेरी दर्ता भएको देखिन्छ। कोरोना

महामारीको समयमा २०७६ चैत्रदेखि २०७७ भदौसम्ममात्रै देशभर १ हजार २ सय २१ जनामाथि बलात्कार भएको थियो । यसरी हेर्दा औसत दैनिक सात जना महिला बलात्कृत भएका छन् ।

यसैगरी अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को महिला तथा बालिकामाथि भएको हिंसा सम्बन्धी अध्ययन प्रतिवेदनमा पनि २०१८ को तुलनामा २०१९ मा बलात्कारका घटना बढेको उल्लेख छ । इन्सेकको तथ्याङ्कअनुसार २०१८ मा सातसयको हाराहारीमा बलात्कारका घटनाको अभिलेख भएकोमा सन् २०२० को अगस्टसम्ममा दोब्बर भएको छ । २०२० मा १४०० भन्दा बढी महिला तथा बालिकामाथि बलात्कार भएको तथ्याङ्क इन्सेकले सार्वजनिक गरेको छ । यसैगरी ओरेकमा अभिलेख भएको तथ्याङ्कलाई हेर्दा ०७५/७६ मा १४३ वटा बलात्कार र १८ वटा बलात्कार प्रयासको घटना अभिलेखन भएकोमा अघिल्लो आर्थिक वर्षको भदौसम्ममात्रै १७८ वटा बलात्कार र ४० वटा बलात्कार प्रयासका घटना भएको पाइएको छ । यसले नेपालमा महिला मानव अधिकार हननको भयानक अवस्थालाई चित्रण गरेको छ ।


महिला अधिकार सुनिश्चित गर्न कानुन संशोधन, द्रुतन्याय प्रणालीको व्यवस्था, हदम्याद बढाउने निर्णय, दण्ड सजायमा पुनरावलोकनलगायतका पछिल्लो समयमा सरकारबाट भएका केही पहल सकारात्मक छन् । तरपनि बलात्कारका घटना घट्नुको साटो किन बढिरहेको छन् ? किन पीडित/प्रभावितले न्याय पाउने वातावरण सहज छैन ? कानुन कार्यान्वयन गर्ने निकाय, बलात्कारको मुद्दामा अनुसन्धान र अभियोजन गर्ने निकायहरू सम्वेदनशील छन की छैनन् ? यो सवालमा सरकार तथा सम्बन्धित निकायको तत्काल ध्यान जानु जरुरी छ । व्यक्ति, परिवार, समाज र नीतिगत तथा राष्ट्रिय राजनीतिसम्म नै महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण र महिलाको शरीर र यौनिकतामाथिको नियन्त्रणले यस्ता हिंसाका घटनालाई प्रश्रय दिइरहेको छ ।

यस्ता घटनाहरूमा हुने समाजको मौनताले महिलाको शरीर जसरी पनि प्रयोग गर्न सकिन्छ भन्ने सोचलाई अझ बलियो बनाउँदै विभेदकारी सामाजिक संरचनागत प्रणालीलाई निरन्तरता दिएको छ । यही कारणले समाजमा भित्र भित्र दण्डहिनता मौलाएको छ । विषाक्त पुरुषत्वलाई मलजल गरेको छ र कानुन, कानुनी राज्य र विधिको शासनलाई पङ्गु बनाएको छ । तसर्थ एकातिर समाजको जरा जरामा कानुनी सचेतना ल्याउनु अति जरुरी भैसकेको छ । सँगसगै कानुन कार्यान्वयन गर्ने निकायहरू सम्वेदनशील हुनु आवश्यक छ । समाज जागरुक भएर न्याय माग्न जाँदा वा अन्यायविरुद्ध समाजबाटै बलियो आवाज आएका खण्डमा कानुन कार्यान्वयन गर्ने निकाय समेत वाध्य हुनेछन् । त्यसैले सबैभन्दा पहिला नागरिक सचेतना अति नै महत्वपूर्ण छ ।

अर्कातिर महिलाको शरीरलाई परिवार तथा समाजको इज्जत र प्रतिष्ठासँग जोडेर हेर्ने हानिकारक सोचको अन्त्य हुनुपर्छ र महिलामाथि हुने सबै प्रकारका हिंसामा सामाजिक मौनताको संस्कृतिलाई तोड्दै, विभेदित सामाजिक संरचनाको जरैदेखि रुपान्तरण गरी हिंसाविरुद्ध शुन्य सहनशीलताको नीतिलाई अवलम्वन गरिनुपर्दछ ।

## ७.२ बलात्कार आरोपितसँगको सम्बन्ध


महिलाहरू अन्जानबाट भन्दा चिनेजानका र आफ्नै वरीपरिका व्यक्तिहरूबाट नै बढी बलात्कृत भएका छन् । सबैभन्दा बढी ५६ प्रतिशत (१०४ जना) महिला छिमेकीबाट, १५ प्रतिशत (२८ जना) परिवारका सदस्य जस्तै आफ्नै बाबु, काका, मामा, ससुरा, देवरबाट महिला तथा बालिकाहरू बलात्कृत भएको तथ्याङ्कले देखाउँछ । यसैगरी १७ प्रतिशत (३१ जना) आफूले आत्मीय ठानेका साथीबाट, पाँच प्रतिशत (९ जना) साथीबाट, तीन प्रतिशत (५ जना) सेवा प्रदायक संस्थाका अधिकारीवाट, दुई प्रतिशत (४ जना) कानुनी एवं सामाजिक परम्परा अनुरुप विवाह नगरेका तर विवाहितसरह सँगै बसेका साथीबाट र तीन प्रतिशत (६ जना) अपरिचित व्यक्तिवाट बलात्कृत भएको तथ्याङ्क प्राप्त भएको छ ।




**चार्ट नं. २९:** बलात्कार प्रभावित महिलाको आरोपितसँगको सम्बन्ध

## ७.३ बलात्कार प्रभावितको उमेर


महिला तथा बालिकामाथि जुनसुकै उमेरमा पनि बलात्कार हुन सक्दछ भन्ने तथ्य यसवर्षको तथ्याङ्कले उजागर गरेको छ। ओरेकले अभिलेख गरेका तथ्याङ्कलाई विश्लेषण गर्दा तीनवर्षकी बालिकादेखि ९० वर्षीया महिला समेत बलात्कृत भएको पाइएको छ। तर महिलाहरू जति कम उमेरका हुन्छन् त्यति नै धेरै बलात्कारको जोखिममा रहने सम्भावना रहेको समेत तथ्याङ्कले उजागर गरेको छ। हामीले संकलन गरेको बलात्कारको तथ्याङ्क अनुसार ४५ प्रतिशत (८४ जना) १६ वर्षभन्दा कम उमेरका बालिका बलात्कृत भएका छन्। १७ देखि २५ वर्ष उमेर समूहका ३७ प्रतिशत (७० जना), २६ देखि ३५ वर्ष उमेर समूहका ११ प्रतिशत (२० जना), ३६ देखि ४५ वर्ष उमेर समूहका चार प्रतिशत (८ जना) तथा ४६ वर्षभन्दामाथिका तीन प्रतिशत (५ जना) महिलामाथि बलात्कार भएको छ।





**चार्ट नं. ३०:** बलात्कार प्रभावित महिलाहरूको उमेरका आधारमा हिंसाको परिणाम

## ७.४ बलात्कारबाट प्रभावितको शैक्षिक अवस्था

बलात्कारबाट प्रभावित महिलाको शैक्षिकस्तरबारे विश्लेषण गर्दा निरक्षरको तुलनामा साक्षर महिला नै बलात्कारबाट बढी प्रभावित हुने गरेको पाइएको छ । यसवर्ष प्राप्त तथ्याङ्कका आधारमा १२ प्रतिशत निरक्षर (२३ जना) र ८८ प्रतिशत (१६४ जना) साक्षर महिलामाथि बलात्कार भएको पाइयो । यसैगरी महिलाको शैक्षिक अवस्था हेर्दा ५१ प्रतिशत (८३ जना) आधारभूत तह अध्ययन गरेका, ४० प्रतिशत (६५ जना) माध्यमिक तहसम्मको अध्ययन गरेका तथा आठ प्रतिशत (१३ जना) जना स्नातक तह र दुई प्रतिशत (३ जना) स्नातकोत्तर तहसम्मको अध्ययन गरेका महिलामाथि बलात्कार भएको पाइयो । तर अभिलेख गरिएको तथ्याङ्कमा न्याय खोज्न वा उजुरी गर्न  निरक्षर महिला भन्दा साक्षर र शिक्षित महिला बढी अग्रसर र सचेत भएका कारणले पनि साक्षरको धेरै र निरक्षर महिलाको संख्या थोरै भएको हुनसक्छ ।





**चार्ट नं. ३१:** बलात्कार प्रभावितमहिलाको साक्षरताको अवस्था




**चार्ट नं. ३२:** बलात्कार प्रभावित महिलाको शैक्षिक अवस्था

## ७.५  प्रभावितको जात/जातियता


बलात्कारबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी २०, २०  प्रतिशत (३८, ३७  जना) तराई आदिवासी जनजाति, पहाडे आदिवासी जनजाति महिला रहेका छन् । यसैगरी १५ प्रतिशत (३० जना) पहाडे ब्राह्मण/क्षेत्री, १४ प्रतिशत (२७ जना)  पहाडे दलित, १३ प्रतिशत (२५ जना) तराई दलित र पाँच प्रतिशत (९ जना) क्रमशः तराई गैरदलित, चार प्रतिशत (७ जना) मुस्लिम महिला र चार प्रतिशत (८ जना) अन्यबाट प्रभावित भएका छन् ।




**चार्ट नं. ३३:** जात/जाातीय आधारमा महिलामाथि भएको बलात्कारको स्थिति

## ७.६ प्रभावितको पेशा

बलात्कारबाट प्रभावित भएका महिलामध्ये बढी १६ वर्षभन्दा कम उमेरका बालिका र पढ्दै गरेका उमेर समूहका बढी रहेका छन् । ४९ प्रतिशत (९२ जना) छात्रा तथा बालिका  धेरै बलात्कृत भएका छन् । त्यसैगरी २६ प्रतिशत (४९ जना) घरायसी काममा संलग्न, नौ प्रतिशत (१७ जना) कृषि पेसा, ६ प्रतिशत (११ जना) दैनिक ज्यालामजदुरी गर्ने, एक-एक प्रतिशत (२-२ जना) क्रमशः सामान्य व्यापार व्यवसायमा संलग्न, निजी क्षेत्र तथा जागिर खोज्दै गरेका महिलामाथि बलात्कार भएको छ । त्यस्तै एक-एक जना सरकारी र गैरसरकारी सेवामा कार्यरत महिला बलात्कृत भएका छन् ।




**चार्ट नं. ३४:** पेसागत आधारमा महिलामाथि भएको बलात्कारको अवस्था

## ७.७. बलात्कार र आरोपितको उमेर

बलात्कारमा संलग्न आरोपित व्यक्तिहरूको उमेरको आधारमा हेर्दा सबैभन्दा बढी १७ देखि २५ वर्षका युवा बलात्कारमा संलग्न भएको तथ्याङ्कले देखाएको छ। यस उमेर समूहका ३१ प्रतिशत (५५ जना) युवा बलात्कारमा संलग्न रहेको पाइएको छ। यसैगरी २७ प्रतिशत (४८ जना) २६ देखि ३५ वर्ष उमेर समूहका, २१ प्रतिशत (३८ जना) ३६ देखि ४५ वर्ष उमेरका र ११ प्रतिशत (१९ जना) ४६ वर्षभन्दा माथिका पुरुष र तीन प्रतिशत (६ जना) १६ वर्षभन्दा कम उमेरका बालक बलात्कारमा संलग्न रहेको तथ्याङ्कले देखाएको छ।

**विश्लेषण**

ओरेकमा यसवर्ष संकलन भएका बलात्कारका घटनामध्ये १६ वर्षभन्दा कम उमेरका ४५ प्रतिशत बालिकामाथि बलात्कार भएको देखिएको छ। यसैगरी १० वर्षभन्दा कम उमेरकामात्रै १७ जना बालिकामाथि बलात्कार भएको पाइएको छ। बलात्कारका घटना मध्ये ९७ प्रतिशत घटना परिचित व्यक्ति, घर, छिमेक तथा आफ्नै समुदायमा भएका छन्। जसले गर्दा महिला तथा बालिकाहरू अपरिचितबाट भन्दा घर तथा समुदायमा नै सबैभन्दा बढी असुरक्षित रहेको पुष्टि यो तथ्याङ्कले गरेको छ। यसरी बलात्कार जस्तो जघन्य अपराधको घटनामा नातेदार र चिनेजानेका व्यक्तिको संलग्नता हुँदा अपराधीको प्रतिष्ठा जोगाइदिन कतिपय घटना दर्ताको प्रक्रियामै नजाने प्रवृत्ति एकदमै बढेको पाइएको छ।

यसरी अवोध बालिका वा भर्खर युवा अवस्थामा प्रवेश गरेका र भविष्यका कर्णधार भनिएका बालिका तथा किशोरीमाथि भएका यस्ता घटनाका कारण उनीहरूमाथि परेको चौतर्फी नकारात्मक प्रभावले भविष्यमा उनीहरूले देशलाई कस्तो योगदान गर्न सक्लान् वा देशले उनीहरूबाट कस्तो अपेक्षा गर्नसक्छ ? यसतर्फ बेलैमा ध्यान दिन जरुरी भैसकेको छ। यसैगरी ४४ प्रतिशत बलात्कारमा १७ देखि २५ वर्ष उमेरका युवा संलग्न भएको तथ्याङ्क उत्तिकै डर लाग्दो हो। उत्पादनशील र आफ्नो र देशको सुन्दर भविष्यको जग बसाउन मेहनत गर्नुपर्ने उमेरका पीडक र पीडित यस्तो जघन्य अपराधमा संलग्न भएको र प्रभावित हुनपरेका यस्ता डरलाग्दा तथ्याङ्कले हाम्रो समाज र देशलाई समृद्ध बनाउन कुन कोणबाट सहयोग पुग्छ, कस्तो पुस्ता निर्माण हुँदैछ यसतर्फ समय मै ध्यान जान सकेन भने यसको मूल्य तपाईं हाम्रा सन्तान र अन्तत राज्यले चुकाउनु पर्ने छ। बेलैमा ध्यान जाओस !

अर्कोतर्फ बलात्कार प्रभावितलाई नै यस्तो जघन्य अपराधको सम्पूर्ण भागिदार बनाउने अत्यन्तै उदेक लाग्दो सामाजिक संरचना र सोचका कारणले महिलामाथि हुने हिंसा, बलात्कार र हत्या जस्तो अपराधले प्रोत्साहन पाएको छ । बलात्कृत महिला र किशोरीले घटनापछि भोग्ने शारीरिक, मानसिक, सामाजिक तथा घरेलु हिंसा र विभेदको विश्लेषण गर्न राज्य अझै चुकेको देखिन्छ ।

तसर्थ बलात्कारजस्तो जघन्य अपराधका घटनालाई इज्जत र प्रतिष्ठाको विषय वनाई मेलमिलाप गराउने पीडित/प्रभावितलाई लाञ्छना लगाउने, डर, धाक, धम्की दिने, बसोवास गरिरहेको स्थान छोड्न बाध्य वनाउने, कतिपय घटनामा उजुरी लिन आनाकानी गर्ने, पीडित र परिवारलाई राजनीतिक दबाब दिने, पीडकलाई संरक्षण गर्ने जस्ता अपराधजन्य कार्यलाई निरुत्साहित गरी प्रभावितको लागि सुरक्षित, संवेदनशील, दीर्घकालिन र पहुँचयुक्त सहयोगी संयन्त्रको विकास राज्यवाट छिटो हुनुपर्दछ । साथै प्रभावितले मुद्दा दर्ता गर्न तथा न्याय पाउनका लागि व्यहोरीरहेको अत्यन्तै लामो र झण्झटिलो न्यायिक प्रक्रियाले न्यायबाट वञ्चित हुनुपरिरहेको छ । तसर्थ बलात्कार जस्तो जघन्य अपराधका घटनालाई उच्च प्राथमिकतामा राख्दै द्रुतन्याय प्रणालीको प्रभावकारी कार्यान्वयन तर्फ सरकारको पहलकदमी हुनु आवश्यक छ। विद्यमान कानुनले पीडकलाई कारवाही गर्नु नै पीडितलाई न्याय दिएको भन्ने संकुचित व्याख्या गरेको छ। जुन व्याख्याले प्रभावितको आत्मसम्मानका साथ बाँच्न पाउने अधिकारको सुनिश्चित गर्दैन । त्यसैले प्रभावितलाई उच्च मनोवलसहितको पहिलाजस्तै आत्मसम्मान अनुभूत गर्ने वातावरण निर्माण गरी न्यायलाई सामाजिक न्यायको अवधारणाकारूपमा परिभाषित गर्नुपर्छ भन्ने हाम्रो माग र विश्लेषण रहेको छ ।

## घटना नं ५ (सामूहिक बलात्कार)

मेरो माइतीमा दुई दाजुभाइ, तीन दिदीबहिनी वुवाआमासहित सातजनाको परिवार छ। मेरो जन्म उदयपुर जिल्लामा भएको हो। वुवा आमाले खेतीपातीको काम गर्नुहुन्थ्यो। तर हाम्रो खेतीकिसानीले खान पुग्दैन। त्यसैले दैनिक ज्यालामजदुरी गर्न जानुपर्ने भएकोले मैले खासै स्कुलपढ्न पाइन। मेरो १५ वर्षको उमेरमा मागी विवाह भएको हो। श्रीमानको पनि आर्थिक अवस्था कमजोर नै थियो। अरुको काम गरेमात्रै खान पाइन्थ्यो। घरको आर्थिक समस्याले गर्दा श्रीमान रोजगारीका लागि काठमाडौंमा ज्यालामजदुरीको काम गर्नुहुन्थ्यो।

मेरो १६ वर्षको उमेरमा पहिलो वच्चा घरमा नै जन्मिएको हो। मेरा लगातार दुई छोरी जन्मिए। छोरी जन्मेपछि घरमा परिवारबाट मलाइ त्यति राम्रो व्यवहार भएन। सुत्केरी अवस्थामा समेत राम्रोसँग खान लगाउन दिएनन्। पछि मेरा दुई छोरा जन्मे। घरको आर्थिक अवस्थाले गर्दा छोराछोरीलाई पनि राम्रो शिक्षादिक्षा दिन सकिएन। छोरीहरूको पनि सानै उमेरमा विवाह गरिदिएँ। छोराहरूलाई दुःख सुखले पढाइरहेकी छु। श्रीमान हालसम्म पनि काठमाडौंमा ज्यालामजदुरीको काम गरिरहनुभएको छ। मैले गाउँघरमा अरुको काम गरेर दैनिक गुजारा चलाइ रहेकी छु।

असार १५ गते मेरो दिदीको छोरीको जन्मदिन थियो। २०७८ असार १५ गते पनि म छोरीको जन्मदिन मनाउन दिदीको घर गएँ। छिमेकी दाइ, उहाँको छोरी र म बेलुकीपख गएका थियौं। त्यहा वस्दावस्दै रातीको १० वजिसकेको थियो। त्यहाँवाट हामी हिड्यौं। वाटोमा आउँदै गर्दा गाउँकै चारजना केटा अघिपछि हुँदै हिड्दै थिए। जङ्गलको वाटो थियो। विच वाटोमा आएपछि एक्कासी मलाइ दुईजनाले समातेर लछारपछार पार्दै जङ्गल तिर लगे। मसँगै आएका दाइलाई डरत्रास धम्की देखाएर घर पठाईदिए।

चारजनाले मलाइ डर त्रास देखाई कसैलाई भनिस् भने मार्छु भनेर खुकुरी समेत देखाई पालैपालो पटकपटक तीनजनाले जवरजस्ती करणी गरे। एकजनाले चाहि मान्छे हेर्ने

गरेको थियो । म त्यो दिन महिनावारी भएकी थिएँ । त्यतिवेला म बेहोस भएछु । मलाइ त्यही छोडेर केटाहरू कुन वेला कता गए मैले थाहा पाइन । होस आएर उठ्दा रातिको चार वजेको थियो । उठ्न खोज्दा उठ्न सकिन । शरीर पुरै थरथरी कामीरहेको थियो । विस्तारै उठेर घर तिर आएँ । घरमा आएर कसैलाइ पनि भन्न सकिन ।

त्यो घटनापछि म साह्रै विरामी भएँ । पिसाव पोल्ने, तल्लो पेट दुख्ने र धेरै रगत वगिरहेको थियो । यति हुँदापनि मैले यो कुरा कसैलाइ भन्न सकिन । मलाई सारै गाह्रो भएपछि अस्पताल गएँ । डाक्टरलाई पनि भनिन । औषधी ल्याएर खाएँ तर पनि म उठ्न सकिन । धेरै गाह्रो भएपछि आमालाई भनें । यो कुरा सुनेपछि आमाले यस्तो अन्याय सहेर वस्नु हुँदैन यति साना केटाहरूले यस्तो गर्छन् भने भोली यी ठुला भएपछि जेपनि र्गछन, भोलीको दिनमा डर हुन्छ, त्यसैले प्रहरीमा उजुरी दिनुपर्छ भन्नुभयो । त्यसपछि मेरो मनमा पनि आँट आयो र प्रहरीमा गएर आफूमा भएको अन्याय सबै सुनाएँ । मेरो कुरा सुन्नासाथ प्रहरीले आरोपितको सबै विवरण सोधपुछ गरेर तुरुन्त ती अपराधीलाई पक्राउ गरेर ल्यायो । यो कुरा छिमेकीहरूले थाहा पाएपछि मलाई उजुरी नगर्नु यता गाउँघरमा नै मिलाउनुपर्छ भन्दै थिए । म मानिन र प्रहरीको सहयोगमा जिल्ला प्रहरी कार्यालयले ०७८ असार २६ गते मेरो मेडिकल टेष्ट गर्‍यो । मनोविमर्श सेवाको लागि ओरेक उदयपुरमा सिफारिस गर्‍यो ।

अहिले मेरो स्वास्थ्य अवस्था एकदमै कमजोर भएको छ । परिवार, गाउँघरकाले फोनमा प्रहरीलाई जाहेरी नगर्नु भनेर फकाईरहेका थिए, तर मैले उनीहरूले भनेको नमान्दा विभिन्न खालका धाक धम्की दिने गरेका छन् । गाउँमा अव तँ फर्केर आईस् भने तलाइ हामी मार्छौ भन्ने धम्की समेत दिएका छन् । यसले गर्दा मलाई झन चिन्ता र तनावमा पुर्‍याएको थियो । अहिले मलाई ओरेकले मनोविमर्श सेवा र भावनात्मक सहयोग गरी कानुनी परामर्श सँगै जवरजस्ती करणीको मुद्दा दर्ता गरी कानुनी प्रक्रिया अगाडी वढाएको छ । त्यसैले मेरो आत्मबल बढेको छ । अव मैले न्याय पाउँछु की जस्तो भएको छ । यसका लागि ओरेकलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

## घटना नं ६ (बलात्कार)

सिराहा जिल्लामा जन्मिएकी पाँच वर्षीया कुसुम (नाम परिवर्तन) लाई छिमेकी किशोरले बलात्कार गऱ्यो । उनी साथीहरूसँग मिलेर खेलिरहेकी थिइन् । खेल्दै रमाउँदै उनीहरू घरदेखि पर-परसम्म पुग्थे । एकदिन खेल्दै थिए, नजिकैको १७ वर्षीय छिमेकीले उनको  मुख थुन्यो अनि घरभित्र लगि बलात्कार गऱ्यो । जवरजस्ति बलात्कारले बालिका बेहोस अवस्थामा थिइन् । सोही बेला परिवारले थाहा पाएर उनलाई तुरुन्तै उपचारका लागि लहान अस्पताल पुऱ्याए । तर त्यहाँ उपचार गर्न नसकिने देखिएपछि सोही अस्पतालमा पिसाब फेर्नका लागि पाइप राखिदिएर धरानका लागि सिफारिस गऱ्यो ।

बालिकाका बुवा वैदेशिक रोजगारीमा रहेका र आमा घरबाट बाहिर ननिस्केकीले ती बालिकालाई धरानको साटो विराटनगरको कोशी अञ्चल अस्पताल लगिएछ । त्यस्तो अवस्थामा समेत बालिकालाई कोशी अञ्चल अस्पतालले भर्ना गर्न मानेन । ओरेकले बालिकाको अवस्था र गम्भीरताका बारेमा सम्झाएपछि बल्लतल्ल अस्पताल भर्ना गर्न मान्यो र  बालिकाको उपचार सम्भव भयो । लहानकै अस्पतालमा पिसाब फेर्नको लागि लगाइएको पाइप निकाल्न नसकेर झनै गाह्रो भएको थियो । चिकित्सकको निरन्तर प्रयासपछि पाइप निकाल्न सफल भयो ।

बालिका  अहिले डिस्चार्ज भएर घर फर्किसकेकी छन् । तर उनी धेरै कमजोर भइन्, उनको योनीमा संक्रमण भई घाउ भयो ।  घरमा बेला बेलामा  बेहोस हुने, डराउने समस्या भएपछि उनलाई थप उपचार र मनोविमर्श सेवाका लागि काठमाडौंस्थित ओरेकको सुरक्षा आवासमा राखियो । काठमाडौं मै एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) मा समन्वय गरी थप मनोविमर्शसहित बालिकालाई पढाउनका लागि कुमुदिनी नेपाल संस्थामा सिफारिस गरिएको छ ।

बालिकाकी आमालाई सानो व्यवसाय गरेर आफ्नो आर्थिक अवस्था सुधार गरुन् भन्ने उद्देश्यले ओरकले २५ हजार रुपैयाँ रकम सहयोग गऱ्यो । अहिले त्यो रकमले उनले आफ्नै व्यवसाय सुरु गरी आर्थिक अवस्थामा सुधार गरेकी छन् र केही रकम जम्मा गर्दै आएकी पनि छन् । बालिकाको न्यायका लागि आरोपितको मुद्दा अदालतमा पुगेको छ, तर अपराधी फरार भएका  कारणले खोजी कार्य भैरहेको प्रहरीले बताएको छ ।

# परिच्छेद ८

## ८.१ यौन हिंसा

नेपालको संविधानले यौन हिंसा (यौन दुर्व्यवहार) लाई कानुनी अपराधको रुपमा स्वीकार गरी दण्डनीय बनाएको छ । ‘कसैले कुनै महिलाको मञ्जुरीबिना संवेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजलाई अस्वाभाविक रूपमा एकान्त ठाउँमा लगेमा, आफ्नो यौनाङ्ग छुन लगाएमा वा अश्लील वा अन्य त्यस्तै प्रकारको शब्द, सङ्केत प्रयोग गरेमा वा चित्र, तस्विर देखाएमा यस्ता गतिविधिलाई यौन हिंसाको रुपमा कानुनले व्याख्या गरेको छ ।

मुलुकी ऐन २०२० को महल १३ ले महिला वा कसैलाई पनि यौन आशयले जिस्काएमा वा हैरानी दिएमा वा यस्तै अन्य कुनै किसिमले अस्वाभाविक व्यवहार गरेमा वा करणीका आशयले समातेमा यौन दुर्व्यवहार गरेको मानी त्यस्तो कसूर गर्ने व्यक्तिलाई एकवर्षसम्म कैद र १० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था गरेको छ ।

नेपालमा यौन हिंसाविरुद्ध कानुनी व्यवस्था भएपनि  कानुनी प्रक्रियाका जान अत्यन्तै कठिन वा असम्भव प्राय छ । न्यायका लागि जाहेरी दर्ता प्रक्रियादेखि नै कानुनले प्रमाण खोज्छ । तर यौन हिंसा प्रभावितले मानसिक रूपमा परेको असरको प्रमाण कसरी देखाउने वा पीडकको आशय करणी, संकेतलगायतका कुरालाई कसरी प्रमाणका रूपमा पेश गर्ने ? यस्ता थुप्रै जटिलताले यौन हिंसाबाट प्रभावित महिलाले न्याय पाउन सकिरहेका छैनन् । त्यसैले बलात्कारमा जस्तै यौन हिंसा प्रभावितहरूको पनि बयानलाई मुख्य प्रमाण मानी न्याय दिने व्यवस्था राज्यले गर्नुपर्दछ ।

विश्वमा महिलामाथि हुने हिंसाका  स्वरुपहरूमध्ये यौन हिंसा व्यापक छ । यौन हिंसा एक जटिल र चुनौतीपूर्ण सवालको रुपमा रहेको छ । यसले महिलाको शारीरिक, मानसिक, मनोसामाजिक स्वास्थ्यमा नकारात्मक र गम्भीर असर पार्दछ । संसारभर कम्तीमा तीन जनामध्ये एक महिलाले आफ्नो जीवनकालमा चिनेको व्यक्तिबाट यौनहिंसा भोगका हुन्छन् भन्ने तथ्य बाहिर आइसकेको छ । ३५ प्रतिशत महिलाले शारीरिक या यौनहिंसा भोगेका हुन्छन् ।[1] नेपालमा ६६ प्रतिशत


[1]https://www.unwomen.org/en/what-we-do/ending-violence-against-women/facts-and-figures

महिलाले आफूमाथि भएको शारीरिक तथा यौन हिंसाविरुद्ध उजुरी तथा सहयोगको खोजी गर्ने गर्दैनन् । ३४ प्रतिशत महिलाले पतिबाटै यौन हिंसा भोगेका हुन्छन् ।[२] पति या आत्मीय साथीबाट हुने शारीरिक हिंसा व्याप्त भएको देशमध्ये नेपाल १४ औं स्थानमा पर्छ ।[३] चिनजान र नजिकका विश्वास गरेका व्यक्तिहरू नै विशेष गरी यौन हिंसाका घटनाका पीडकहरू हुने गरेका छन् । यसवर्ष ओरेकमा संकलन भएको तथ्याङ्कले पनि यस तथ्यलाई अझ पुष्टि गरेको छ ।

यस वर्ष प्राप्त तथ्याङ्कअनुसार महिलामाथि भएको हिंसामध्ये चार प्रतिशत (६३ जना) महिलामाथि यौन हिंसा भएको छ ।

## ८.२. प्रभावितको उमेर र यौन हिंसा

यसवर्ष जम्मा चार प्रतिशत (६८ जना) महिलामाथि यौन हिंसा भएका घटना अभिलेखीकरण गरिएको छ । जसमध्ये सबैभन्दा बढी १७ देखि २५ वर्ष उमेर समूहका ५६ प्रतिशत (३८ जना) महिला यौन हिंसाबाट प्रभावित छन् । यसैगरी १८ प्रतिशत (१२ जना) २६ देखि ३५ वर्ष उमेर समूहका र सात प्रतिशत (५ जना) ३६ देखि वर्षदेखि माथिका महिलामा यौन हिंसा भएको छ । यसैगरी १६ वर्षभन्दा कम उमेरका बालिका तथा किशोरीहरूमा १९ प्रतिशत (१३ जना) यौन हिंसा भएको अभिलेख गरिएको छ ।





**चार्ट नं. ३५:** उमेरका आधारमा महिलामाथि भएको यौन हिंसाको अवस्था

[२] नेपाल स्वास्थ्य जनसांख्यिक सर्वेक्षण २०१६ अनुसार ।
[३] विश्व बैंक ।

## ८.३ यौन हिंसाका आरोपितसँगको सम्बन्ध


यसवर्षको तथ्याङ्कको आधारमा आफूले आत्मीय ठानेका व्यक्तिबाट महिलाहरू बढी मात्रामा यौन हिंसामा परेको पाइएको छ। ३८ प्रतिशत (२६ जना) महिला प्रेमीबाट, २५ प्रतिशत (१७ जना) छिमेकीबाट, १८ प्रतिशत (१२ जना) परिवारका सदस्यबाट, चार प्रतिशत (३ जना) श्रीमानवाट, सात प्रतिशत (५ जना) कानूनी एवं सामाजिक रीतिरिवाजअनुरुप विवाह नगरेका तर विवाहितसरह सँगै बसेका साथीबाट, एक-एकजना क्रमशः सेवाप्रदायक संस्थाका अधिकारीबाट, साथीबाट र शिक्षकबाट  यौन हिंसा भएको पाइएको छ।





**चार्ट नं. ३६:** यौन हिंसाका आरोपितसँगको सम्बन्ध

## ८.४ प्रभावितको शैक्षिक योग्यता

यौन हिंसाबाट प्रभावित महिलाको शैक्षिक अवस्था विश्लेषण गर्दा ८२ प्रतिशत (५६ जना) साक्षर र १८ प्रतिशत (१२ जना) निरक्षर महिलामाथि यौन हिंसा भएको पाइएको छ । साक्षर महिलामध्ये ४८ प्रतिशत (२७ जना) ले आधारभूत शिक्षा अध्ययन गरेका, ३८ प्रतिशत (२१ जना) ले माध्यमिक शिक्षा अध्ययन गरेका, नौ प्रतिशत (५ जना) स्नातक तह अध्ययन गरेका, चार प्रतिशत (२ जना) स्नातकोत्तर तह अध्ययन गरेका र एक जनाले प्राविधिक शिक्षा अध्ययन गरेका महिलामाथि यौन हिंसा भएको पाइएको छ ।





**चार्ट नं. ३७:** प्रभावितहरूको शैक्षिक अवस्था




**चार्ट नं. ३८:** यौन हिंसा र प्रभावितहरूको साक्षरताको अवस्था

## ८.५. प्रभावितको जात/जातीयता


यौन हिंसाबाट प्रभावित महिलामध्ये सबैभन्दा बढी ३७ प्रतिशत (२५ जना) तराई आदिवासी जनजाति महिला प्रभावित रहेको यसवर्षको तथ्याङ्कले देखाएको छ। १८ प्रतिशत (१२ जना) तराई दलित, १२ प्रतिशत (८ जना) पहाडे आदिवासी जनजाति, नौ प्रतिशत (६ जना) मुस्लिम महिला, सात प्रतिशत (५ जना) पहाडे दलित, छ प्रतिशत(४ जना) पहाडे ब्राह्मण/क्षेत्री, चार प्रतिशत (३ जना) तराई ब्राह्मण/क्षेत्री, चार प्रतिशत (३ जना) अन्य जातका महिलामाथि यौन हिंसा भएको पाइएको छ।




**चार्ट नं. ३९:** प्रभावितको जात/जातीयता र यौन हिंसा

## ८.६ प्रभावितको पेसा


यौन हिंसाबाट प्रभावित रहेका महिलाको पेसाका आधारमा ३८ प्रतिशत (२६ जना) विद्यालयमा पढ्दै गरेका छात्रा प्रभावित भएका छन्। ३७ प्रतिशत (२५ जना) घरायसी काममा संलग्न, छ प्रतिशत (४ जना) कृषि तथा पशुपालन गर्ने, सात प्रतिशत (५ जना) दैनिक ज्यालामजदुरी र चार-चार प्रतिशत (३,३ जना) सामान्य व्यापार व्यवसाय र गैरसरकारी सेवामा संलग्न, तीन प्रतिशत (२ जना) अन्य महिलामाथि यौन हिंसा भएको पाइयो।




**चार्ट नं. ४०:** प्रभावितको पेसा र यौन हिंसा

## ८.७. प्रभावितलाई परेको असर

यौन हिंसाबाट प्रभावितमा सबैभन्दा बढी मानसिक असर परेको पाइएको छ । सबैभन्दा बढी ३५ प्रतिशत (२१ जना) मा शारीरिक असर, २५ प्रतिशत (१७ जना) मा मानसिक असर, १६ प्रतिशत (११ जना) मनोसामाजिक असर, छ प्रतिशत (४ जना) आर्थिक असर तथा १८ प्रतिशत (१२ जना) मा यौन हिंसाका कारण सबैखाले असर परेको तथ्याङ्कले देखाएको छ । महिलामा पर्ने असरको प्रतिशतमा केही फरक भएतापनि यौन हिंसाका कारण महिलाको जीवनमा लामो समयसम्म मानसिक असर पर्ने गरेको अध्ययनले देखाएको छ ।




**चार्ट नं. ४१:** यौन हिंसाबाट प्रभावितलाई परेका असर

**विश्लेषण**

यौन हिंसाबाट प्रभावित महिलाहरू मध्ये सबैभन्दा बढी १७ देखि २५ वर्ष उमेर समूहका रहेका छन् । यस हिंसाबाट बढी प्रभावित अर्को उमेर समूह १६ वर्ष भन्दा कम उमेरका र २६ देखि ३५ वर्षका महिलाको रहेको छ । यी उमेर समूहका महिलामध्ये विद्यार्थी र रोजगारीमा संलग्न बढी हिंसाबाट प्रभावित रहेको पाइएको छ । यसले के देखाउँछ भने जुन उमेर समूहका महिलाहरू बढी बाहिरी क्रियाकलापमा संलग्न हुन्छन्, उनीहरू यौन हिंसाको जोखिममा धेरै हुने गर्दछन् ।

यौन हिंसाबाट प्रभावित महिलाहरूमध्ये ३८ प्रतिशत उनीहरूले आत्मीय ठानेका प्रेमी र २५ प्रतिशतले छिमेकीबाट हिंसा भोगेको पाइएको छ । अभिलेखीकरणका आधारमा यौनहिंसा भएको जानकारी दिनेहरूमा बढी साक्षर महिला छन्, जसले आधारभूत तहको शिक्षा हाँसिल गरेका छन् । अभिलेख गरिएको तथ्याङ्कले अधिकांश बालिकाहरू मानसिक र शारिरीक रूपले परिपक्व नभइकनै यौन हिंसाबाट प्रभावित भइरहेको यथार्थ प्रस्तुत गरेको छ ।

यौनसँग सम्बन्धित कुरालाई अझैपनि परिवार तथा समाजमा खुलेर छलफल गर्ने र भन्ने वातावरण छैन । आफूमाथि भएको हिंसालाई बाहिर ल्याउँदा परिवार तथा समाजले आफूलाई नै दोष लगाउने, सामाजिक लाञ्छना सहनुपर्ने डर उनीहरूमा हुन्छ । जसलेगर्दा आफूमाथि यौन हिंसा हुँदा समेत महिलाहरूले कसैलाई नभनी प्रतिकार नगरी बस्न बाध्य हुन्छन् । यही कारणले उनीहरूको आत्मविश्वासमा कमी हुने, हीनताबोध हुने, आफैप्रति घृणा गर्ने गर्न थाल्दछन् । यसले उनीहरूमा मानसिक असर पार्दै जान्छ । यस अध्ययनले पनि यौन हिंसाका कारण ३५ प्रतिशत महिलालाई सबैभन्दा बढी शारीरिक असर र २५ प्रतिशतलाई मानसिक असर परेको पाईएको छ ।

## घटना नं ७ (यौन हिंसा)

आठ वर्षीया जमुना (नाम परिवर्तन) को घर सिरहा जिल्ला हो । उनी सानै हुँदादेखि नै मामा घर बस्दै आएकी छन् । उनको बुवाको स्वास्थ्य अवस्था राम्रो नभएकाले आमासहित दाजुसँगै उनी मामा घरमा बसेकी हुन् । उनको शिक्षा, लालनपालनका लागि सबै खर्च मामा माइजुले गर्ने गरेको थिए । कोरोना महामारीपछि लकडाउनका कारण स्कुल छुट्टी भयो । उनी घरमै बस्ने, साथीहरूसँग खेल्ने गर्थिन् । उनी खेल्न साथीको घर पनि जान्थिन् ।

एकदिन उनी साथीको घरमा खेल्न गएकी थिइन्, साथीको बुवाले उनलाई माया गरे जस्तो गरेर भान्जी खाना खायौ भनेर नजिक बोलायो । उनी नजिक गइन् । मीठो कुरा गर्दै जमुनाको शरीर मुसार्न थाल्यो । उसको यस्तो क्रियाकलापले जमुना डराउँदै चुप लागेर लुसुक्क परेर बसिरहिन् । पीडकले यी कुराको बारेमा कसैलाई नभन्नु नत्र मामा र माइजुले पिट्छन भनेर डर देखायो । यसरी नै पटक-पटक उनलाई डर देखाइ उसले बालिकालाई यौन दुर्व्यवहार गर्दै आयो ।

२०७८ जेठ २३ गते घरमा कोही नभएको बेला बालिका (जो आफ्नै छोरीकी साथी समेत थिइन्) लाई आफ्नै बेडरुममा लगेर उसले बलात्कार गर्यो । ३७ वर्षीया उक्त व्यक्तिले गरेको कर्तुतको पीडा उनले आफ्ना साथीहरूलाई सुनाइन् । घटना भएको पाँचदिनपछिमात्र उनले मामा माइजुलाई भनिन् ।

घटना थाहा पाएपछि उनका मामा माइजुले कानुन व्यवसायीको सहयोगमा जिल्ला प्रहरी कार्यालयमा घटनाबारे जानकारी गराए । तर प्रहरीले आनाकानी गरी घटनाका बारेमा गम्भीर नभएपछि कानुन व्यवसायी मार्फत प्रभावितहरू ओरेकको सम्पर्क आए । ओरेकबाट घटनाको बारेमा जानकारी पाउने बित्तिकै प्रभावित परिवारसँग घटनाबारे सम्पूर्ण जानकारी लिई जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराइयो । तर प्रहरीले आरोपीलाई अहिलेसम्म पक्रन सकेको छैन । पीडकको परिवारले अहिले पनि डर धम्की दिइरहेको बालिकाका परिवारले बताइरहेका छन् । बालिकाको उपचारका लागि एकद्धार संकट व्यवस्थापन केन्द्रमा समन्वय गरी उपचार गरेर अहिले आफ्नो परिवारसँग बसिरहेकी छन् । ओरेकले उनको परिवारलाई फोनमार्फत पारिवारिक मनोविमर्श सेवा दिएको छ ।

## घटना नं ८ (यौन हिंसा)

आठ आमा र दिदीसँग बस्दै आएकी दाङ्गकी दुर्गा (नाम परिवर्तन)लाई छिमेकी बालकले दुर्व्यवहार गऱ्यो । घरनजिकैको खेत छेउको कुलोमा उनी खेल्दै थिइन्, छिमेकी १६ वर्षीय बालकले जबरजस्ती अप्राकृतिक (मलद्धारमा) मैथुन गरेको उनकी दिदीले थाहा पाइन् । उक्त बालकले उनलाई गुदद्वारमा करणी गरेको रहेछ। बेलुका बालिकाकी दिदीले आमालाई बहिनीमाथि भएको दुर्व्यवहारका बारेमा जानकारी दिइन्। उनले बहिनीको चोट लागेको ठाउँ पनि आमालाई देखाइन्। आमाले प्रभावितको शरीर जाँच गर्दा छोरीको मलद्धारमा घाउ लागेको र दिउँसो बालिकाले लगाएको कपडामा वीर्य पोखिएको पनि भेटियो। उनले घटनाका बारेमा तुरुन्तै प्रहरीलाई खबर गरिन्।

आरोपित बालकलाई प्रहरीले नियन्त्रणमा लियो । उसलाई नेपालगन्ज बालसुधार गृहमा राखेर थप अनुसन्धान भईरहेको छ। तर बालिका राम्रोसँग पढ्न लेख्न नसक्नुको कारणले बालिकामाथि फाइदा उठाएको भन्दै आमाले उजुरी गरेकी छन्। उनको न्यायिक प्रकृयामा प्रहरी र चिकित्सकले लापरवाही गरेको उनकी आमाको आरोप छ। चिकित्सकले दिएको रिपोर्टमा बलात्कार भएको भनेर स्पष्ट नलेखिएको र वीर्य भएको कपडा राम्रोसँग जाँच नगरी बालिकालाई नयाँ कपडा लगाउन दिएको बालिकाकी आमाको भनाइ छ।

उनी छोरीको न्यायका लागि सहयोग गरिदिन भन्दै ओरेकमा आइन्। उनले गरेको उजुरीमा प्रहरीले मुद्दा दर्ता गरेको तर आरोपितलाई धरौटीमा छाडिएको छ। त्यसकारण झन असुरक्षित भएको महसुस बालिकाको परिवारले गरेको छ। ओरेकले बालिकासहित परिवारलाई नै समय समयमा भेट्ने र मनोविमर्श सेवा दिँदै आएको छ। बालिकाको अवस्था अहिले सामान्य छ।


# परिच्छेद ९

## हत्या

### ९.१ हत्याको अवस्था

महिलामाथि हुने हिंसाको भयानक स्वरुप हो हत्या । विभिन्न बहानामा महिलाहरूको हत्या गर्ने क्रम दिनप्रतिदिन बढिरहेको छ । ओरेकमा अभिलेखीकरण भएका तथा सञ्चार माध्यममा आएका समाचार अनुसार यसवर्ष १३० जना महिलाको हत्या तथा २६ जना महिलाको हत्याप्रयास भएको पाइएको छ । यसवर्ष १५ जना महिलाको हत्या भएको र ९ जना महिलाको हत्याप्रयास गरिएको घटना ओरेकले अभिलेखीकरण गरेको छ ।

महिलाहरूलाई दाइजो नल्याएको वा घरपरिवारको चाहना र मागभन्दा कम ल्याएको निहुँमा, बलात्कारपछि अपराध खुल्ने डरले, श्रीमानश्रीमतीविच सामान्य विवादको निहुँमा, विभिन्न चारित्रिक आरोप तथा लाञ्छना लगाई हत्या गर्ने गरेको पाइएको छ । नेपाल मनिटरले संकलन गरेको तथ्याङ्कलाई हेर्दा कोरोना महामारीका कारण गरिएको बन्दावन्दीको समयमामात्र लैङ्गिक हिंसाका कारणले ४७ जना महिलाको हत्या[1] भएको पाइएको छ । हत्या जुनसुकै कारण वा प्रयोजनका लागि हुने गरेको भएतापनि यो गम्भीर अपराध हो । यस्तो अपराधका कारण महिलाको बाँच्न पाउने अधिकारको गम्भीर हनन् भएको छ ।





**चार्ट नं. ४२:** हत्या र हत्याप्रयासका घटना (प्रतिशतमा)

[1]२२ मार्च २०२० देखि २९ सेप्टेम्बर २०२० (नेपाल मनिटर)

## ९.२ प्रभावितको उमेर र हत्या


हत्या गरिएका महिलाहरूको उमेरका आधारमा विश्लेषण गर्दा १७ वर्ष उमेरदेखि २५ वर्ष उमेर समूहका महिलाको हत्या धेरै भएको छ। यो उमेरका ३८ प्रतिशत (९ जना) महिलाको हत्या भएको छ। २६ देखि ३५ वर्ष उमेर समूहका ३३ प्रतिशत (८ जना) ३६ देखि माथिको उमेरका २५ प्रतिशत (६ जना) र १६ वर्ष भन्दा कम उमेरका चार प्रतिशत (१ जना) महिला तथा बालिकाको हत्या भएको छ।




**चार्ट नं. ४३:** प्रभावितको उमेर र हत्या

## ९.३ हत्या र आरोपितसँगाको सम्बन्ध


महिलाको हत्यामा संलग्न आरोपितहरू वा अदालतले अपराधी प्रमाणित गरेकाहरूमध्ये विशेष गरी श्रीमानको संलग्नता नै धेरै रहेको पाइएको छ। ४६ प्रतिशत (११ जना) महिलाको हत्या श्रीमानवाट भएको छ भने ३३ प्रतिशत (८ जना) को परिवारका सदस्यवाट, १७ प्रतिशत (४ जना) महिलाको हत्या छिमेकीबाट भएको र चार प्रतिशत (१ जना) उनले आत्मीय ठानेको साथीबाट हत्या भएको तथ्याङ्क यसवर्ष प्राप्त भएको छ।





**चार्ट नं. ४४:** हत्या र आरोपितसँगको सम्बन्ध

## ९.४.प्रभावितको शैक्षिकस्तर र हत्या

महिलामाथि हुने सबै प्रकारका हिंसा निरक्षर भन्दा बढी साक्षर महिलाहरूमाथि नै भएको हामीले गरेको सर्वेक्षणबाट प्राप्त तथ्याङ्कले पुष्टि गरेको छ। यसले साक्षर महिलाले आफूमाथि भएको हिंसाविरुद्ध आवाज उठाएको कुरापनि स्पष्ट हुन्छ। यसवर्ष ६२.५ प्रतिशत (१५ जना) साक्षर महिला तथा ३७.५ प्रतिशत (९ जना) निरक्षर महिलाको हत्या भएको पाइएको छ भने साक्षर महिलाहरूमा पनि ६७ प्रतिशत (१० जना) आधारभूत शिक्षा अध्ययन गरेका तथा ३३ प्रतिशत (५ जना) माध्यमिक शिक्षा अध्ययन गरेका महिलाको हत्या भएको छ। तर साक्षर र शिक्षित महिलाहरूले आफूमाथि भएको हिंसाको प्रतिकार गर्दा पीडकमा झन धेरै आक्रोश बढ्ने र हत्यासम्मको अपराध गर्न पछि नपर्ने कारणले उनीहरू नै धेरै लक्षित भएको हुन सक्छ।





**चार्ट नं. ४५:** हत्या र महिलाको शैक्षिक अवस्था




**चार्ट नं. ४६:** हत्या र महिलाको साक्षरताको अवस्था

## ९.५ प्रभावितको जात/जातियता र हत्या


यसवर्षको तथ्याङ्कअनुसार सबैभन्दा बढी हत्या हुनेमा तराईका दलित महिला रहेका छन् जुन २१ प्रतिशत (५ जना) रहेको छ। त्यसपछि गैरदलित महिला र तराई आदिवासी जनजाती रहेको देखाएको छ। कुल हत्या संख्यामध्ये १७-१७ प्रतिशत (४-४ जना) तराईका गैरदलित महिला र तराई आदिवासी जनजाती महिलाको हत्या भएको छ। ब्राम्ह्ण/क्षेत्री पहाडे महिला १३ प्रतिशत (३ जना) रहेका छन् भने आठ-आठ प्रतिशतका दरले (२,२ जना) ब्राम्ह्ण/क्षेत्री तराई, पहाडे दलित र मुस्लिम महिलाको यसवर्ष हत्या भएको पाइयो। यसवर्ष चार-चार प्रतिशत ( १, १ जना) पहाडे आदिवासी जनजाती महिला र अन्य महिलाको हत्या भएको छ।




**चार्ट नं. ४७:** हत्या र जात/जातीय अवस्था

## ९.६. प्रभावितको वैवाहिक अवस्था र हत्या


यसवर्षको तथ्याङ्कका आधारमा ९२ प्रतिशत (२२ जना) विवाहित तथा चार-चार प्रतिशत (१,१ जना) अविवाहित र एकल महिलाको हत्या भएको  छ।




**चार्ट नं. ४८:** हत्या प्रभावित र वैवाहिक अवस्था

## ९.७. प्रभावितको हत्या र पेसागत अवस्था

अभिलेख गरिएको तथ्याङ्कका आधारमा यसवर्ष हत्या भएका महिलामध्ये ७५ प्रतिशत (१८ जना) घरायसी काममा संलग्न, १३ प्रतिशत (३ जना) दैनिक ज्यालामजदुरी गर्ने महिला, ८ प्रतिशत (२ जना) कृषि पेसामा संलग्न र चार प्रतिशत (१ जना) विद्यार्थी पाइएको छ।




**चार्ट नं. ४९:** हत्या र प्रभावितको पेसागत अवस्था

**विश्लेषण**

अभिलेख गरिएका घटनाको आधारमा सबैभन्दा धेरै १७ देखि २५ वर्ष उमेर समूहका महिलाको हत्या भएको पाइयो । यसैगरी हत्याका घटनामध्ये सबैभन्दा बढी ४६ प्रतिशत हत्या श्रीमानवाट नै भएको र ३३ प्रतिशत महिलाको हत्या परिवारका सदस्यवाट भएको तथ्याङ्कले देखाउँछ। यसरी श्रीमान तथा परिवारका सदस्यवाट हत्या भएका घटनाहरूको विश्लेषण गर्दा कतिपय घटना घरेलु हिंसाको उजुरी गरेर प्रहरीद्वारा मेलमिलाप भएका, पीडकले भविष्यमा यस्ता घटना नदोहोऱ्याउने प्रतिवद्धता गरेका र महिलाले पनि एकदिन श्रीमान तथा परिवारका सदस्य सुध्रने आशा गर्दागर्दै हत्या भएको पाइएको छ ।

यसबाट के देखिन्छ भने घरेलुहिंसाका घटनामा गरिने मेलमिलापले गर्दा महिलामाथिको जोखिम झन उच्च भएको छ। ज्यानै लिनेसम्मको हिंसाको अवस्थामा समेत मेलमिलाप गराउनु महिलामाथि राज्यबाट भएको अर्को.अपराध हो । यसकारण यसमा पुर्नविचार गर्नु आवश्यक छ। साथै कुनैपनि यस्ता जघन्य अपराधका घटनामा शुन्य सहनशीलताको सिद्धान्त अपनाइ पीडकले गर्ने हिंसाविरुद्ध शुरुमा नै उजुरी गर्न सक्ने वातावरण बनेमा महिलाहरूले यसरी अनाहकमा ज्यान गुमाउनुपर्ने थिएन ।

ओरेकको तथ्याङ्कअनुसार विवाहित महिलाहरूको हत्या धेरै भएको छ। यसैगरी घरायसी काम र कृषिमा संलग्न महिलाहरूको धेरैजसो हत्या भएको देख्न सकिन्छ। यसवर्षको तथ्याङ्कलाई हेर्दा ६३.५ प्रतिशत साक्षर महिलाको हत्या भएको छ। यसले के देखाउँछ भने जो महिला आफ्नो अधिकारका बारेमा सचेत छन् र आफूमाथि भएको हिंसाविरुद्ध आवाज उठाउँछन् ति महिलालाई सँधैका लागि चुप लगाउन हत्या गरिन्छ। हत्यालाई उनीहरूमाथि भएको हिंसाको यथार्थ लुकाउने उपायका रूपमा प्रयोग गरिएको यस तथ्याङ्कले देखाउँछ।

## घटना नं ९ (हत्या)

मोरङ्ग जिल्लामा सामान्य परिवारमा जन्मिएकी १९ वर्षीया गोमा (नाम परिवर्तन) को विवाह दुईवर्ष अगाडी मोरङ्ग जिल्लामै भएको थियो । उनको परिवारमा सासु ,ससुरा एकजना देवर, उनका श्रीमान र उनीसहित पाँचजना थिए ।

उनको माइती तथा घरको आर्थिक अवस्था सामान्य थियो । तरपनि उनको विवाहमा सामाजिक परम्परा अनुसार दाइजो स्वरुप उनका माइतीले उनलाई केही जमिन दिएका थिए । उनको त्यही जमिनमा घरपरिवारको आँखा गडेको थियो । उनलाई माइतीले दिएको जमिन घरको नाममा सार्न सासुससुराले रातदिन दबाब दिईरहेका थिए । उनलाई आफ्ना माइतीले दिएको जग्गा घरको नाममा सार्न मन थिएन । तर घरमा त्यही कुरामा दिनरात झगडा हुन थाल्यो । माइतीले दिएको उपहारस्वरुपको जमिन परिवारको नाममा नबनाउँदा उनले परिवारबाट ठुलो यातना सहँदै आएकी थिइन् । चुप लागेर उनले घरको जिम्मेवारी निर्वाह गर्दै आएकी थिईन् ।

२०७८ जेठ ५ गते उनका श्रीमान घरकै कामले बाहिर गएको मौका पारेर त्यही जमिनको विषयलाई लिएर उनीमाथि गालीगलौज हुन थाल्यो । गाली गर्दै उनका देवरले उनीमाथि दाउ (धारिलो हतियार) प्रहार गरे । जुन प्रहारले उनको मृत्यु नै भयो । हत्यालाई लुकाउन उनको शवलाई परिवारले घर नजिकैको नहरमा लगेर फालिदिएछन् । भोलिपल्ट छिमेकीले उनको शव देखेर प्रहरीलाई जानकारी गराए । यता त्यही बेला मृतकका श्रीमान भने श्रीमती हराइन् भनेर खोज्दै भौंतारिरहेका थिए । हत्या आरोपित देवर मोरङ्गको रंगेलीको बजारमा लुकेको अवस्थामा प्रहरीले फेला पारेको थियो । हत्या आरोपितसहित परिवारका ४ सदस्यलाई प्रहरीले पक्राउ गर्‍यो । तर अनुसन्धानपछि प्रहरीले श्रीमानलाई सुरुमै छोडी दियो भने सासुससुरालाई तारिखमा छाडेको छ । मुख्य आरोपी देवर हिरासतमै छ ।

# परिच्छेद १०

## १०.१ बेचबिखन तथा ओसारपसार

मावन बेचबिखन एक अपराधमात्र नभई मानवअधिकार, मर्यादा तथा मानिसको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको उल्लङ्घन हो । मानव बेचबिखन नेपाली समाजकोमात्र नभई विश्वव्यापी चुनौतीको रुपमा देखिएको समस्या हो । मानव बेचबिखन मानवताविरुद्धको निकृष्ट अपराध, मानवअधिकार उल्लङ्घनको पराकाष्ठा हो । नेपालले चार दशक अगाडी नै दास प्रथाको अन्त्य गरेको भएपनि समयअनुसार यसका स्वरूपहरू परिवर्तन भइरहेका छन् ।

विश्व इतिहासका विभिन्न कालखण्डमा दासत्व, बाध्यात्मक श्रम, बधुँवा श्रम, असुरक्षित आप्रवासन, व्यावसायिक यौन शोषण, यौन दासत्व, बाध्यात्मक विवाह, बालविवाह, बालश्रम, बालदासत्व, धर्म-पुत्र/धर्म-पुत्रीका रूपमा शोषण, मानव अङ्ग प्रत्यारोपण आदिका लागि महिला, बालबालिका र पुरुषहरूको समेत बेचबिखन हुने गरेको कुरा पढ्न पाइन्छ । समय र प्रविधिको विकाससँगै यी समस्याका स्वरूप र आयाममा परिवर्तन हुँदै आइरहेको छ, योसँगै समस्या झन झन जटिल भइरहेको छ ।

प्रत्येक वर्ष मानव बेचबिखनमा पर्नेको संख्या बढ्दो छ । राष्ट्रिय मानवअधिकार आयोगको मानव बेचबिखनसम्बधी प्रतिवेदन २०७६ ले सार्वजनिक गरेको तथ्याङ्कअनुसार ०७५ सालमा नेपालमा ३५ हजार मानिस बेचबिखनमा परेका छन् [१] ।

बेचबिखनको जोखिममा महिला र बालबालिका धेरै छन् । वैदेशिक रोजगारीका नाममा होस वा आन्तरिक रूपमा विभिन्न प्रलोभनमा पारेर उनीहरूको सोझोपन, इमान्दारीता, गरिवी र बेरोजगारीको फाइदा उठाइ स्वार्थ पुरा गर्नेहरूले आधुनिक दासत्वलाई थप मलजल गरिरहेका छन् ।

[१] राष्ट्रिय मानवअधिकार आयोगको मानव बेचविखन प्रतिवेदन २०७६

नेपालमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ कार्यान्वयनमा छ। नेपाल सरकारले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत मानव बेचबिखन तथा ओसारपोसार नियन्त्रणका लागि राष्ट्रिय समिति समेत गठन गरेको छ। नेपालको संविधान २०७२ ले मानव बेचबिखनलाई संवैधानिक रुपमा निषेध र दण्डनीय बनाएको छ। महिलाको हक, रोगजगारीको हक, शोषणविरुद्धको हक, न्यायको हक, यातनाविरुद्धको हक, स्वतन्त्रताको हक तथा बालबालिकाको हकलाई मौलिक हकका रूपमा राखेर यी कार्यलाई निषेधित गरिएको छ।

संयुक्त राष्ट्रसंघले पारित गरेका प्रमुख ९ वटा मानवअधिकार महासन्धीहरू मध्ये नेपाल ७ वटा महासन्धी र आइएलओ महासन्धीको पक्ष राष्ट्र रहेको छ। नेपाल अन्तर्देशीय संगठित अपराध नियन्त्रण गर्ने संयुक्त राष्ट्रसंघीय महासन्धी (२०००) को पक्ष राष्ट्र रहेको छ। हालै नेपाल सरकारले मानव बेचबिखन विशेष गरी महिला र बालबालिकाको बेचबिखन रोकथाम, नियन्त्रण र सजाय गर्ने प्रलेख (पालेर्मो प्रोटोकल २०००) अनुमोदन गरेको छ। तर अनुमोदनपछि कार्यान्वयनका लागि नेपाल सरकारले बाल यौनशोषण तथा बेचबिखनसँग सम्बन्धित कानुनहरू परिमार्जन गर्नुपर्दछ। यसैगरी मानव बेचबिखन प्रभावितहरूलाई सम्बोधन गर्ने 'अन्तरदेशीय उद्धार र स्वदेश फिर्ती' सम्बन्धी नीति र कार्यविधि तत्काल बनाउन आवश्यक छ। यो कार्यविधि बन्न नसकेका कारण बेचबिखन प्रभावित महिला तथा बालबालिकाको स्वदेश फिर्तीमा समस्या हुने गरेको छ।


नेपालले मानव बेचबिखन अन्त्य तथा न्यूनिकरण गर्न पर्याप्त प्रयास गरेको भएतापनि बेचबिखनको सबै क्षेत्र र जोखिमलाई सम्बोधन गर्न सकेको छैन। कानुनी कारवाहीमा पर्याप्त सुधार हुन नसक्नु, बेचबिखनका नयाँ स्वरूपलाई कानुनले सम्बोधन गर्न नसक्नु र प्रभावितहरूको उद्धार तथा संरक्षणमा गरेको न्युन लगानीका कारण नेपालमा बेचबिखनका घटना दिनप्रतिदिन विभिन्न स्वरूपमा बाहिर आइरहेका छन्।

## १०.२ बेचबिखनको अवस्था

यसवर्ष ओरकमा २० जना महिला बेचबिखन तथा ओसारपोसरबाट प्रभावित भएका घटना अभिलेखीकरण भएका छन्। जसमध्ये १० जनाको बेचबिखन तथा तीनजना महिलालाई बेचबिखनको प्रयास भएको पाइएको छ।

## १०.३.बेचबिखन र प्रभावितको उमेर


बेचबिखनमा परेका महिला तथा बालिकाहरूमा १६ वर्षभन्दा कम उमेरका ५० प्रतिशत (१० जना), १७ देखि २५ वर्ष उमेरका ४५ प्रतिशत (९ जना) महिला अधिकमात्रामा बेचबिखनमा परेको पाइएको छ । यसैगरी २६ देखि माथिको पाँच प्रतिशत (१ जना) महिला बेचबिखनमा परेको पाइएको छ ।




**चार्ट नं. ५०:** बेचबिखनमा परेका महिलाको उमेर

## १०.४.बेचबिखन र आरोपितसँगाको सम्बन्ध


बेचबिखनमा परेका पीडित र बेचबिखन गर्ने व्यक्ति तथा समूहसँगको सम्बन्ध तथा नाताको अवस्था विश्लेषण गर्दा ७० प्रतिशत (१४ जना) छिमेकीबाट, १५ प्रतिशत (३ जना) सेवा प्रदायकबाट, पाँच प्रतिशत (१ जना) साथीबाट र १० प्रतिशत (२ जना) अन्यबाट बेचिएको पाइएको छ ।




**चार्ट नं. ५१:** बेचबिखन प्रभावित र आरोपितसँगको सम्बन्ध

## १०.५ बेचविखन र प्रभावितको वैवाहिक अवस्था

बेचबिखन र प्रभावितको वैवाहिक अवस्थाको बारेमा विश्लेषण गर्दा बेचबिखन तथा ओसारपोसारबाट प्रभावित महिलामध्ये ८५ प्रतिशत (१७ जना) अविवाहित महिला रहेको पाइएको छ। त्यसैगरी १५ प्रतिशत (३ जना) विवाहित महिला बेचबिखन तथा ओसारपसारबाट प्रभावित भएको तथ्याङ्क यसवर्ष संकलन भएको छ।




**चार्ट नं. ५२:** बेचबिखन प्रभावित र वैवाहिक अवस्था

**विश्लेषण**

ओरेकले अभिलेख गरेका घटना अनुसार १६ वर्ष मुनिका बालिका र १७ देखि २५ वर्ष उमेर समूहका महिला धेरै बेचिएका छन् । यसले उत्पादनशील र सक्रिय उमेर समूहका महिला बेचबिखनको जोखिममा धेरै रहेको देख्न सकिन्छ । यसैगरी निरक्षर महिला भन्दा साक्षर महिला नै बढी मात्रामा बचेबिखनबाट प्रभावित भएका छन् । घरायसी काममा संलग्न महिला पनि बढी मात्रामा बेचबिखनको जोखिममा रहेको देख्न सकिन्छ ।

साक्षर महिलाहरू समेत बेचबिखनको जोखिममा रहनु आश्चर्यको विषय भएपनि आय आर्जन र अवशरको खोजीमा रहेका उनीहरूको भावना बुझेर दलालले कसरी झुक्याउन सक्छन् भन्नेतर्फ अब महिला स्वयं सचेत हुनुपर्ने देखिन्छ । किनकी आर्थिक अवस्था कमजोर भएका र कामको खोजीमा रहेको महिला तथा बालबालिकाहरू जीविकोपार्जनको लागि विकल्प नहुँदा कसैले गर्ने काम र आम्दानीको आकर्षक प्रस्तावलाई सहजै स्वीकार गर्न बाध्य हुन्छन् । पीडक र दलालले उनीहरूको यही बाध्यताको फाइदा उठाएर सजिलै फसाउन सफल हुन्छन् । बेचबिखनमा संलग्न दलालहरू सबैभन्दा बढी छिमेकी रहेको ओरेकको अभिलेखमा देखिन्छ । यसपश्चात सेवाप्रदायक र आफ्नै साथीहरूबाट महिला तथा बालिकाहरू बेचिन सक्ने जोखिममा रहेको देख्न सकिन्छ ।

नेपालमा बालिका तथा महिला बेचबिखनको इतिहास ज्यादै पुरानो हो । त्यो चाहे देशभित्रै होस या विदेशमा, यौन तथा श्रम शोषण, इच्छा विपरित जवरजस्ती काम, गैरकानुनी मानव अङ्ग प्रत्यारोपणलगायतका प्रयोजनका लागि नेपाली महिला तथा बालिकाहरूको बेचबिखन तथा ओसारपसार विगतदेखि नै हुँदै आएको छ । मानव सभ्याताको कलङ्कको रूपमा रहेको यस जघन्य अपराधको नियन्त्रण गर्नु राज्य संयन्त्र, गैरसरकारी संघसंस्था तथा नागरिक समाज सबैको दायित्व हो ।

## घटना नं. १०: (मानव बेचबिखन तथा ओसारपसार)

गरिबी र अभावले पिल्सिएका नागरिक हुनु नेपालका लागि अभिसाप नै हो । समाजले पनि ती निमुखाहरूबाट धेरै फाइदा उठाउँछ । सहयोग गर्ने नाममा आफ्नै साथीले पनि बेचिदिने र जसले भेट्छ आफ्नै स्वार्थ पुरा गर्नेहरू यहाँ यत्रतत्र छन् । ममाथि पनि यस्तै घटना भयो ।  हामी  तीन दिदी बहिनी र आमा गरी चार जनाको परिवार थियौं । हाम्रो आर्थिक अवस्था कमजोर थियो । बाबाले अर्की आमा लिएर बाहिर बस्न थालेपछि हाम्रो बाल्यकाल दुःखै दुःखमा वितेको थियो । बाबा सम्पर्कविहीन् हुनुहुन्थ्यो । आमाको दुबै मृगौला विग्रेको थियो । हाम्रो आर्थिक अवस्था उहाँको उपचार गर्न सक्ने थिएन । उपचार नपाएपछि आमाको पनि मृत्यु भयो ।

हामी तीन दिदीबहिनी दैनिक ज्यालादारी गरेर गुजारा गरिरहेका थियौं । काम गर्ने क्रममा एकजना केटासँग मैले विवाह गरें । तर मेरो श्रीमानले पनि अर्की महिलालाई घरबाहिर कोठामा राखेर ममाथि कुटपिट र गालीगलौज गर्दै मानसिक यातना दिन थाल्यो । एकातिर माइतीमा सबैलाई गुमाउनुको पीडा, अर्कातिर श्रीमानको यातना सहन नसकेपछि घर बाहिर कोठा भाडामा लिएर बस्न थालें । दैनिक ज्यालादारीमा दिनको पाँचसय रुपैयाँ आम्दानी गर्दै दिदीबहिनी सँगै बस्ने खाने गर्दै आएका थियौं ।

काम गर्दै जाँदा  मैले विश्वास गरेकी साथीले मलाइ होटलमा कुकको काम गर्न सल्लाह दिइ । उसले यस्तो घाम पानीमा खट्नु पर्दैन, पैसा पनि धेरै हुन्छ भनेपछि मैले होटलमा काम गर्न जाने निर्णय गरें । २०७८ जेठ ९ गते मलाइ साथीले एकजना दाइलाई फोन गर्न लगाइ । उसले लिन आउँछु  तयार भएर बस भनेपछि म भोलिपल्ट विहान तयार भएर बसें । उसँग बाइकमा बसेर मोरङ्गमा रहेको उसको होटलमा गएँ । तर त्यहाँ गएपछि उसले मलाइ कुकको काम दिएन ।

होटलमा आएका ग्राहकसँग शारिरीक सम्पर्क राख्नुपर्ने काम गर्न बाध्य बनायो । प्रतिव्यक्ति एक हजार रुपैयाँ दिने भनेर कोठामा थुनेर राख्यो तर पैसा दिएन । मैले त्यहाँ बसुन्जेल दैनिक ६ जान ग्राहकसँग शारिरीक सम्बन्ध राख्न पर्थ्यो तर पैसा मलाइ दिँदैनथ्यो । मलाइ बाहिर निस्कन पनि नदिई कोठामा थुनेर राख्यो । एकदिन साहु नभएको बेला चाबी चोरेर कोठाको ढोका खोली बाहिर निस्कें । उसको होटलमा गई झगडा गरें । होटलमा झगडा गरेको छिमेकीले सुनेपछि प्रहरीलाई बोलाइदिए र सबै घटना प्रहरीलाई सुनाएँ । मोरङ्ग जिल्लाको इलाका प्रहरी कार्यालय रंगेलीलाई सबै घटनाको विषयमा सुनाएपछि प्रहरीले मुद्दा गर्न सुझाव दियो ।

मिति २०७८।२।२३ गते मानव बेचबिखन तथा ओसारपसारको मुद्दा दर्ता गरेकी छु । मेरो स्वाथ्य परिक्षण पनि लगत्तै गरिसकेपछि मेरो आफन्त कोही नभएको कारणले मनोविमर्श तथा परामर्शका लागि इलाका प्रहरी कार्यालय रगेंलीको सिफारिसमा म ओरेकको सुरक्षा आवासमा केही समय बसें । २०७८ साउन १८ गते पारिवारिक पुनःस्थापना भई अहिले झापामा भाडाको कोठामा बस्दै आएकी छु ।

# परिच्छेद ११

## ११.१ आत्महत्याको अवस्था

विश्व स्वास्थ्य संगठनको आँकडाअनुसार हरेकवर्ष विश्वमा करिव आठ लाख मानिसले  आफ्नो ज्यान आफैं लिने  गर्दछन् अर्थात विश्वमा प्रत्येक ४० सेकेन्डमा एकजना व्यक्तिले आत्महत्या गर्छ। नेपाल आत्महत्या गर्ने देशहरू मध्ये सातौं स्थानमा पर्दछ। प्रजनन उमेर समूहका महिलाको आत्महत्यामा नेपाल तेस्रो स्थानमा रहेको छ।[1] जसको प्रमुखकारण मानसिक स्वास्थ्य समस्या रहेको छ।


२०७७ चैत महिनाको ११ गतेदेखि २०७८ साउन ४ गतेसम्म २,२१८ जनाले आत्महत्या गरेका छन् जसमध्ये ९५२ जना महिला तथा बालिका रहेको डरलाग्दो तथ्याङ्क नेपाल प्रहरीले सार्वजनिक गरेको छ। पाँच महिनाको अवधिमा आएको यो तथ्याङ्कले नेपालमा मनोसामाजिक समस्या निकै गम्भीर अवस्थामा पुगेको र राज्यले यसको सम्बोधन तत्काल गर्नुपर्ने देखिन्छ।

महिला तथा बालिकाहरूमाथि बढ्दो मनोसामाजिक समस्याको प्रमुख कारण उनीहरूमाथिको विभेद र हिंसा रहेको छ। ओरेकले यसवर्ष  संकलन गरेका कूल घटना मध्ये ०.७ प्रतिशत (१२ जना) महिलाले लैङ्गिक हिंसाका कारण आत्महत्या गरेका छन्।  यसैगरि ०.२ प्रतिशत (४ जना) ले आत्महत्याको प्रयास गरेको पाइएको छ। अभिलेख गरिएका घटनालाई हेर्दा महिलाहरूमाथि दाइजोको कारण दैनिक रूपमा दिइने शारीरिक तथा मानसिक यातना, चरित्र हत्या, जवरजस्ती विवाह, बलात्कार जस्ता कारणले आत्महत्या गर्न बाध्य भएको देखिन्छ। हिंसा प्रभावितको न्यायमा पहुँच सुनिश्चित नभएका कारण महिलाहरूले आत्महत्यालाई विकल्पको रूपमा छान्ने गरेको पाइएको छ।

## ११.२ आत्महत्या र उमेर

आत्महत्या गरेका महिलाको उमेर समूह हेर्दा सबैभन्दा बढी २५ प्रतिशत (३ जना) १७ देखि २५ वर्ष उमेरका रहेका छन्। साथै २५ प्रतिशत (३ जना) नै ४६ देखि माथिको उमेरका रहेका छन्। यसैगरी १६ वर्षभन्दा कम उमेरका बालिका तथा किशोरी, २६ देखि ३५ वर्ष उमेर समूहका र ३६ देखि ४५ वर्ष उमेरका महिलाले हिंसाका कारण शारीरिक तथा मानसिक यातना सहन नसकी आत्महत्या गरेको पाइएको छ।


[1]https://www.who.int/news-room/fact-sheets/detail/suicide.




**चार्ट नं. ५३:** आत्महत्या र प्रभावितको उमेर

## ११.३ आत्महत्या र वैवाहिक अवस्था


यसवर्ष विभिन्न कारणले ८३ प्रतिशत (१० जना) विवाहित र १७ प्रतिशत (२ जना) अविवाहित महिलाले आत्महत्या गरेका घटना अभिलेखीकरण गरिएको छ ।




**चार्ट नं. ५४:** आत्महत्या र वैवाहिक स्थिति

## ११.४ आत्महत्या र शैक्षिक अवस्था


यसवर्ष भएका ७५ प्रतिशत (९ जना) साक्षर र २५ प्रतिशत (३ जना) निरक्षर महिलाले आत्महत्या गरेको पाइएको छ। साक्षर महिलाहरूको शैक्षिक अवस्थालाई हेर्दा ७८ प्रतिशत (७ जना) ले आधारभूत शिक्षा अध्ययन गरेका तथा २२ प्रतिशत (२ जना) ले माध्यमिक तहसम्मको अध्ययन गरेको तथ्याङ्कले देखाउँछ।




**चार्ट नं. ५५:** आत्महत्या र प्रभावितको साक्षरताको अवस्था विश्लेषण

## ११.५ आत्महत्या र पेसागत अवस्था

संकलन भएका आत्महत्याका घटनाहरूमा महिलाको पेसागत अवस्था हेर्दा सबैभन्दा बढी ४२ प्रतिशत (५ जना) घरायसी काममा संलग्न, ३३ प्रतिशत (४ जना) कृषि तथा पशुपालन, १७ प्रतिशत (२ जना) विद्यार्थी, ८ प्रतिशत (१ जना) दैनिक ज्यालामजदुरीमा संलग्न रहेको देखियो ।




**चार्ट नं. ५६:** आत्महत्या र प्रभावितको पेसागत अवस्था विश्लेषण

**विश्लेषण**

आफ्नो जीवन आफैले अन्त्य गर्नु नै आत्महत्या हो । मानिसलाई सवैभन्दा प्यारो आफ्नै प्राण लाग्छ तापनि कस्तो बाध्यताले उनीहरूलाई आफ्नो ज्यानलाई आफैले समाप्त पार्नेसम्मको आँट आउँछ ? महिलाहरू आफ्नो जीवनलाई समाप्त पार्न किन बाध्य हुन्छन् भन्ने विषयलाई गम्भीर रुपमा लिएर यसको तुरुन्त सम्बोधन हुनु जरुरी छ । महिलाहरूले आत्महत्यालाई अन्तिम विकल्पका रुपमा लिनुका पछाडी विभिन्न कारण रहेका छन् । ओरेकले वार्षिक रूपमा महिलामाथि हुने हिंसाका घटनालाई विश्लेषण गर्दा महिलाले आत्महत्या गर्नुको प्रमुख कारण उनीहरूमाथि हुने शारीरिक, मानसिक र यौन हिंसा रहेको देखाउँछ ।

यसवर्ष संकलित तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी आत्महत्या गर्ने महिलाको उमेर समूह १७ देखि २५ वर्षको  रहेको देखिन्छ । यो सँगै आत्महत्या गर्ने महिलाको उमेर समूहमा ४६ वर्षदेखि माथिको पनि २५ प्रतिशत नै रहेको छ । साथै विवाहित महिलाले बढी आत्महत्या गरेको तथ्याङ्कले देखाएको छ ।  हाम्रो नेपाली समाजमा १७ देखि २५ वर्षको उमेर विवाह गर्ने उमेर मानिन्छ । यही समयमा महिलाहरूमाथि चारित्रिक लाञ्छना लगाउने र दाइजो कम ल्याएको वा आफ्नो माग र इच्छा अनुसारको नल्याएको भनेर घरपरिवार तथा श्रीमानले दिने दैनिक शारीरिक तथा मानसिक यातनाका कारण बाँच्न भन्दा मर्नु बेस भन्ने ठानेर आत्महत्या गर्न बाध्य भएको पाइएको छ ।

यसैगरी आत्महत्या गर्ने अर्को उमेर समूह भनेको १६ वर्ष भन्दा कम उमेरका बालिका रहेका छन् । यस उमेरका बालिका आफूमाथि पटक पटक भएको यौन हिंसाका कारण भएको मानसिक तनाव सहन नसकी आत्महत्या गरेको देखिएको छ । आत्महत्याका घटना र साक्षरताको अवस्थालाई हेर्दा साक्षर महिलाको वाहुल्य रहेको छ भने पेसागत आधारमा हेर्दा घरायसी काममा संलग्न र विद्यालयमा पढ्दै गरेका छात्राले बढी आत्महत्या गरेको देखिन्छ ।

वार्षिक रूपमा महिलामाथि हुने हिंसाका घटनालाई विश्लेषण गर्दा मूलतः दाइजो, घरेलु हिंसा, यौन हिंसा, बलात्कार र मानसिक तनावका कारण महिला तथा बालिकाहरूले आत्महत्या गर्ने गरेको पाइन्छ । आत्महत्याका घटनाहरूमा पर्याप्त छानबिन र अनुसन्धान कार्य पनि हुन सकिरहेको छैन । कारण  आत्महत्यालाई, आत्महत्या नभइ हत्याकै रूपमा लिनुपर्ने देखिएको छ । कुनैपनि व्यक्तिले आफैंलाई मार्नुपर्ने अवस्थाको सिर्जना कसले र कुन कारणले गर्‍यो यसको पनि खोजी गरी यहि अनुसार उक्साउने व्यक्तिहरूलाई समेत आत्महत्या दुरुत्साहन अनर्तगत कानुनी दायरामा ल्याउनु आवश्यक छ ।

## घटना नं ११ (आत्महत्या)

२१ वर्षीया रितु महतो (नाम परिवर्तन) ले अकल्पनीय तरिकाले आत्महत्या गरिन् । रितुको १९ वर्षको उमेरमा सामाजिक परम्पराअनुसार मागि विवाह भएको थियो । सामान्य परिवारमा जन्मिएकी रितुलाई ऋणधन गरेर भएपनि उनका माइतीले केटा पक्षले मागेजति दाईजो दिएर विवाह गराएका थिए । विवाहपछि रितुले सामान्य तरिकाले नै जीवन बिताईरहेको देखिएपनि परिवारले उनलाई दाइजोका नाममा यातना दिने गरेका रहेछन् । एक छोरीकी आमा रितुले दाईजोको विषयलाई लिएर रातदिन घरमा यातना दिने गरेको कुरा छिमेकीलाई बताउने गरेकी थिइन् । उनले आफूलाई आफ्नो परिवारले कुनैदिन मारेर फाल्छ होला भन्ने समेत गरेको रितुका छिमेकीले बताएका छन् ।

२०७८ असार २० गते बिहान घरको मुलढोकामा झुण्डिएको अवस्थामा उनी फेला परिन् । झुण्डिदा उनका खुट्टाले भुईं छोएको थियो । तत्कालै प्रहरी र माइतीलाई खवर गरियो । तर यो हत्या की आत्महत्या भन्ने कुरा पत्ता लागेन । रितुका बुवाले आफ्नो छोरीले आत्महत्या नगरेको उनको परिवारले उनको हत्या गरेको बताएका थिए । उनले छोरीको घरपरिवार नै यस घटनामा सम्लग्न भएको र यो आत्महत्या नभइ हत्या भएको भन्दै प्रहरीमा उजुरी दिन जाँदा प्रहरीले जाहेरी समेत नलिएपछि हुलाकबाट पुन सोही जाहेरी पठाइएको बताए । तर प्रहरीले भने शवको पोष्टमार्टम रिपोर्टमा पनि आत्महत्या नै उल्लेख भएको भन्दै उनको जाहेरी दर्ता गर्न मानेन । छोरीले आत्महत्या गर्नुपर्ने कुनै कारण नभएको र ज्वाईं तथा उनको परिवारले छोरीलाई यातना दिई हत्या नै गरेको उनको बुवाको दावी रहेको छ ।


प्रहरीले छोरीको हत्या भएको कुरा नमानेर न्याय पाउने आशा हराएपछि उनका बुवाले ओरेकलाई सम्पर्क गरी न्यायिक प्रक्रिया अगाडि बढाउन सहयोग गर्न आग्रह गरेका थिए । यसबारेमा बुझ्दा प्रहरीले पोष्टमार्टममा आत्महत्या नै देखिएपनि थप अनुसन्धान गरिने कुरा बताएको थियो । त्यसक्रममा ओरेकले मृतक रितुको बुबाआमालाई मनोविमर्श सेवा पनि दिइरहेको थियो । आरोपितलाई थप अनुसन्धान गर्दै कानुनी प्रक्रिया अघि बढाउन ओरेकले पटक-पटक प्रहरीमा फलोअप पनि गर्दै आएको थियो, तर पछि रितुलाई माइतीले दाइजोमा दिएको सवै सामान फिर्ता दिएर आर्थिक लेनदेनमा यो मुद्दाको मेलमिलाप गरियो ।

# परिच्छेद १२

## आरोपितको पृष्ठभूमि

### १२.१. महिला हिंसा र आरोपितको लैंङ्गिक विवरण

यसवर्ष अभिलेखीकरण गरिएका कूल १,७७२ घटनामध्ये ९५ प्रतिशत (१६६०) घटनामा हिंसा गर्ने पुरुषको संलग्नता भएको पाइएको छ । हिंसा गर्नेमा पाँच प्रतिशत (९१ जना) महिला रहेका छन् । जसको विवरण निम्नबमोजिम तल प्रस्तुत गरिएको छ ।





**चार्ट नं. ५७:** महिला हिंसा र आरोपितको लैङ्गिक विवरण

## १२.२. महिला हिंसा र आरोपितको उमेर समूह

महिला हिंसा र आरोपितको उमेरलाई यसवर्षको तथ्याङ्कअनुसार मुख्य गरी छ वटा समूहमा वर्गीकरण गरिएको छ। माथिको चार्टमा उल्लेख भएबमोजिम महिला हिंसामा संलग्न आरोपितको उमेरलाई हेर्दा २६ देखि ३५ वर्ष उमेरकाले ३८ प्रतिशत (६७३ जना) महिलामाथि हिंसा गरेको पाइएको छ।


त्यसैगरी २३ प्रतिशत (४१६ जना) आरोपित ३६ देखि ४५ उमेर समूहका र २२ प्रतिशत (३८१ जना) १७ देखि २५ वर्ष उमेरका रहेका छन्। यसैगरी १० प्रतिशत (१८० जना) ४६ देखि ५५ वर्ष उमेर समूहका रहेका छन्। छपन्न वर्षभन्दा माथिका आरोपित पाँच प्रतिशत (८९ जना) रहेको पाइयो भने १६ वर्ष मुनिका आरोपित दुई प्रतिशत (३३ जना) रहेको पाइयो।




**चार्ट नं ५८:** महिला हिंसा र आरोपितको उमेर समूह

## १२.३. महिला हिंसा र ओरोपितको वैवाहिक अवस्था

पीडकको वैवाहिक अवस्थाको विश्लेषण गर्दा ८२ प्रतिशत (१४५७ जना) विवाहित व्यक्तिले महिलामाथि हिंसा गरेको पाइएको छ। त्यसैगरी १४ प्रतिशत (२४७ जना) अविवाहित, एक प्रतिशत विवाहित तर सँगै नबसेका, ०.३ प्रतिशत (६ जना) एकल, ०.२ प्रतिशत (४ जना) अविवाहित तर सँगै बसेका र दुई प्रतिशत (४२ जना) को पहिचान खुल्न नसकेकाहरू हिंसाका आरोपित रहेका छन् ।





**चार्ट नं ५९:** आरोपितको वैवाहिक अवस्था

## १२.४. महिला हिंसा र आरोपितको पेसा

महिलामाथि हुने हिंसा र पीडकको पेसाबारे विश्लेषण गर्दा कृषि तथा पुशपालनमा संलग्न भएकाहरू बढी रहेको पाइएको छ। महिलामाथि कृषिमा संलग्न ३८ प्रतिशत (६७१ जना) आरोपितबाट हिंसा भएको छ। त्यसैगरी २७ प्रतिशत (४७६ जना) आरोपित ज्यालामजदुरी गर्ने रहेका छन् भने नौ प्रतिशत (१६१ जना) सामान्य व्यापार व्यवसायमा संलग्न, पाँच-पाँच प्रतिशत (९७ र ८१ जना) क्रमशः वैदेशिक रोजगारीमा र गैरसरकारी संस्थामा कार्यरत रहेकाबाट महिलामाथि हिंसा भएको पाइएको छ।

साथै चार प्रतिशत (७२ जना) सरकारी सेवामा र तीन-तीन प्रतिशत (५५ र ५८ जना) विद्यार्थी र जागिर खोज्दै गरेकाबाट हिंसा भएको देख्न सकिन्छ। त्यसैगरी घरायसी काममा संलग्न दुई प्रतिशत, निजी क्षेत्रमा संलग्न एक प्रतिशत र तीन प्रतिशत (५२ जना) अन्यबाट महिलामाथि हिंसा भएको पाइएको छ। साथै सवारी चालक, सेना, प्रहरी, शिक्षक, राजनीतिकर्मी, समाजसेवीबाट समेत महिलाहरू हिंसामा परेका छन्।





**चार्ट नं ६०:** महिला हिंसा र आरोपितको पेसागत अवस्था

## १२.५. महिला हिसा र आरोपितको जात/जातीय विवरण

महिला हिंसा आरोपितको जात/जातीयअवस्था पहिचान गर्ने उद्देश्यले यसवर्षको घटनालाई अध्ययन र विश्लेषण गरिएको छ । जसअनुसार ९ विभिन्न जात/जातीय समूहको संलग्नता रहेको पाइएको छ । जसलाई निम्नबमोजिम व्याख्या गरिएको छ ।

सबैभन्दा बढी मात्रामा तराई आदिवासी जनजातीबाट महिलामाथि हिंसा भएको देखिन्छ । जसलाई संख्यात्मक रूपमा हेर्दा २२ प्रतिशत (३८३ जना) हुन आउँछ भने २० प्रतिशत (३५० जना) पहाडे ब्राह्मण/क्षेत्री , १५ प्रतिशत (२६८ जना) पहाडे आदिवासी जनजाति, ११ प्रतिशत (१९८ जना) पहाडे दलित तथा १० प्रतिशत (१८३ जना) तराई दलित, छ प्रतिशत (१०१ जना) तराई ब्राह्मण/क्षेत्री, पाँच प्रतिशत (९२ जना) तराई गैरदलित र चार प्रतिशत (७२ जना) मुस्लिम समुदायका व्यक्तिहरू रहेको पाइएको छ। त्यसैगरी सात प्रतिशत (१२५ जना) आरोपितको पहिचान खुल्न सकेको छैन ।




**चार्ट नं. ६१:** महिला हिंसा र आरोपितको जात/जातीय विवरण

**विश्लेषण**

पितृसत्तात्मक सामाजिक संरचनाले तय गरेका हानिकारक सोच, मुल्यमान्यता र संस्कारका कारण धेरै महिला हिंसाको शिकार हुँदै आएका छन्। महिला अधिकार र हिंसाको कुरा उठ्नासाथ महिलाहरूले नै महिलामाथि धेरै हिंसा गर्दछन् भन्ने तर्क तथा धेरै मानिसका सोच र धारणालाई पनि यहाँ प्राप्त तथ्यले गलत सावित गरिदिएको छ। यसवर्ष संकलित कूल १ हजार ७७२ हिंसाका घटना मध्ये ९५ प्रतिशत हिंसा पुरुषवाट भएको तथ्यले यी भनाइ गलत हुन् भन्ने पुष्टि गरेको छ।

जसरी हिंसा प्रभावितको उमेर, पेसा, जात/जातीय पृष्ठभूमिमा विविधता रहेको छ, त्यस्तै गरेर पीडकको सन्दर्भमा पनि यो विविधता लागू हुन्छ। प्राप्त तथ्याङ्कलाई हेर्दा ८२ प्रतिशत विवाहित पुरुषबाट महिलामाथि हिंसा भएको देख्न सकिन्छ। सबैजसो पेसामा संलग्न पुरुषबाट हिंसा भएको पाइएपनि सबैभन्दा बढी कृषि तथा पशुपालन र ज्याला मजदुरीमा संलग्नहरूबाट हिंसा भएको देखियो। हिंसामा संलग्न आरोपितहरूको जातीयताको पृष्ठभूमि हेर्दा पहाडे ब्राह्मण क्षेत्री र तराई आदिवासी समूहका पुरुष बढी रहेको देखियो।

आरोपित व्यक्तिहरूको उमेर समूहलाई आधार मान्दा १७ देखि ४५ उमेर समूहका ८३ प्रतिशत (१ हजार ४७० जना) युवा हिंसामा संलग्न रहेको पाईएको छ। उत्पादनशील कार्यमा संलग्न हुने, उच्च शिक्षा हाँसिल गर्ने, व्यवसाय तथा रोजगारीमा संलग्न हुने, सामाजिक विकास र समसामयिक सवालमा नेतृत्व लिने उमेर समूहका बहुसंख्यक युवा नै हिंसा गर्ने समूह वा पीडकका रूपमा रहेको यस अध्ययनले देखाएको छ।

समाजको, परिवारको देशको नेतृत्व लिन आफूलाई तयार गर्ने, भविष्यको आफ्नो लक्ष्य तय गर्ने यो उमेर समूह यसरी अपराधजन्य कार्यमा सक्रिय रहँदा यसले एक पीडकमात्र नभएर उसको परिवार, उसका सन्तान, उ बस्ने समाज र समग्र देशको विकासमा नै नकारात्मक असर पार्दछ। यसकारण सानैदेखि आफ्ना छोराहरूलाई लैङ्गिक समानता, अरुको पहिचान र अस्तित्वलाई स्वीकार गर्ने, सम्मान गर्ने, विभेदहरू के हुन् ती कुरा सिकाउने गरेमा पक्कै पनि अव आउने पुस्ता मानवीय हुन्छ की भन्ने आश गर्न सकिन्छ। हिंसालाई लुकाउने भन्दापनि कानुनी दायरामा ल्याउने, कुनैपनि हिंसा प्रभावितलाई दोषी देख्ने दृष्टिकोणलाई परिवर्तन गर्ने र दण्डहिनताको स्थितिको अन्त्य गर्ने वातावरण तयार भएमा यस्ता गतिविधि आफैं कम हुँदै जान्छन् भन्ने हाम्रो विश्लेषण रहेको छ।

# परिच्छेद १३

## मानवीय संकट र महिलामाथि हुने हिंसा (कोभिड १९)

चीनको वुहान प्रान्तवाट डिसेम्वर २०१९ मा शुरु भएको कोभिड १९ महामारीका कारण अहिलेसम्म पनि सम्पूर्ण विश्व आक्रान्त छ । यस महामारीका कारण हालसम्म (नोभेम्बर १२, २०२१) विश्वभर ५० लाख ९५ हजार ६ सय ७३ जना व्यक्तिले ज्यान गुमाइसकेका छन् भने २५ करोड २६ लाख ५१ हजारभन्दा बढी भाइरसबाट संक्रमित भएका छन् । अहिलेपनि विश्वभर १ करोड ८९ लाख ८० भन्दा बढी सक्रिय संक्रमित छन् । विश्वभर कोभिड १९ विरुद्धको खोप कार्यक्रम तिब्र रुपमा सञ्चालन भएपनि संक्रमित हुने संख्या दैनिक रुपमा बढिरहेको छ । नेपालमा कोभिड १९ का कारण हालसम्म (नोभेम्बर १२, २०२१) ११ हजार ४६६ जनाको मृत्यु  भएको छ भने ८ लाख १६ हजार ६० जनामा यो भाइरसको संक्रमण भएको छ । *Source : Worldometer, Ministry of health and population (www.mohp.gov.np)*

महामारीबाट बच्नका लागि नेपाल सरकारले २०७६ चैत ११ गतेदेखि र २०७८ वैशाख १६ गतेदेखि गरी दुईपटक बन्दाबन्दी गरी महामारी फैलन नदिन र फैलिएको संक्रामक रोगबाट सुरक्षित राख्ने प्रयास गऱ्यो । यस महामारीको सम्भावित संक्रमणबाट बच्न खोप लगाएपनि, बाहिर जाँदा अनिवार्य मास्क लगाउनु र आवश्यक भौतिक दुरी कायम गर्ने नियम निरन्तर गर्नु आवश्यक छ । यो महामारीका कारण अझैपनि धेरै जनसंख्या घरभित्रै छ, घरबाटै काम गर्नेहरू धेरै छन् ।

महामारी कै कारण कतिको रोजगारी गुमेको छ । कतिले काम गरेको पारिश्रमिक पाएका छैनन् । यसले गर्दा हाम्रो जस्तो पितृसत्तात्मक सामाजिक संरचना र मूल्यमान्यता रहेको देशमा महिला तथा बालिकामाथि हिंसा हुने जोखिम बढेकोमात्रै हैन धेरै हिंसा भएका घटना बाहिर आएका छन् । महामारीले आक्रान्त अधिकाशं देशमा बन्दाबन्दीका बेला  महिलामाथिको  हिंसा बढेको अनुसन्धानहरूले देखाईसकेका छन् ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार कोभिड महामारीको पहिलो वर्ष सन् २०२० मा क्यानडा, जर्मनी, स्पेन, बेलायत र अमेरिकालगायतका विकसित मुलुकमा पनि महिलामाथि हिंसाका घटना बढे । युएन वुमनका अनुसार लकडाउनको अवधिमा घरेलु हिंसाका घटना फ्रान्समा ३० प्रतिशत, साइप्रसमा ३० प्रतिशत, अर्जेन्टिनामा २५ प्रतिशत र सिङ्गापुरमा ३३ प्रतिशतले बढ्यो ।

नेपालमा राष्ट्रिय महिला आयोगका अनुसार पहिलो बन्दावन्दी सुरु हुनु अघिको दुई महिना (२०७६ मंसिर देखि २०७६ चैत्रसम्म) को अवधि र बन्दावन्दीपछिको दुईमहिना (११ चैत २०७६ देखि १० जेठ २०७७ सम्म) को अवधिमा महिलामाथि हुने हिंसामा ११ प्रतिशतले वृद्धि भयो ।[1] यस्तै ओरेकले अभिलेख गरेका घटनाअनुसार पनि बन्दाबन्दीको समयमा[2] कूल एकहजार ४२ जना महिलामाथि विभिन्न स्वरुपमा हिंसा भएको पाइयो । यी मध्ये ५४ प्रतिशत घरेलु हिंसा थिए । यी घटनाहरू बन्दाबन्दीको समयमा न्यायिक निकाय र सेवा प्रदायक संस्थाहरू बन्द भएका अथवा खुलेपनि उनीहरूसम्म पहुँच हुन नसकेको वेलाका हुन् तर, यस्तो अवस्थामा समेत केही महिलाले आफूमाथि भएको हिंसाविरुद्ध आवाज उठाइ वाहिर आउँदा रिपोर्टिङ्ग भएकामात्र हुन् ।

संस्थामा पहिलो बन्दाबन्दीको समयमा अभिलेख गरिएका घटनाका प्रभावितहरूसँगको कुराकानी र अनुभवमा आफूमाथि भएका हिंसाविरुद्ध जोखिम मोलेर न्यायिक प्रक्रियाका जाँदा प्रहरीले उजुरी लिन आनाकानी गरेको, उजुरी लिएपनि मुद्दा दर्ताको प्रक्रियामा नगएको, मुद्दा दर्ता भएपनि बन्दाबन्दी खुलेपछिमात्र मुद्दाको प्रक्रिया अगाडी बढ्ने कुरा सम्बन्धित निकायले भन्ने गरेको, घरेलु हिंसाका घटनामा निवेदन लिएपनि छलफल गराएरमात्र छाडिदिने गरेको कुरा पीडितहरूले उठाएका थिए । यस अवस्थामा हिंसा प्रभावितका लागि स्थापना भएका सहयोगी संयन्त्रहरूले समेत सहज रुपमा सेवा प्रदान गर्न नसकिरहेको, अदालतलगायतका न्याय दिने निकायहरू बन्द/नियमित सञ्चालन हुन नसकेको अवस्थामा महिलाहरू चरम हिंसा सहेर बसेको र हिंसाविरुद्ध बोली हालेपनि न्यायका लागि पहल गर्ने स्थिति सहज थिएन भन्ने अनुमान सजिलै गर्न सकिन्छ ।



महामारीको अवस्थामा अझ बढी जोखिममा रहने समूह महिला बालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिहरू, वृद्धाहरू र दैनिक मजदुरी गरेर जीवन गुजारा गर्ने समुदायको अवस्था अत्यन्तै

[1] First_Lockdown_Report_(_Chaitra,_2076-Baisakha_2077) NWC

[2] २०७६ चैत्र ११ देखि २०७७श्रावण ६ सम्म (ओरेक)


संकटपूर्ण रहिरहेको छ । सामान्य अवस्थामा समेत जोखिमपूर्ण जीवन बाँचिरहेकाहरूमाथि थप जोखिम भएको छ । यही जोखिमलाई मध्यनजर गर्दै ओरेकले भूकम्प, बाढीजस्ता प्राकृतिक विपतका बेला प्रभावित क्षेत्रमा गएर प्रत्यक्ष रुपमा काम गरेको जस्तो सहज वातावरण नभएपनि अहिलेको परिस्थितिअनुसार महामारीमा सामना गर्नुपरेका विभिन्न जोखिमका कारणले मानसिक तनाव झेलिरहेकाहरूका लागि आवश्यक परामर्श दिइरहेको छ ।

आफ्ना समस्या राख्ने उपयुक्त ठाउँ र वातावरण खोजीरहेका प्रभावितका लागि पहिलो बन्दाबन्दीमा ओरेकले मानसिक तनाव र त्यसको असरलाई कम गर्न २८ जना मनोविमर्शकर्ताहरूद्वारा टेलिफोनमार्फत मनोसामाजिक विमर्श सेवा प्रदान गरेको थियो । संस्थासँग आबद्ध मनोविमर्शकर्ताले फोन र भौतिक दुरी कायम गरी व्यक्तिगत भेटघाटका माध्यमबाट समेत कोभिड-१९ को त्रासका कारण उत्पन्न मनोसामाजिक समस्याबाट प्रभावित, हिंसा प्रभावित/प्रभावितको परिवारका सदस्य गरी एक हजार पाँचसय ८५ जनालाई मनोसामाजिक परामर्श प्रदान गर्‍यो ।

यसैगरि २०७८ वैशाख १६ गते दोश्रो बन्दाबन्दी शुरु भएदेखि २०७८ असार ३१ गतेसम्म ओरेकले लगभग साढे २ महिनाको अवधिमा मात्रै ६४ जिल्लाबाट ६८० जना महिला तथा बालिकामाथि भएका हिंसाका घटना अभिलेखीकरण गरेको छ । यी घटना ओरेकले सञ्चालन गरेका तीनवटा हटलाइन, मनोविमर्शकर्ता, महिला मानव अधिकार रक्षक सञ्जाल, साझेदार महिला सामुदायिक संघसंसस्थाहरूमार्फत अभिलेख गरिएका हुन् । यी मध्ये १६३ वटा घटना सञ्चार माध्यमबाट संकलन गरिएका छन् ।

## १३.१. हिंसाको प्रकार


यस अवधिमा अभिलेखन भएका घटनामध्ये सबैभन्दा धेरै घरेलु हिंसाका छन् । ५० प्रतिशत (३४१ जना) महिला तथा बालिकामाथि घरभित्रै हिंसा भएको तथ्याङ्कले देखाएको छ । यसैगरी २१ प्रतिशत (१४६ वटा) बलात्कार, नौ प्रतिशत (६३ वटा) सामाजिक हिंसा, सात प्रतिशत (५० वटा) हत्या, तीन प्रतिशत (१९ वटा) यौन दुर्व्यवहार, दुई प्रतिशत (११ वटा) हत्याको प्रयास, एक-एक प्रतिशत (७, ७ जना) बलात्कारको प्रयास र आत्महत्या, एक प्रतिशत (८ जना) महिलालाई बेचबिखन गरिएको र ०.३ प्रतिशत (२ जना) महिलालाई बेचबिखनको प्रयास भएको घटना यो अवधिमा अभिलेख गरिएको छ ।




**चार्ट नं ६२ :** बन्दाबन्दीमा महिला तथा बालिकामाथि भएका हिंसाका प्रकार (वैशाख १६ देखि असार ३१,२०७८)

## १३.२. हिंसा प्रभावित र उमेर

हिंसा प्रभावितहरूको उमेर समूहको आधारमा हेर्दा सबैभन्दा बढी ३१ प्रतिशत (२१२ जना) महिला १७ देखि २५ वर्ष उमेर समूहका रहेका छन् । यस्तैगरी २६ देखि ३५ वर्ष उमेर समूहका ३० प्रतिशत (२०१ जना) र १६ वर्षभन्दा कम उमेरका २० प्रतिशत (१३६ जना) किशोरी बन्दाबन्दीको समयमा हिंसाबाट प्रभावित भएको पाइएको छ । ३६ देखि ४५ वर्ष उमेर समूहका ११ प्रतिशत (७३ जना), ४६ वर्षदेखि ५५ वर्ष सम्मका पाँच प्रतिशत (३७ जना) र ५६ वर्षभन्दा माथिका उमेर समूहका दुई प्रतिशत (१२ जना) महिला विभिन्न किसिमका हिंसाबाट प्रभावित भएका छन् भने एक प्रतिशत (९ जना) प्रभावितको उमेर समूह खुल्न सकेको छैन ।





**चार्ट नं ६३ :** हिंसा प्रभावितको उमेर

## १३.३. आरोपित र प्रभावितसँगको सम्बन्ध

हिंसा गर्नेमा सबैभन्दा धेरै ४६ प्रतिशत (३११ जना) श्रीमान र १७ प्रतिशत (११८ जना) परिवारका अन्य सदस्य रहेका छन् । महामारीमा परिवार नै एकअर्काको सहयोगी र भरोसा हुनुपर्नेमा उनीहरू नै आफ्नै श्रीमती, परिवारका सदस्य र छोराछोरीका निम्ति अझ बढी असुरक्षित हुनु अत्यन्त दुःख लाग्दो र गम्भीर अवस्था हो ।


यसैगरी हिंसा गर्नेमा २० प्रतिशत (१३३ जना) छिमेकी, पाँच प्रतिशत (३३ जना) महिलाले आत्मीय ठानेका व्यक्ति, १.८ प्रतिशत (१२ जना) आफ्नै साथी र १.३ प्रतिशत (९ जना) प्रहरी, चिकित्सक, स्थानीय तहका प्रतिनिधि, ०.४ प्रतिशत (३ जना) शिक्षक र सोही प्रतिशतमा अविवाहित तर सँगै बसेकाबाट महिला तथा बालिकाहरूमाथि हिंसा भएको पाइएको छ । ५८ जना पहिचान नखुलेका आरोपित व्यक्तिवाट हिंसा भएको तथ्याङ्कले देखाएको छ ।




**चार्ट नं ६४ :** प्रभावित र आरोपितसँगको सम्बन्ध

## १३.४. आरोपित व्यक्ति र उमेर

हिंसामा संलग्न आरोपित व्यक्तिहरूको उमेरलाई विश्लेषण गर्दा सबैभन्दा धेरै २६ देखि ३५ वर्ष उमेर समूहका ३५ प्रतिशत (२४१ जना) युवा रहेका छन् । यसैगरी १९-१९ प्रतिशत (१३३,१३३ जना) ३६ देखि ४५ वर्ष र १७ देखि २५ वर्ष उमेर समूहका युवा रहेका छन् भने नौ प्रतिशत (६० जना) ४६ वर्ष देखि ५५ वर्ष समूहका, छ प्रतिशत (३९ जना) ५६ वर्षभन्दा माथिका पुरुष र एक प्रतिशत (७ जना) १६ वर्षभन्दा कम उमेरका युवा हिंसामा संलग्न भएको पाइएको छ । बाँकी ११ प्रतिशत (७७ जना) आरोपितको उमेर खुल्न सकेको छैन ।




**चार्ट नं ६५ :** आरोपित र उमेर

**विश्लेषण**

कोभिड १९ को  विश्वव्यापी महामारीले सबै जाति, उमेर, वर्ग, रङ, लिङ्ग, विकसित तथा अल्पविकसित, अविकसित सबै राष्ट्रलाई उत्तिकै प्रभाव पारेको छ । यस्तो महामारीका बेला हरेक व्यक्तिले आफ्नो सुरक्षाको जिम्मा आफै लिनुको विकल्प छैन । महामारीका बेला सबैको ध्यान कसरी महामारी नियन्त्रण गर्ने र सुरक्षित हुने भन्नेमा  केन्द्रित हुनु स्वभाविक हो । यद्यपि महिला तथा बालिकामाथि यस्तोबेला हुने वा हुन सक्ने हिंसालाई उचित किसिमले सम्बोधन गर्ने संयन्त्रको अभावमा महामारीको प्रभावसँगै महिला र बालिकामा थप जोखिम बढेको छ ।

महिलामाथि हुने हिंसा रोकथाम तथा प्रभावितको सहयोगका लागि केही स्थानीय तहले उजुरी लिने तथा प्रभावितलाई सुरक्षित आवासको सेवा प्रदान गर्ने कार्य गरिरहेका छन् । यो निश्चय पनि प्रशंसनीय कार्य हो । तर जस्तोसुकै विषम परिस्थितिमा पनि हिंसा प्रभावित महिलाले आफूमाथि भएको हिंसालाई सहज रुपमा उजुरी गर्ने र न्याय पाउने वातावरण तयार गर्नका लागि सबै स्थानीय तह तथा निकायले समस्यालाई गम्भीरतापूर्वक सुनी उजुरी लिने र आवश्यक सेवा प्रदान गर्ने कार्यलाई संवेदनशीलताका साथ प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक छ । महामारीको अवस्था छ भनेर महिलामाथिका गम्भीर अपराध र हिंसालाई बेवास्ता गर्दा यसले अहिलेमात्र नभएर भविष्यमा समाजमा झन भयानक अवस्थाको सिर्जना गर्ने सम्भावना बढ्ने देखिन्छ ।

# परिच्छेद १४

## सञ्चार अनुगमन

### १४.१ सञ्चार माध्यममा प्रकाशन भएका महिला हिंसाका घटनाको विवरण

ओरेकले राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित भएका महिला हिंसाका समाचारको निरन्तर अनुगमन गरी मासिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ । तथ्य तथ्याङ्कसहितको पैरवी ओरेकले सुरुदेखि नै गर्दै आएको हो । सञ्चार माध्यम यस्तो पैरवीलाई सम्बन्धित निकाय र सरोकारवालाहरूबीच पुऱ्याउने र वहस चलाउने महत्वपूर्ण माध्यम हो । त्यसैले ओरेकले सञ्चार माध्यमसँग सँधै नजिक रहेर सहकार्य गर्दै आएको छ । यो अनुगमन यसैको एउटा कडी हो ।


पछिल्लो एकवर्षमा सञ्चार माध्यमबाट कुल ६४१  वटा महिला हिंसाका घटना सार्वजनिक भएका छन् । ओरेकले अभिलेख गरेका घटना सञ्चार माध्यमले प्रकाशन गरेको भएतापनि घटना दोहोरिन नदिन तिनलाई यस विश्लेषणमा समावेश गरिएको छैन ।

पत्रपत्रिका तथा सञ्चारमाध्यममा आउने घटनामा विस्तृत विश्लेषण गर्न पर्याप्त तथ्यगत विवरण नहुने हुँदा ती घटनाका आधारमा पुग्दो विश्लेषण गर्न सकिएको छैन । यद्यपि सञ्चार माध्यममा प्रकाशित घटनाहरूले महिला हिंसाको वर्तमान अवस्था र प्रकृतिलाई देखाउने हुँदा उपलब्ध सूचनाका आधारमा  विश्लेषण  गरिएको छ ।

## १४.२. हिंसाका प्रकार

**यसवर्ष पत्रपत्रिकामा प्रकाशन भएका महिला हिंसाका स्वरूपहरू निम्न रहेका छन्:**


एकवर्षमा राष्ट्रिय दैनिक पत्रपत्रिकाहरूमा सबैभन्दा धेरै बलात्कारका समाचार प्रकाशन भएका थिए । कुल ६४१ वटा घटनामध्ये ५३ प्रतिशत (३४० वटा) बलात्कार सम्बन्धी समाचार प्रकाशित भएका छन् । त्यसैगरी १८ प्रतिशत (११५ वटा) हत्या, छ प्रतिशत (३८ वटा) मानव बेचबिखन, पाँच प्रतिशत (३१ वटा) यौन दुर्व्यवहार, चार प्रतिशत (२६ वटा) सामाजिक हिंसा, तीन-तीन प्रतिशत (२२, २१ र १८ र १७) क्रमशः घरेलु हिंसा, आत्महत्या, बलात्कारको प्रयास र हत्या प्रयासका घटनासम्बन्धि समाचार अनुगमनका क्रममा पाइएको छ । यसैगरी एक-एक प्रतिशत (५ /४ वटा) एसिड आक्रमण र मानव बेचबिखनका घटना सञ्चार माध्यममार्फत सार्वजनिक भएका छन् भने बाँकी दुईजना महिलामाथि अन्य प्रकारका हिंसा भएका विवरण आए । जसको विवरणसहित निम्न चार्टमा प्रस्तुत गरिएको छ ।




**चार्ट नं. ६६ :** राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित महिला हिंसाका घटनाको प्रकार

## १४.३ पत्रपत्रिकामा प्रकाशित महिला हिंसाको प्रदेश अनुसारको स्थिति

यसवर्ष पत्रपत्रिकामा सबै भन्दा बढी २१ प्रतिशत हिंसाका घटनासम्बन्धि समाचार वाग्मती प्रदेश र २० प्रतिशत घटना प्रदेश नं एकका प्रकाशित भए । यसैगरी सुदूरपश्चिम प्रदेशमा १८ प्रतिशत र प्रदेश नं. दुईमा १६ प्रतिशत, लुम्बिनी प्रदेशमा ११ प्रतिशत, गण्डकी प्रदेशमा नौ प्रतिशत, प्रदेश नं छमा छ प्रतिशत महिला तथा बालिकामाथि भएका हिंसाका घटनासम्बन्धि समाचार आएको तथ्याङ्कले देखाएको छ ।




**चार्ट नं.६७:** पत्रपत्रिकामा प्रकाशित भएका महिला हिंसाको प्रदेश अनुसारको स्थिति

# परिच्छेद १५


## १५.१. प्रभावितलाई ओरेकले गरेको सहयोग विवरण

ओरेकले आफ्नो स्थापनाकालदेखि नै हिंसा प्रभावित महिलाहरूको न्यायमा पहुँच र उनीहरूको अधिकार सुनिश्चित गर्न विभिन्न किसिमको सहयोग गर्दै आएको छ। अधिकांश हिंसा प्रभावितले सहयोगी संयन्त्रको अभावमा आफूमाथि भएको अपराधविरुद्ध आवाज उठाउन सकेका छैनन्। सहयोगी संयन्त्र नहुँदा उनीहरू आफूमाथि भएका चरम हिंसा समेत सहेर पीडकसँगै बस्न बाध्य छन्। न्यायबाट वञ्चित हुनुपरेको छ। न्याय पाउनु हरेक व्यक्तिको अधिकार भएपनि धेरै महिलालाई कानुनी सचेतनाको कमी छ। यसर्थ हिंसा प्रभावित महिलालाई न्याय पाउने वातावरण बनाउनका लागि ओरेकले दिएका सेवालाई यस परिच्छेदमा राखिएको छ।

यसवर्ष संस्थाद्वारा अभिलेख गरेका घटनाका प्रभावित महिलामध्ये ५९५ जनालाई सुरक्षित आवासको सेवा प्रदान गरिएको छ। ४८६ जना हिंसा प्रभावित महिलालाई मनोविमर्श सेवा, २३३ जनालाई कानुनी परामर्श, २०७ जनालाई कानुनी सहयोग प्रदान गरिएको छ। यस्तै सुरक्षितवासमा रहेकाहरूमध्ये १७१ जनालाई विभिन्न विषयमा अभिमुखीकरण गरियो भने उपलब्ध सहयोगी संयन्त्रबारे जानकारी दिइयो। १५० जना प्रभावितलाई स्वास्थ्योपचार तथा सातजनालाई प्रसूति सेवा उपलब्ध गराइएको छ। यस्तै १५ जनालाई दिगो जीविकोपार्जनका लागि सहयोग गरिएको थियो भने २३२ जना हिंसा प्रभावित महिलालाई लत्ता कपडा र यातायातको सुविधा उपलब्ध गराइएको थियो। साथै सुरक्षितवासमा आएका ५९५ मध्ये २८७ जनाको समस्या बुझी आवश्यक मनोविमर्श सेवासहित पुनर्स्थापना गरियो। दुईजना हिंसा प्रभावित महिलाको अवस्था हेरी आवश्यक सहयोगका लागि अन्य ठाउँमा सिफारिस गरिएको छ।

हिंसा प्रभावित महिलाहरूका लागि सहयोगी संयन्त्र हुँदै नभएका हैनन्। तर अत्यन्तै सिमित संख्यामा रहेका यी संयन्त्रहरूबीच एक आपसमा समन्वयको अभाव, साधनस्रोत र जनशक्तिको

अभावका कारण प्रभावकारी रूपमा सञ्चालन हुन सकिरहेका छैनन् र हिंसा प्रभावित महिलाको पहुँच भन्दा बाहिर छन् । उपलब्ध सहयोगी संयन्त्रलाई प्रभावकारी बनाइ यसको व्यापक विस्तार गर्न सकेमा महिलाहरूले आफूमाथि भएको हिंसाविरुद्ध बोल्न आत्मविश्वास आउने र प्रोत्साहन हुने गरेको  छलफलका क्रममा उनीहरूले बताएका छन् । यसवर्ष संकलन भएका तथ्याङ्कलाई हेर्दा समेत जुन क्षेत्रमा महिलाका लागि सहयोगी संयन्त्रहरू उपलब्ध छन् ती क्षेत्रमा  हिंसाका धेरै





**चार्ट नं ६८ :** संस्थाद्वारा सुरक्षित आवासमार्फत प्रदान गरिएका सेवाको विवरण

## १५.२. ओरेकको हटलाइन सेवामार्फत सम्पर्कमा आएका महिला हिंसाका घटना


हिंसा प्रभावित महिलाले आफूमाथि भएको हिंसाबारे सहज रूपमा उजुरी गर्न सकुन्, उपलब्ध सेवामा महिलाको पहुँच सुनिश्चित हुन सकोस् र कोहीपनि महिला न्यायबाट वञ्चित हुन नपरोस् भन्ने अभिप्रायले ओरेकले निःशुल्क हटलाइन सेवा सञ्चालन गर्दै आएको छ। जसमा हिंसा प्रभावितले फोन गरेर आफूलाई आवश्यक सूचनाहरू प्राप्त गर्न सक्दछन्। ओरेकका हटलाइनमा महिलाले विशेषगरि हिंसाको उजुरी कहाँ गर्ने, कसरी गोप्य उजुरी गर्न सकिन्छ, उपलब्ध सहयोगी संयन्त्रहरू जस्तै कानुनी परामर्श सहायता, सुरक्षित आवासलगायतका सेवाहरू कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयहरूमा जानकारी र परामर्श लिने गरेका छन्।

यसवर्ष ओरेकका दुईवटा कार्यालयमा हटलाइन सेवामार्फत १४६ वटा महिला हिंसाका घटनाबारे जानकारी प्राप्त भएका थिए। जसको विवरण निम्नानुसार उल्लेख गरिएको छ।




**चार्ट नं. ६९:** हटलाइनमार्फत सम्पर्कमा आएका महिला हिंसाका घटनाको प्रकार

यसवर्ष संकलन भएका कूल १४६ घटनामध्ये ८९ वटा मोरङ्गमा र ५७ वटा काठमाडौंमा हटलाइनमार्फत आएका हुन् ।




**चार्ट नं.७०** : हटलाइनमा आएका घटनाको जिल्लागत दर्ता विवरण

# परिच्छेद १६

## सार्वजनिक स्थानमा हुने महिला हिंसा

सार्वजनिक स्थानमा महिला, किशोरी र लैङ्गिक तथा यौनिक अल्पसंख्यक महिला र किशोरी जोको हिमाथि विभेदकारी मान्यतामा आधारित कुनैपनि प्रकारको अमानवीय वा अपमानजनक व्यवहार नै सार्वजनिक स्थानमा महिला तथा किशोरीमाथि हुने हिंसा हो । जसले उनीहरुमाथि शारीरिक, मानसिक, आर्थिक, यौनजन्य, राजनैतिक वा सामाजिक हिंसा निम्त्याउने गर्दछ । यस्तो हिंसाले महिला तथा किशोरीलाई सार्वजनिक स्थानमाथिको पहुँच र सामाजिक नेतृत्वलाई कमजोर बनाउदै सामाजिक न्याय र मानव अधिकारको उपभोगबाट वञ्चित गर्छ ।


महिलामाथि हुने हिंसालाई सम्बोधन गर्ने राज्यका  संयन्त्रहरू जस्तै प्रहरी प्रशासन, न्यायालयहरूमा लैङ्गिक उत्तरदायी भावनाको अभाव छ। यसकारण नीति, नियमकानुन जतिसुकै महिलामैत्री भएपनि यसको कार्यान्वयन गर्ने निकायमा महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन नआएसम्म किशोरी तथा महिलाका लागि न्याय टाढा हुनेछ ।

महिला तथा किशोरीमाथि हिंसा हुने सार्वजनिक स्थानमा सरकारी तथा गैरसरकारी कार्यालय, सार्वजनिक यातायातका साधन जस्तैः सार्वजनिक बस, ट्याक्सी, हवाइजहाज आदि, शैक्षिक संस्थाहरू जस्तैः कलेज, विद्यालय, सिकाउने तथा तालिम दिने निकाय रहेका छन् । यसैगरी औद्यो गिक निकाय तथा अन्य कार्यक्षेत्र, सामाजिक सञ्जाल, संचार, साइवर स्पेश, सार्वजनिक बगैंचा, धार्मिकस्थान, सार्वजनिक धारा, कुवा, चौतारो, सडक, सडकपेटी, बसपार्क, यात्रु ओर्लने र चढ्ने ठाउँ र नागरिक अधिकारका आन्दोलन र प्रदर्शन गर्न बस्ने ठाउँहरू रहेका छन् ।

सार्वजनिक स्थानमा हुने हिंसाका बारेमा छलफल भएपनि त्यो अनुसार सम्बन्धित निकायमा उजुरी गर्ने, घटनाको छुट्टै अभिलेखीकरण र तथ्याङ्क संकलन गरी विश्लेषण गर्ने परिपाटी नेपालमा देखिएको छैन । सार्वजनिक स्थानमा हुने हिंसालाई हिंसाको रुपमा स्विकार नगरी यसलाई सामान्य घटनाका रुपमा लिने गरेकै कारण यसको सामान्यीकरण धेरै हुने र अभिलेखमा नआउने मुख्य कारण हो । जसोतसो आवाज उठाई हालेपनि परिवार, समाज, कानुन कार्यान्वयन गर्ने निकायहरूबाट नै अपेक्षित संवेदनशीलता तथा सहयोगको कमी, स्पष्ट कानुनी प्रावधानको अभाव र भएकै कानुनका बारेमा पनि ज्ञान तथा सूचनाको कमीका कारण सार्वजनिक स्थलमा हुने महिलामाथिका हिंसाका घटनाको न्यायोचित सम्बोधन हुन सकेको छैन ।

### १६.१ हिंसा भएका सार्वजनिक स्थान


सार्वजनिक स्थानमा हुने हिंसाका बारेमा गरिएको अध्ययनमा ३२१ जनालाई समेटिएको छ । उनीहरूमध्ये ४० प्रतिशत (१२७ जना) ले सार्वजनिक यातायातमा आफूमाथि हिंसा भएको प्रतिक्रिया दिएका छन् । यसैगरि १० प्रतिशत (३१ जना) ले बाटोमा, नौ प्रतिशत (३० जना) ले शैक्षिक संस्थामा, सात प्रतिशत(२१ जना) ले भीडभाडमा, छ प्रतिशत (२० जना) ले एकान्त ठाउँमा आफूमाथि दुर्व्यवहार भएको बताए । साथै पाँच प्रतिशत ( १५ जना) ले बजार वा अन्य सार्वजनिक स्थलमा, चार प्रतिशत (१२ जना) ले स्वास्थ्य संस्थामा, तीन/तीन प्रतिशत (१० र ९ जना) ले वित्तिय संस्था र होटेल, पब, डान्सबारमा, दुई प्रतिशत (५ जना) ले कार्यस्थलमा साथै ११ प्रतिशत (३६ जना) ले खेलमैदान, पार्क, पसलमा हिंसामा परेको बताएका छन् ।




**चार्ट नं.७१ :** हिंसा भएका सार्वजनिक स्थानहरू

## १६.२ सार्वजनिक स्थानमा हिंसा गर्ने आरोपित


सार्वजनिक स्थानमा हिंसा र दुर्व्यवहार गर्ने को थिए भनेर गरिएको प्रश्नमा जम्मा १२९ जनाले प्रतिक्रिया दिएका थिए । सार्वजनिक स्थानमा हिंसा गर्ने आरोपितहरू मध्ये २६ प्रतिशत (३३ जना) अपरिचित थिए । यसैगरि १३ प्रतिशत (१७ जना) सेवाप्रदायक, १२/१२ प्रतिशत (१६, १६ जना) शक्तिशाली व्यक्ति तथा शिक्षक, सहकर्मी, साथी, नौ प्रतिशत (११ जना) परिचित, पाँच प्रतिशत (७ जना) नजिकका नातेदार, चार प्रतिशत (५ जना) सेवाग्राही र ६ प्रतिशत अन्यबाट हिंसामा परेका छन् ।




**चार्ट नं.७२:** सार्वजनिक स्थानमा भएको हिंसाका आरोपित

## १६.३ समय

महिलामाथि कुन समयमा हिंसा हुने रहेछ भनेर राखिएको जिज्ञाशामा भने ४० जनालेमात्रै प्रतिक्रिया दिए। यी मध्ये सबैभन्दा बढी ४० प्रतिशत (१६ जना) लाई साँझको समयमा हिंसा भएको पाइएको छ। त्यसपछि २५ प्रतिशत(१० जना) लाई दिउँसोको समयमा, १० प्रतिशत (४ जना) लाई रातीको समयमा, आठ प्रतिशत (३ जना) लाई विहान, पाँच प्रतिशत (२ जना) लाई झमक्क साँझमा र १३ प्रतिशत (५ जना) लाई जुनसुकै समयमा हिंसा भएको पाइएको छ।





**चार्ट नं.७३ :** सार्वजनिक स्थानमा हिंसा भएको समय

## १६.४ प्रभावितको प्रतिक्रिया

विभिन्न सार्वजनिक स्थानमा आफूमाथि हिंसा हुँदा प्रभावितहरूले के कस्तो प्रतिक्रिया दिए त ? यो प्रश्नमा १९५ जनाले उत्तर दिएका छन् । यी मध्ये सबैभन्दा धेरै ३५ प्रतिशत (६८ जना) ले सहने गरेको, चुपचाप बस्ने, यस्तै हो भनेर सम्झौता गर्ने, कुनै प्रतिक्रिया नदिने गरेको जवाफ दिए । १५ प्रतिशत (३० जना) ले बेवास्ता गर्ने वा भाग्ने गरेको बताए । यस्तै १२ प्रतिशत (२३ जना) ले जहाँ घटना भयो त्यहिं नै आवाज उठाउने गरेको, सात प्रतिशत (१३ जना) ले आफैं शारीरिक बचावट गर्ने गरेको, १६ प्रतिशत (३१ जना) ले अरुलाई भन्ने गरेको प्रतिक्रिया दिए ।

छ प्रतिशत (११ जना) ले आफूलाई त्यस्तो व्यवहार मन नपर्ने, तीन प्रतिशत (६ जना) डराउने रिसाउने गरेको, दुई प्रतिशत (४ जना) ले सम्बन्धित निकायमा गुनासो गर्ने गरेको र सोही प्रतिशतले आफूलाई सार्वजनिक स्थानमा हिंसा हुँदा हड्ताल गरेको पनि बताएका छन् । यसैगरी एक/ एकजनाले आफूलाई अन्यौल हुने गरेको र सुरक्षित स्थानमा जाने गरेको जवाफ दिए भने दुईजनाले चाहिं सार्वजनिक स्थानमा आफू एकदमै सावधान रहने गरेको बताएका थिए ।





**चार्ट नं.७४ :** प्रभावितको प्रतिक्रिया

## १६.५ सहनु वा चुप लाग्नुको कारण

अध्ययनअनुसार सार्वजनिक स्थानमा हिंसा हुँदा धेरै जनाले सहने, चुप लाग्ने वा बेवास्ता गर्ने गरेको पाइयो । उनीहरू  चुप लाग्नु  वा सहेर बस्नुको कारणबारे सोध्दा २१२ जनाले उत्तर दिएका छन् । जसमा २५ प्रतिशत (५४ जना) ले सामाजिक सांस्कृतिक कारणले आफूहरू हिंसाविरुद्ध नबोलेको बताए । महिलालाई सानैदेखि सहनुपर्छ भन्दै हुर्काउने र बोलिहाले पनि आफ्नै बेइज्जत हुन्छ भन्ने डरले उनीहरू चुप लाग्ने गरेको हुनसक्छ ।

यसैगरी २१ प्रतिशत (४४ जना) पारिवारिक कारणले, १६ प्रतिशत (३३ जना) ले आर्थिक असुरक्षा वा चुप लागेमा फाइदा हुन्छ भन्ने लागेर हिंसा हुँदा नबोलेको पाइयो । १३ प्रतिशत (२८ जना) ले डर, त्रासको कारणले, पाँच प्रतिशत (१० जना) ले यसलाई सहज रुपमा लिएको कारणले, तीन प्रतिशत (७ जना) ले आँट वा साहस नभएर, नौ प्रतिशत (१९ जना) ले यसको बारेमा बोल्नुपर्छ भन्ने ज्ञान नभएर, दुई प्रतिशत (५ जना) ले भन्नै नसकेर, दुई प्रतिशत (४ जना) ले यसलाई साधारण उल्लंघन मानेर,  तीन जनाले बोलेपनि न्याय पाउँछु भन्ने विश्वास नभएर र दुई प्रतिशत (५ जना) ले अन्य कारणले सार्वजनिक स्थानमा हिंसा हुँदा पनि चुप लाग्ने वा सहने गरेको बताएका छन् ।





**चार्ट नं.७५ :** सहनु वा चुप लाग्नुको कारण

## १६.६ घटना भएको थाहा भएपछि परिवारको प्रतिक्रिया

सार्वजनिक स्थानमा आफूहरूमाथि भएको हिंसाका बारेमा थाहा पाएपछि घरपरिवारका सदस्यको प्रतिक्रिया कस्तो थियो भनेर प्रश्न गर्दा १२६ जनाले उत्तर दिएका छन् । जसमा ३४ प्रतिशत (४३ जना) को घरपरिवार असहयोगी रहेको पाइएको छ । १७ प्रतिशत (२१ जना) को घरपरिवारले भने सहयोग गरेको र प्रतिरक्षाका लागि आफूहरूलाई उत्प्रेरित गर्ने गरेको बताए ।

साथै १० प्रतिशत (१२ जना) को परिवार सहयोगी र न्यायलागि पहल गरेको, १५ प्रतिशत (१९ जना) को परिवार सहयोगी तर न्यायको खोजी नगरेको पाइएको छ । त्यसैगरी १० प्रतिशत (१२ जना) को परिवारले घटना थाहा भइसकेपछि प्रभावितलाई नै बन्देज लगाएको पाइएको छ । चार प्रतिशत (५ जना) को परिवारले खानतलास, खोजखवर गर्ने गरेको, तीन प्रतिशत (४ जना) को परिवारले बदलाको भावना राख्ने गरेको, तीनजनाको परिवारले पीडकको विस्तृत विवरण पत्ता लगाएको, दुईजनाको परिवारले जागिर नै छोड्न लगाएको, एकजनाको परिवारले यस विषयमा अभिमुखीकरण गरेको र तीनजनाको परिवारले यात्रा गर्दा पुरुष साथी साथ लगाइदिने गरेको बताए ।




**चार्ट नं.७६ :** घटना भएको थाहा भएपछि परिवारको प्रतिक्रिया

**विश्लेषण**

तथ्याङ्कलाई विश्लेषण गर्दा महिलाका लागि सुरक्षित स्थान न घर छ न बाहिर। महिला तथा किशोरीमाथि सबै भन्दा धेरै हिंसा सार्वजनिक यातायातमा भएको देखिन्छ। यसैगरी शैक्षिक संस्था, भीडभाड, बजार, पार्क, खेल्ने मैदान, जङ्गल र एकान्त ठाउँहरूमा महिलामाथि हिंसा भएको छ।

सार्वजनिक स्थानमा भएको हिंसाका बारेमा बोल्दा उल्टो आफैंमाथि चारित्रिक आरोप लाग्ने डर, परिवारबाट असहयोग वा पारिवारीक इज्जत, हिंसा हो भन्ने थाहा नभएर वा पछि थाहा पाएकाले, जागिर जाने डर वा आफूमाथि भविष्यमा खतरा हुनसक्ने हुनाले चुपचाप सहने गरेको अध्ययनमा सहभागी भएकाहरूले बताएका छन्। हिंसा गर्नेहरूमा बसका चालक, सहचालक, अपरिचत, शिक्षक, सहकर्मी, सहपाठी, शक्तिशाली व्यक्ति, चिनेजानेका, सेवा प्रदायक, ग्राहक आदि रहेका छन्।

तथ्याङ्कअनुसार अपरिचितहरू चालक सहचालक पहिचान गर्न गाह्रो हुने, शिक्षक वा चिनेजानेकाले दुर्व्यवहार गरेपनि प्रहरीमा जाहेरी दिनका लागि प्रमाण जुटाउन नसकिने वा उनीहरूबाट भविष्यमा आफूमाथि झन खतरा हुनसक्ने हुनाले घट्नाका बारेमा रिपोर्टिङ नहुने पाइएको छ । जाहेरीलाई कार्वाहीको प्रक्रियामा लैजान प्रहरीले अनुसन्धान गरी प्रमाण जुटाउनुपर्छ तर अधिकाशं सार्वजनिक स्थानमा हुने हिंसाको प्रमाण जुटाउन समस्या देखिने र प्रहरीले जाहेरीलाई कार्वाहीमा लैजान नसक्ने हुनाले प्रभावितहरू न्याय पाउने आश नभएर जाहेरी दिन नजाने प्रवृत्ति देखिएको छ ।

अहिले महिलाहरूको घरवाहिरका विभिन्न अवसरहरूमा सहभागिता र भूमिका बढ्न थालेको छ । बाहिरका गतिविधिमा उनीहरूको सक्रियता बढेसँगै ती स्थानमा उनीहरूमाथि हिंसा र दुर्व्यवहार गर्ने प्रवृत्ति पनि बढेको छ । यो सवै स्रोतमाथिको पहुँच तथा नियन्त्रण एकलौटी रुपमा आफू मै राख्न चाहने, समान शिक्षामा पहुँच, नेतृत्व र सहभागितालाइ नस्विकार्ने, गतिशिलतामा नियन्त्रण गर्ने महिलाको व्यक्तित्व विकाससँग सम्बन्धित अतिरिक्त क्रियाकलापहरू र समूह सञ्जालमा सहभागी हुन नदिने र महिलालाई परम्परागत विभेदकारी लैंगिक भूमिका मै देख्न चाहने पित्तृसत्तात्मक सामाजिक संरचनाले मलजल गरेको मुल्यमान्यतामा हुर्के बढेको सोचको परिणाम हो ।

तसर्थ महिला तथा किशोरीको सशक्तिकरण गर्दै लैंगिक समानता कायम गर्न उनीहरूले सार्वजनिकस्थलमा सहज र आत्मसम्मानका साथ दावी गर्न पाउने वातावरण बनाउन सकेमात्र महिलाले आफूलाई सुरक्षित महसुस गरी जुनसुकै समयमा बाहिरी गतिविधिमा सहभागी भइ हरेक काममा आफ्नो सहभागिता बढाउन सक्नेछन् ।

## सार्वजनिक स्थान (बाटो) मा भएको हिंसा

**घटना १२**

कैलाली टिकापुरकी पारलैङ्गिक महिला जुनु चौधरी सामाजिक अभियन्ताको रूपमा काम गर्छिन् । उनी कामको सिलसिलामा सिन्धुलीबाट जनकपुर पुगेकी थिइन् । उनी आफ्नो काम सकेर कोठा फर्कदै थिइन् । उनलाई बाटोमा हिँडिरहेको बेला चिनेकै एकजना पुरुषले पछ्यायो र बाटो मै दुर्व्यवहार गऱ्यो । यौन आशयले उनको संवेदनशील अंगमा छोयो । उनी भन्छिन् – 'प्रतिकार गरेर फटाफट आफ्नो कोठातिर लागे ।' उनलाई पछ्याउँदै ती युवक कोठासम्मै पुगे । जुनु भन्छिन् 'घर भित्र पसेर हत्तपत्त गेट लगाएँ । ती व्यक्तिले बाहिर बाटै घरको ढोकामा ढुङ्गामुढा गरे ।' उनले घर बेटीलाई गुहारिन् । घर बेटीले जुनुलाई एक पटकलाई माफी दिन र अर्को पटक पनि त्यस्तो व्यवहार गरे प्रहरीमा जाने बताए । आफैं अभियन्ता भएपनि यस्ता घटनाहरू लिएर प्रहरी प्रशासनसम्म पुग्न नसक्ने जुनु बताउँछिन् । यस्ता घटनाले मानसिक रूपमा गहिरो चोट पुग्ने उनको भनाई छ ।

*घटना १२ र १३ पत्रकार सरला सुनुवारको विश्वखबर अनलाइनमा प्रकाशित समाचारबाट साभार गरिएको हो ।*

## सार्वजनिक यातायातमा भएको दुर्व्यवहार

**घटना १३**

२०७६ सालमा एक अपाङ्गता भएकी महिला सिन्धुलीबाट काठमाडौँ जाने सुमोमा चढिन् । उनको एउटा खुट्टा नचल्ने भएकोले गाडीमा ओर्लन र उक्लिन उनलाई अरूको मद्दत लिनुपर्थ्यो । सहयोग गर्ने बहानामा चालकले उनलाई दुर्व्यवहार गरे । बिच बाटोमा गाडी रोकिएपछि यात्रुहरू सबै ओर्लिन्थे । उनलाई भने अगाडी बसेको चालककै साहारा लिएर ओर्लिनुपर्थ्यो ।

उनलाई ओराल्ने बाहानमा यौन आशयले चालकले ढाड ,कम्मर,छाती जहाँ मन लाग्यो त्यही समात्थे । चालकले बोकेर ओराल्छु भन्दै दुर्व्यवहार गरेको उनले बताइन् । गाडी जहाँ जहाँ रोकिन्थ्यो चालकको त्यस्तो हर्कत रोकिँदैन थियो । प्रतिकार गरेर बिच बाटोमै ओर्लिए झनै अलपत्र हुने डरले उनलाई थप पीडा भएको बताइन् ।

चालकले उनलाई गरेको दुर्व्यवहार पछाडि बस्ने साथीहरू सुनाउन खोजिन् र बेलाबेलामा पछाडि फर्केर हेरिन् उनको मनोभाव कसैले बुझेनन् । काठमाडौँ पुगेपछि लिन आफन्त आए । उनले आफन्तसँग दोहोरो संवाद गर्ने र आफूमाथि भएको दुर्व्यवहार बारे भन्ने आँट गरिनन् । यदि भनिहाले बाहिर हिंड्डुल गर्न नदिने र घरमै बस्न परिवारबाट दबाब आउने डरले उनले आफूमाथि भएको दुर्व्यवहार आफुभित्रै दवाइन् ।

# निष्कर्ष तथा सुझाव

महिलामाथि भइरहेका हिंसा र विभेदको अन्त्यविना महिलाको मानवअधिकार सुनिश्चित हुन सक्तैन। महिलाका लागि आफ्नो घर र आफू बसेको समाजमा एक जिम्मेवार नागरिकका हैसियतले समानुभूति महसुस गरी आत्मसम्मानपूर्वक बाँच्ने वातावरण नभएसम्म महिलामाथि भइरहेका हिंसा र विभेदको अन्त्य पनि असम्भव छ। समाजका हरेक संरचनामा गहिरो गरी जरा गाडेर बसेको पितृसत्तात्मक मूल्यमान्यता र सोचले महिलालाई एक कमजोर र सहायकको हैसियत प्रदान गरेको छ। त्यसको फलस्वरुप महिलाहरू राज्यका शक्ति संरचनाहरूबाट निकै टाढा छन्। यी शक्ति संरचनामा पहुँच नभएकै कारण उनीहरू आश्रित छन् र विभिन्न किसिमका शारीरिक, मानसिक, सामाजिक र आर्थिक रूपमा शोषण र हिंसा खपेर बाँच्न बाध्य बनाइएका छन्।

सामाजिक न्याय, समानता, देशको दिगो विकास र शान्तिका लागि महिलामाथि हुने हिंसाको समूल अन्त्य आवश्यक छ। महिलामाथि हुने हिंसा न्यूनिकरणका लागि हाल राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट समेत विभिन्न प्रयासहरू भएका छन्। संविधानले महिलाका धेरै अधिकार सुनिश्चित गरेको छ। संविधानअनुसार कानुनहरू बनेका छन्। नेपालले हस्ताक्षर गरेका विभिन्न अन्तर्राष्ट्रिय सन्धि महासन्धि अनुसार कानुन बनाइएका छन्।

यी सम्पूर्ण प्रयासका बाबजुद महिलामाथिका विभेद र हिंसा ज्यूँका त्यूँ छन्। अझै उनीहरूमाथि नयाँ नयाँ स्वरूपमा हिंसा भइरहेको छ। तर कानुन कार्यान्वयन गर्ने हाम्रा संयन्त्रहरूको काम गर्ने परम्परागत ढर्रा र सोचका कारण महिलामाथिको हिंसा न्यूनिकरण हुन सकेको छैन। यही सोच कै कारण संविधानसभाले बनाएका प्रगतीशील कानुनहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन समेत सकेका छैनन्।

यसकारण कानुन जतिसुकै प्रगतीशील भएपनि महिलाका जीवनमा अपेक्षाकृत परिवर्तन आउन सकेको छैन र महिलाले हिंसामुक्त भएर जीवनयापन गर्न पाएका छैनन्। महिलामाथि भइरहेका हिंसाको न्यूनीकरणका लागि समुदायदेखि राष्ट्रियस्तरसम्मका सम्पूर्ण संरचनागत परिवर्तन अति आवश्यक रहेको छ। यसका साथै हिंसापीडित महिलाले शिघ्र न्याय पाउने वातावरण निर्माणका लागि पर्याप्त सहयोगी र लैंगिकमैत्री संयन्त्रको विकास, महिलामुखी कानुनी व्यवस्था, भएका नीति

नियमहरूको प्रभावकारी कार्यान्वयन, सेवा प्रदायक संस्थाहरूमा लैङ्गिक संवेदनशीलताको विकास हनु आवश्यक छ । साथै महिलामाथि हुने हिंसा अन्त्यका लागि सबै तहतप्कामा व्याप्त मौनताको संस्कृति तोडेर आ-आफ्नो स्थानबाट हिंसाविरुद्ध आवाज उठाउनुका साथसाथै हिंसाविरुद्ध आवाज उठाउन सक्ने आत्मवल र थप आत्मविश्वास बढाउने वातावरण तयार गर्नुपर्दछ ।

महिलामथि हुने हिंसाको अन्त्यका लागि यो सवाल र समस्यालाई महिलाकोमात्रै सवाल र समस्याका रूपमा नलिएर यो राष्ट्रिय र राजनीतिक सवालको रूपमा स्थापित गराई सवै तहबाट काम गर्नु जरुरी छ । महिलामाथि हुने हिंसाको अन्त्य सम्पूर्ण महिला अधिकार तथा मानवअधिकारका क्षेत्रमा क्रियाशील व्यक्ति, नागरिक समाजका अगुवाहरू, राजनीतिकर्मीहरू, संघसंस्था र समुदायमा आधारित समूह सबैको सहकार्यबाट मात्रै सम्भव छ । महिलामाथि भइरहेको हिंसाको वास्तविक कारण र यथार्थ जबसम्म बाहिर आउँदैन तबसम्म यसको समाधानका लागि गरिएका सम्पूर्ण प्रयास व्यर्थ हुन्छन्, यसर्थ देशमा वर्षभरिमा भएका महिला हिंसाको घटनाहरूको अध्ययनलाई समेटेर तयार पारिएको महिला हिंसाविरूद्धको वर्ष पुस्तकको रूपमा अन्वेषी प्रकाशन महिलामाथि हुने गरेका हिंसाका तथ्य तथ्याङ्कलाई बाहिर ल्याउने एक महत्वपूर्ण प्रयास हो ।

यो पुस्तकका लागि देशभरीबाट प्राप्त भएका महिला हिंसाका घटनाको तथ्याङ्क र यसको विश्लेषणका आधारमा हामीले तत्काल सम्बोधन गर्नपर्ने केही महत्वपूर्ण सवाल फेला पारेका छौं । जसको आधारमा महिला हिंसाविरुद्ध सम्पूर्ण सरोकारवालाहरूलाई जवाफदेही, उत्तरदायी बन्न र सम्बोधनका लागि आवश्यक कदम चाल्न निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

## सुझावहरू:

महिलामाथि हुने हिंसाको समग्र अवस्थाका बारेमा एकिकृत राष्ट्रिय तथ्याङ्क राख्ने संयन्त्रको अभावका कारण यसको समग्र अवस्थाको विश्लेषण गर्न र सोही बमोजिम हिंसा संवोधनका लागि उचित कदम चाल्न कठिन भएको अवस्था छ । यसर्थ महिलामाथि हुने हिंसाको राष्ट्रिय तथ्याङ्क व्यवस्थापन प्रणालीको स्थापना नेपाल सरकारबाट यथाशिघ्र गरिनुपर्दछ ।

- महिलामाथि हुने हिंसाको समग्र अवस्थाका बारेमा एकिकृत राष्ट्रिय तथ्याङ्क राख्ने संयन्त्रको अभावका कारण यसको समग्र अवस्थाको विश्लेषण गर्न र सोही बमोजिम हिंसा सम्वोधनका लागि उचित कदम चाल्न कठिन भएको अवस्था छ । यसर्थ महिलामाथि हुने हिंसाको राष्ट्रिय तथ्याङ्क व्यवस्थापन प्रणालीको स्थापना नेपाल सरकारबाट यथाशिघ्र गरिनुपर्दछ ।

- लिङ्ग, उमेर, जात, वर्ग, स्रोत र सम्पत्तिमाथिको एकाधिकारका कारण परिवार र समाजमा रहेको असमान शक्तिसम्बन्धमा परिवर्तन नहुँदासम्म शक्तिको आडमा गर्ने शोषण, दमन, हिंसा रहिरहने भएकाले सबैखाले विभेदको अन्त्य र घरको कामको समान बाँडफाँटगरी शक्तिसम्बन्धमा रुपान्तरण गर्न नेपाल सरकारले योजना निर्माण गरी प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्दछ ।
- प्रभावितले मुद्दा दर्ता गरी न्याय पाउनेसम्मको प्रक्रिया अत्यन्तै लामो र झण्झटिलो भएकाले उनीहरू न्याय पाउनबाट वञ्चित हुनुपरेको छ । कतिपय अवस्थामा प्रमाण जुटाउने जिम्मा समेत प्रभावितलाई नै दिँदा उनीहरूले न्याय नपाएका उदाहरण प्रशस्त छन् । तसर्थ महिलामाथि हुने  बलात्कारलगायतका जघन्य अपराध र लैङ्गिक हिंसाका घटनामा अनुसन्धान र अभियोजनका क्रममा संवेदनशील हुनुपर्ने र यी घटनालाई उच्च प्राथमिकतामा राख्दै द्रुत न्याय प्रणालीको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ ।
- बलात्कार जस्तो जघन्य अपराधका घटनालाई इज्जत र प्रतिष्ठाको विषय वनाई मेलमिलाप गराउने पीडित/प्रभावितलाई लाञ्छना लगाउने, डर, धाक, धम्की दिने,  आफ्नो बास स्थान छोड्न बाध्य वनाउने, कतिपय घटनामा उजुरी लिन आनाकानी गर्ने, पीडित र परिवारलाई राजनीतिक दबाब दिने, पीडकलाई संरक्षण गर्ने जस्ता क्रियाकलापले  दण्डहिनता बढ्न गई अपराधीहरू समाजमा निर्धक्क हिंड्ने तर पीडितहरूले वासस्थान छोड्नपर्ने अवस्थाको अन्त्य गरी सुरक्षित, संवेदनशील, दीर्घकालिन र पहुँचयुक्त सहयोगी संयन्त्रको विकास गर्नु र भैरहेका संयन्त्रलाई सुदृढीकरण गर्नु आवश्यक छ ।
- सबै स्थानीय तहले बलात्कार जस्ता जघन्य अपराधका मुद्दामा विद्यमान द्रुत न्याय सेवाको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ । बलात्कारका घटनामा प्रभावितले चाहेको र उसलाई उपयुक्त लागेको समयमा उजुरी दिन सक्ने व्यवस्था गरियोस, ताकी बलात्कार जस्तो अपराधिक क्रियाकलापको दोषीमाथि जहिलेसुकै कारवाही गर्न र पीडितले न्याय पाउने काममा बाधा अड्चन हटाउन सकियोस् ।
- महिला, बालिका, अपाङ्गता भएका महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकका लागि सुरक्षित सार्वजनिक स्थान कसरी बनाउने भन्ने सम्बन्धमा स्पष्ट रणनीति तथा ठोस कार्ययोजना तर्जुमा गर्नुपर्ने ।
- महिला हिंसामध्ये पनि यौन हिंसा, बलात्कार प्रभावितहरू, खासगरी बालिका एवं किशोरीहरूका लागि सरकारी तहबाट उचित संरक्षण, मनोसामाजिक परामर्श सेवा, सुरक्षित आवास, गुणस्तरीय र सर्वसुलभ शिक्षा तथा रोजगार एवं जीविकोपार्जनको भरपर्दो माध्यमको सुनिश्चित गर्दै आत्मसम्मानसहितको सामाजिक पुनःएकिकरणको यथाशिघ्र व्यवस्था गरिनुपर्दछ ।

- महिलाको शरीरलाई परिवार तथा समाजको इज्जतको रूपमा मात्रै हेर्ने अत्यन्तै हानिकारक र संकिर्ण सोचले महिलामाथि भइरहेका हिंसामा व्याप्त सामाजिक मौनताको संस्कृतिलाई निरन्तरता दिएको छ। यसका लागि विभेदपूर्ण सामाजिक संरचनाको रुपान्तरण गरी महिलामाथिका सम्पूर्ण भेदभावविरुद्ध शून्य सहनशीलताको नीतिलाई स्थानीयदेखि केन्द्रियस्तरसम्मका सम्पूर्ण संरचनामा प्रभावकारी रूपमा कार्यान्वयन गरियोस्।
- स्थानीयदेखि राष्ट्रियस्तरका न्यायिक एवं कानूनी निकायका प्रतिनिधिहरू महिला हिंसा र लैंगिक विभेद, शोषण र हिंसाप्रति संवेदनशील र सचेत बन्न आवश्यक छ। अधिकांश महिला हिंसाका घटनालाई कानूनी प्रक्रियामा लानुको सट्टा आपसी मेलमिलापमा लैजाने प्रवृत्तिको परिवर्तनमात्रै हैन अन्त्य हुनुपर्दछ। साथै पीडित/प्रभावितको सुरक्षा र जीविकोपार्जन सुनिश्चित गर्ने गरी यस्ता घटनालाई सम्बोधन गर्नेतर्फ जोड दिनुपर्दछ।
- राज्यले महिलामाथि भइरहेका हिंसा अन्त्य गरी उनीहरूको अधिकार स्थापित गर्न व्यवस्था गरेका ऐन र कानूनी प्रावधानहरूबारे प्रत्येक स्थानीय तहले आम नागरिकलाई जानकारी गराउन र सुसूचित गर्न उचित संयन्त्र र माध्यमहरूको तत्काल स्थापना गर्नुपर्दछ। ताकी हिंसा पीडित/प्रभावितहरूलाई चाँडो भन्दा चाँडो न्यायिक प्रक्रियामा जान प्रोत्साहन मिलोस्। साथै देशका ऐन, कानून र न्यायिक निकायप्रति उनीहरूमा विश्वास र भरोसामा वृद्धि होस्।
- हिंसा प्रभावितहरूको सुरक्षालाई मध्येनजर गर्दै उनीहरूको गोपनीयताको अधिकारलाई सम्बन्धित निकायहरूले सुरक्षित एवं सुनिश्चित गर्नुपर्दछ।
- महिला हिंसाविरुद्ध सक्रिय मानवअधिकारकर्मी, अभियन्ता तथा महिला अधिकारकर्मी संघसंस्थाहरू समेत असुरक्षित र त्रासमा काम गर्न परेको यथार्थलाई ध्यानमा राखी उनीहरूलाई सुरक्षित भएर काम गर्नसक्ने वातावरण समेत राज्यले निर्माण गर्नुपर्दछ। खासगरी समुदायस्तरमा कार्यरत व्यक्ति एवं समूहहरू महिला हिंसाका घटनालाई बाहिर ल्याउन र पीडित/प्रभावितलाई न्याय दिलाउन खेलेको भूमिकाका कारण त्रसित र असुरक्षित छन्। यस्ता क्रियाकलापलाई पूर्णत निषेध गर्नका लागि उचित कानूनी व्यवस्था एवं सामाजिक वातावारण निर्माण गर्न सरकारी पहलको खाँचो छ।
- महिला हिंसा प्रभावितहरूका लागि सरकारले उपलब्ध गराइ आएका सेवा सुविधाहरू उचित तरिकाले उपलब्ध छन् वा छैनन् भनेर अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र निर्माण गरिएको छैन। यो काम यथासक्य चाँडो गरिनुपर्दछ।

- महिलाले सम्मानित र स्वतन्त्र भएर जीवनयापन गर्न सक्ने वातावरण बनाउनका लागि राज्यका सम्पूर्ण स्थानीयदेखि केन्द्रियतहसम्मका निकायले लैङ्गिक समानता सम्बन्धि नीतिको तर्जुमा गरी कार्यान्वयनमा ल्याउन जरुरी देखिएको छ ।

- महिलालाई हेर्ने पुरानो दृष्टिकोण र सोचमा आमुल परिवर्तन नभएसम्म नेपालको संविधान-२०७२ द्वारा प्रत्याभूत 'प्रत्येक नागरिकको समान अधिकार हुनेछ' भनेर राखिएको प्रावधान नेपाली महिलाले अनुभूत गर्न पाउने वातावरण बन्न सक्दैन। साथै देशमा भएको बृहत र व्यापक राजनीतिक रूपान्तरणका वावजुद पनि नेपाली महिलाको जीवन हिंसामूक्त र अधिकार सम्पन्न हुन सक्दैन ।

  तसर्थ विभिन्न हानिकारक सामाजिक, आर्थिक तथा धार्मिक परम्पराहरूबाट प्रतिपादित र निर्देशित विभेदकारी सामाजिक मूल्य मान्यताका कारण महिलामाथि भैरहेको हिंसालाई गम्भीर अपराधको रूपमा स्वीकार तथा ब्याख्या गरी त्यस्ता सबैखाले हानिकारक परम्परागत अपराधको अन्त्यका लागि स्थानीयदेखि राष्ट्रियस्तरसम्म रणनीति बनाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याईयोस्। साथै सरकार र राजनीतिक दल कै नेतृत्वमा यस्ता हानिकारक परम्परागत अभ्यासविरुद्ध आम सचेतनाका कार्यक्रमहरू व्यापक रुपमा सञ्चालन गरियोस्।

- महिलाले आर्थिक रूपमा सशक्त र स्वावलम्बी भएर जीवनयापन गर्न सक्ने अवस्थाको सिर्जनाका लागि उनीहरूको आन्तरिक र आर्थिक सशक्तिकरणका कार्यक्रम ल्याउन आवश्यक बजेटको विनियोजनसहित दिर्घकालिन नीतिगत व्यवस्था गरियोस्।

- अन्तर्राष्ट्रिय सन्धि सम्झौता विशेषगरी महिलाविरुद्ध हुने सबै किसिमका विभेद उन्मुलन गर्ने महासन्धि (CEDAW) आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धी (UNESCR) र दिगो विकासका लक्ष्य कार्यान्वयनका लागि बनाइएको राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गरी बलियो अनुगमन संयन्त्रको स्थापना गरिनुपर्दछ।

- महामारी होस वा प्रकृतिक प्रकोप, जस्तोसुकै विषम परिस्थितिमा पनि हिंसा प्रभावित महिलाले आफूमाथि भएको हिंसालाई सहज रुपमा उजुरी गर्ने र न्याय पाउने वातावरण तयार गर्न सबै स्थानीय तह तथा निकायले उजुरी लिने र आवश्यक सेवा प्रदान गर्ने कार्यलाई संवेदनशीलताका साथ प्रभावकारी रूपमा सञ्चालन गरिनुपर्दछ। यसका लागि हटलाइन तथा हेल्पलाइन नम्बर हरूको यथाशिघ्र विस्तार गर्न आवश्यक छ ।

# लैगिंक विभेदमा आधारित हिंसा घटना सङ्कलन फाराम
# ओरेक

| घटना संकलनकर्ताको नाम | आवद्ध संस्था | फोन नं | घटना संकलन गरेको मिति | घटना संकलन गरेको स्थान |
|---|---|---|---|---|
| | | | | |

**प्रभावित /पीडितको विवरण**

| कोड नम्बर : | जन्म मिति :<br><br>उमेर : | **लिङ्ग**<br>महिला ☐<br>☐<br>पुरुष<br>यौन अल्पसंख्यक (खुलाउनुहोस्)<br>.................................. | **राष्ट्रियता**<br>नेपाली ☐<br>अन्य भए खुलाउनुहोस्<br>........................... | **जातीयता**<br>ब्राह्मण/क्षेत्री (तराई) ☐<br>ब्राह्मण/क्षेत्री (पहाडे) ☐<br>जनजाति (हिमाल) ☐<br>जनजाति (तराई) ☐<br>दलित (हिमाल) ☐<br>दलित (तराई) ☐<br>मुस्लिम<br>अन्य (खुलाउनुहोस्)<br>......................... |
|---|---|---|---|---|

| **वैवाहिक स्थिति** | **यदि विवाहित हो भने** | **शैक्षिक अवस्था** | **यदि साक्षर हो भने** |
|---|---|---|---|
| अविवाहित ☐<br>विवाहित ☐<br>विवाहित तर सँगै नबसेको ☐<br>अविवाहित तर सँगै बसेक ☐<br>पारपाचुके गरेको ☐<br>एकल ☐<br>अन्य (खुलाउनुहोस्) .................. | विवाह हुदाँको उमेर<br>................... | निरक्षर ☐<br>साक्षर ☐ | आधारभूत शिक्षा (१-८ कक्षा)<br>माध्यमिक शिक्षा (९-१२ कक्षा)<br>स्नातक<br>स्नाकोत्तर<br>स्नाकोत्तर भन्दा माथि<br>पेशागत शिक्षा(भए खुलाउनुहोस्)<br>......................................... |

| **प्रभावित /पीडितको पेशा** | | **परिवारको प्रमुख आय श्रोत (खुलाउनुहोस्)** | |
|---|---|---|---|
| सरकारी सेवा………………<br>गैरसरकारी सेवा……………………<br>कृषि तथा पशुपालन………………<br>दैनिक ज्यालादारी………… | घरायसी काम……………………<br>व्यापार र व्यवसाय……………<br>विद्यार्थी…………………………<br>रोजगार खोज्दै …………………<br>अन्य……………………………… | सरकारी सेवा………………………<br>गैरसरकारी सेवा…………………<br>कृषि तथा पशुपालन……………<br>दैनिक ज्यालादारी………………………… | घरायसी काम……………………<br>व्यापार र व्यवसाय……………………<br>निवृत्ति भरण ……………………<br>अन्य…………………………………… |

| **घटनाको विवरण** | | |
|---|---|---|
| घटना घटेको मिति : | घटनाको जानकारी दिएको मिति : | समय : |

| **घटनाको किसिम** | | | |
|---|---|---|---|
| **घरेलु हिंसा**<br>शारीरिक हिंसा ☐<br>गालिगलौज ☐<br>चारित्रिक आरोप ☐<br>स्रोत सुविधानबाट बञ्चितिकरण ☐ | **यौनिक हिंसा**<br>बलात्कार ☐<br>सामुहिक बलात्कार ☐<br>बलात्कारको प्रयास ☐<br>यौन दुर्व्यवहार ☐ | मानव बेचबिखन ☐<br>मानव बेचबिखनको प्रयास ☐ | हत्या ☐<br>हत्याको प्रयास ☐ |
| **सामाजिक हिंसा**<br>कुटपीट ☐<br>गालिगलौज ☐<br>चारित्रिक आरोप ☐<br>स्रोत सुविधानबाट बञ्चितिकरण ☐<br>बालविवाह ☐ | आत्महत्या ☐ | अन्य खुलाउनुहोस् ……… | |

| **स्रोत सुविधानबाट बञ्चितिकरण***किसिममा (√) चिन्ह लगाउनुहोस्* | | *हानिकारक परम्परागत अभ्यासको किसिममा (√) चिन्ह लगाउनुहोस्* | |
|---|---|---|---|
| १) भौतिक (गास, वास, कपा ☐ | ६) सहभागिता ☐ | १) दाइजो प्रथा ☐ | ६) महिनावारीको समयमा ☐ अलग्याउनु वा छुट्टै राख्नु |
| २) संवेगात्मक (माया तथा हेरचाह) ☐ | ७) जन्मदर्ता ☐ | २) वालविवाह ☐ | ७) बहुविवाह ☐ |
| ३) शैक्षिक ☐ | ८) विवाह दर्ता ☐ | ३) योनी छेदन ☐ | ८) घुम्टो प्रथा ☐ |
| ४) जन्मदर्ता ☐ | ९) नागरिकता ☐ | ४) वोक्सीको आरोप ☐ | ९) भ्रुण पहिचान गरि गरिने ☐ गर्भपतन |
| ५) स्वास्थ्य सेवा ☐ | १०) अन्य ( खुलाउनुहोस्)....................... | ५) जबरजस्ती विवाह ☐ | १०) अन्य ( खुलाउनुहोस्)........................... |

घटनाका कारणहरु खुलाएर लेख्नुहोस् ..........................................................................................

| **घटना घटेको स्थान** | | |
|---|---|---|
| प्रदेश : | जिल्ला : | गाउँपालिका/नपा |

| **घटनास्थलको किसिम** | |
|---|---|
| १) घर ☐ | ६) जंगल ☐ |
| २) विद्यालय ☐ | ७) खेत ☐ |
| ३) कार्यस्थल ☐ | ८) सार्वजनिक सौचालय ☐ |
| ४) समुदायमा ☐ | ९) शिवीर वा सेल्टरमा ☐ |
| ५) बाटो ☐ | १०) सेवा केन्द्र ☐ |
| | ११) अन्य............................................... |

| आरोपित व्यक्तिको जानकारी | | | |
|---|---|---|---|
| **आरापित व्यक्तिको संख्या** | **प्रभावित /पीडितले आरोपित व्यक्तिलाई चिनेको छ ?** | **प्रभावित /पीडितको आरोपित व्यक्तिसँगको सम्बन्ध** | |
| महिला ☐<br>पुरुष ☐<br>अन्य(खुलाउनुहोस्)<br>................ | १. छ ☐<br>२. छैन ☐<br>३. देखेपछि चिन्ने ☐ | श्रीमान् श्रीमति ☐<br>शारिरीक सम्बन्ध राखिरहेको/ राखिसकेको व्यक्ति ☐<br>छिमेकी ☐<br>मुख्य हेरचाहकर्ता ☐<br>गुरु चेला ☐<br>सेवाप्रदायक ☐<br>साथी<br>नजिकको साथी ☐ | सहायताकर्ता ☐<br>समुदायका सदस्य ☐<br>थाहा नभएको ☐<br>परिवारका सदस्य ☐<br>अन्य (खुलाउनुहोस्)<br>.......................... |

| आरोपित व्यक्तिको विवरण | | | | |
|---|---|---|---|---|
| **नाम :** | **लिङ्ग**<br>महिला ☐<br>पुरुष ☐<br>यौन अल्पसंख्यक<br>............................ | **राष्ट्रियता**<br>नेपाली ☐<br>अन्य भए खुलाउनुहोस्<br>........................................ | | जन्म मिति/ उमेर : |
| **जातीयता** | **ठेगाना** | **शैक्षिक अवस्था** | **यदि साक्षर भए** | |

| | | | |
|---|---|---|---|
| ब्राह्मण/क्षेत्री (तराई) ☐<br>ब्राह्मण/क्षेत्री (पहाडे) ☐<br>जनजाति (हिमाल) ☐<br>जनजाति (तराई) ☐<br>दलित (हिमाल) ☐<br>दलित (तराई) ☐<br>मुस्लिम ☐<br>अन्य (खुलाउनुहोस्) ...................... | प्रदेश :<br><br>जिल्ला :<br><br>गाउँपालिका/नपा : | निरक्षर ☐<br>साक्षर ☐ | आधारभूत शिक्षा (१-८ कक्षा)<br>माध्यमिक शिक्षा (९-१२ कक्षा)<br>स्नातक<br>स्नाकोत्तर<br>स्नाकोत्तर भन्दा माथि<br>पेशागत शिक्षा(भए खुलाउनुहोस्)<br>........................................ |
| **वैवाहिक स्थिति** | **पेशा** | | |
| अविवाहित ☐<br>विवाहित ☐<br>विवाहित तर सँगै नबसेको ☐<br>अविवाहित तर सँगै बसेका ☐<br>पारपाचुके गरेको ☐<br>अविवाहित तर सँगै बसेका ☐<br>एकल ☐<br>अन्य (खुलाउनुहोस्) .................. | सरकारी सेवा..............................<br>गैरसरकारी सेवा.......................<br>कृषि तथा पशुपालन.........................<br>दैनिक ज्यालादारी...................................<br>घरायसी काम.......................... | | व्यापार र व्यवसाय.....................<br>विद्यार्थी....................................<br>रोजगार खोज्दै ............................<br>अन्य............................................ |
| **आरोपितको चरित्र झल्काउने खालको परिचय : (सामाजिक मनोविमर्शकर्ता/मनोविमर्शकर्ता/केश व्यवस्थापकले भर्ने)** | | | |
| | | | |

(आरोपित संख्या एकजनाभन्दा बढी भएमा सादा कागज थप गरी माथिकै अनुसार भर्नुहोला ।)

| **घटनाको कानुनी पक्ष** | |
|---|---|
| **घटनाको बारेमा कसैलाई उजुरी/सूचना गरेको छ ?** | **छ भने कसलाई ?** |

| | | | |
|---|---|---|---|
| छ ☐<br>छैन ☐ | प्रहरी/प्रशासन/अदालत ☐<br>साथी/इष्टमित्र ☐<br>गाँउले/छिमेकी ☐<br>गाउँपालिका/नगरपालिका ☐<br>परिवार ☐ | आफू काम गर्ने स्थान ☐<br>आरोपित को परिवार ☐<br>आरोपित का नातेदार साथी ☐<br>गैरसरकारी संस्था ☐ | महिला मानव अधिकार रक्षकहरु ☐<br>निगरानी समुह ☐<br>अन्य भए (खुलाउनुहोस्)<br>................................ |

| **घटना स्थलको निरीक्षण गरिएको छ कि छैन ?** | **छ भने कसले (खुलाउनुहोस्)?** | **घटनासँग सम्बन्धितहरूको स्वास्थ्य परीक्षण गरेको छ ?** |
|---|---|---|
| छ ☐<br>छैन ☐<br>थहा छैन ☐ | | छ ☐<br>छैन ☐<br>थहा छैन ☐ |
| **घटनासँग सम्बन्धित फोटो खिचेको छ ?** | **पीडितलाई परेको असर** | **पीडितको परिवारलाई परेको असर** |
| छ ☐<br>छैन ☐<br>थहा छैन ☐ | शारीरीक असर......................<br>मानसिक असरं.......................<br>सामाजिक असर .....................<br>आर्थिक असर .......................... | शारीरीक असर......................<br>मानसिक असरं.......................<br>सामाजिक असर .....................<br>आर्थिक असर .......................... |

| **अन्य दसी प्रमाण भए सो को विवरण ( घटना भएको हो भनेर प्रमाणित गर्न सक्ने अन्य के कस्ता प्रमाणहरु छन् खुलाउनुहोस्)** |
|---|
| |
| **घटनाका कारण पीडित तथा पीडितको परिवारलाई परेको असर विस्तृत रुपमा खुलाएर लेख्नुहोस् ।** |
| |

| **प्रभावित /पीडितको लागि तत्कालका आवश्यक सेवाहरु** | | **संस्थाले प्रभावित/पीडितलाई प्रदान गरेको सेवा** | |
|---|---|---|---|
| १) सुरक्षा आवास ☐ | ५) स्वास्थ्य उपचार ☐ | १) सुरक्षा आवास ☐ | ५) स्वास्थ्य उपचार ☐ |
| २) कानुनी परामर्श ☐ | ६) अन्य केही भए उल्लेख गर्नुहोस् | २) कानुनी परामर्श ☐ | ६) जीविकोपार्जनमा सहयोग ☐ |
| ३) कानुनी सहयोग ☐ | | ३) कानुनी सहयोग ☐ | ७) अन्य केही भए उल्लेख गर्नुहोस् |
| ४) मनोपरामर्श ☐ | | ४) मनोपरामर्श ☐ | |

घटना हुँदा पैसा बस्तु लाभको वा सेवाको आदान प्रदान भएको थियो? थियो ☐ थिएन ☐

घटनाको पुर्ण विवरण कृपया सादा पाना थप गरी लेख्नुहोला ।

**ओरेक**

पो.ब.न. १३२३३, काठमाडौं, फोन नं. (९७७)- ०१-५१८६३७४, ०१-५१८६०७३ (केन्द्रिय कार्यालय)

फ्याक्स : (९७७) -०१-५००६२७१,

इमेल : ics@worecnepal.org, database@worecnepal.org, हटलाईन नम्बर : १६६०-०१-७८९१०

**महिला पुनर्स्थापना केन्द्र (ओरेक)**
पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल
फोन: (९७७) ०१ ५१८६३७४, ०१ ५१८६०७३
Email :ics@worecnepal.org
Website :www.worecnepal.org

978-9937-0-9881-6